# वार्षिक प्रतिवेदन

## २०६६-२०६७

**राष्ट्रिय मानवअधिकार आयोग**

हरिहरभवन, ललितपुर, नेपाल

# राष्ट्रिय मानवअधिकार आयोगको
# वार्षिक प्रतिवेदन

(२०६६–२०६७)

राष्ट्रिय मानवअधिकार आयोग
हरिहरभवन, ललितपुर, नेपाल

## आयोगका पदाधिकारीहरू

**अध्यक्ष**

माननीय केदारनाथ उपाध्याय

**सदस्यहरू**

- माननीय रामनगिना सिंह
- माननीय गौरी प्रधान
- माननीय डा. लीला पाठक
- माननीय डा. के. बी. रोकाया

**सचिव**

विशाल खनाल

| | | |
|---|---|---|
| लेखन | : | कैलाशकुमार सिवाकोटी<br>सरिता ज्ञवाली |
| ले-आउट | : | **ज्ञानु महर्जन** |
| प्रकाशक | : | राष्ट्रिय मानवअधिकार आयोग<br>पो.ब.न. ९१८२, काठमाडौँ, नेपाल |
| प्रकाशन मिति | : | मङ्सिर, २०६७ |
| प्रति | : | १००० |
| प्रतिवेदन नं. | : | ७२/१२३/२०६७ (के. का.) |
| मुद्रण | : | **युनाइटेड ग्राफिक प्रिन्टर्स प्रा. लि.** |
| सर्वाधिकार | : | राष्ट्रिय मानवअधिकार आयोग |

आयोगको पूर्व-स्वीकृतिविना यस प्रतिवेदनलाई पुनर्उत्पादन एवम् मुद्रण गर्ने गरी सङ्ग्रह गर्न अथवा कुनै पनि माध्यमबाट प्रयोगमा ल्याउँन पाइने छैन । बौद्धिक तथा शैक्षिक प्रयोजनार्थ स्रोत खुलाई आवश्यक अंशहरू साभार गरी प्रयोगमा ल्याउन सकिने छ ।

# मन्तव्य

मानवअधिकारको परिवेश निकै बिस्तारित छ, जुन हामी सबैलाई थाहा भएकै कुरा हो तर पनि मानिसको बाँच्न पाउँने अधिकार र जीउधनको सुरक्षाको प्रत्याभूति सबैभन्दा महत्वपूर्ण कुरा हुन्छ। तराई र पूर्वी पहाडका केही जिल्लाहरू त्यस दृष्टिकोणले असुरक्षा र हत्या हिंसाबाट निकै प्रभावित भएका छन्। यस्ता गैरकानुनी एवम् मानवअधिकार विपरीतका कार्यहरू कतै सशस्त्र समूहहरू र आपराधिक गिरोहबाट हुने गरेको छ भने केही अवस्थामा सुरक्षाकर्मीद्वारा पनि कानुन र व्यवस्था कायम गर्ने भनी मुठभेडको निहुँमा कब्जामा लिइएका अथवा अपराध गरेको शङ्कामा हिरासतमा लिइएका व्यक्तिहरूको हत्या, भएको भन्ने समाचारहरू प्रकाशमा आएका छन्। भारतीय सीमापारिका इलाकाहरूमा केही समययता सम्बन्धित भारतीय राज्यसरकारबाट सुरक्षा व्यवस्था कडा गरिनुको साथै नेपालसगको सिमानामा भारतीय सुरक्षा दलको शसक्त उपस्थितिले गर्दा भारतीय अपराधीको नेपाली सरहदमा अपराधिक गतिविधि बढ्न गएको छ। खासगरी नेपालमा स्थायी सरकार नरहनु र तराईका सिमाना नजिकका इलाकाहरूमा कानुन र व्यवस्था प्रभावकारी हुन नसक्नुको कारण मानिसको अपहरण गर्ने वा ज्यान मार्ने धम्की दिई फिरौती असुली गर्नेजस्ता अपराधहरू अक्सर हुने गरेका छन्। त्यस्ता अपराधमा स्थानीय व्यक्तिको साथै राजनीतिक दल र सुरक्षाकर्मीको समेत संलग्नता खेदपूर्ण रहेको छ।

एकातिर द्वन्द्वकालका मानवअधिकार हननविरुद्धका उजुरीहरूको अनुसन्धान गरी आयोगद्वारा गरिएका सिफारिसहरूबमोजिम दोषी देखिएका व्यक्तिहरूउपर कारबाही नचलाइएको र द्वन्द्वकालका विस्थापितहरूमध्ये कतिपयलाई बलजफ्ती कब्जा गरिएको सम्पत्ति फिर्ता गरी आफ्नै थातथालोमा फर्किने वातावरण नबनेको स्थिति छँदैछ। अर्कोतिर बेपत्ता नागरिकहरूको सम्बन्धमा छानविन आयोगको व्यवस्था नहुनु, एनेकपा (माओवादी) लडाकुहरूको समायोजन र व्यवस्थापन भइनसक्नु, सत्यनिरुपण तथा मेलमिलाप आयोगको व्यवस्था नहुनु, संविधानसभाबाट थपिएको म्यादभित्र पनि संविधान बन्ने सम्भावना नरहनुजस्ता कुराहरूले शान्तिप्रकृया तार्किक परिणतिमा पुग्ने/नपुग्ने कुरामै आशङ्का उत्पन्न गरेको छ।

मानवअधिकारको अरु पक्षहरूमा पनि खासै प्रगति भएको पाइँदैन। मुलुकमा पहिलो प्रजातन्त्रको आगमनको ६० वर्ष बितिसक्दा पनि र जातीय विभेदको अन्त्य गर्न कानुनको प्रादुर्भाव भएको झन्डै ५० वर्षपछि पनि जातीय विभेद छुवाछुतको स्थिति बितेका समयको अनुपातमा सामाजिक चेतना र व्यबहारमा खासै परिर्वतन आउँन सकेको छैन। परम्परागत सोच र छुवाछुतको स्थितिबाट सिमान्तकृत दलित र महिलाहरू सबैभन्दा पीडित र शोषित रहेका छन्।

बोक्सीको आरोपमा मलमुत्र खुवाउने र हत्या-हिंसा गर्ने, छुवाछुतको कारणले घरबाट निकाली दिने, गैर-दलितसँग विवाह गरेमा गाँउबाट धपाइनेजस्ता सामाजिक कुरीतिहरूबाट उब्जेका अनादर, अपमान र यातनाबाट दलित महिलाहरू पीडित रहेका प्रशस्त उदाहरणहरू अझै पनि छन् । सबैभन्दा हृदयविदारक रुपन्देहीको मर्यादापुर गाँउ निवासी एउटी दलित बालिका मनिषा हरिजनलाई स्थानीय इँट्टाभट्टामा बलि दिइएको भन्ने घटना यसै वर्ष घटेको प्रतीत हुन्छ ।

यस्ता कुसंस्कार र सामाजिक कुरीतिलाई हटाउँन जतिसुकै बलियो र कठोर कानुन र संवैधानिक व्यवस्था बनाए पनि त्यतिले मात्र हुँदो रहेनछ भन्ने कुरा अहिलेसम्म नेपाल सरकार, राजनीतिक दलहरू र मानवअधिकारवादी संस्थाहरूले कतिसम्म बुझेका छन्, त्यो आफ्नै ठाउँमा छँदैछ तर यस्ता कुसंस्कार र सामाजिक कुरीति हटाउँन सरकारले विशेष लगानी र जिम्मेवारी लिनुर्पदछ । राजनितिक दलहरूले पनि आफ्नो भातृसङ्गठनहरूलाई सक्रिय बनाई छुवाछुतविरुद्ध अभियान परिचालन गर्नुपर्दछ । नेपाल सरकारको समन्वयात्मक संयन्त्रअन्तरगत स्थानीय सरकार, मानवअधिकारवादी सस्थाहरू, राजनितिक दलका भातृसङ्गठनहरू सबै एकजुट भई सामाजिक चेतना ल्याउँदै गाउँ-गाउँसम्म चेतनामूलक कार्यकमहरूको बिस्तार गर्नुपर्ने आवश्यक समय आइसकेको छ ।

द्वन्द्वकाल र त्यसपछि पनि मुलुकमा चन्दाको नाउँमा जबरजस्ती रकम असुल गर्ने र पटक-पटक बन्द हडताल आदिले उद्योगव्यवसाय, रोजगारीमा समेत प्रतिकूल असर पर्दै गएको पाइन्छ । सुरक्षाको वातावरणको समेत अभाव रहेकोले रोजगारीको व्यवस्था नहुँदा अन्यत्र मुलुकहरूमा कामको खोजीमा जाने क्रम दिनानुदिन बढ्दै गएको छ । विदेशमा रोजगारका लागि जाने व्यक्तिहरू अधिकांश आफ्नै मुलुकमा र विदेशमा विदेशी कम्पनिहरूद्वारा ठगिने र शोषित हुने गरेको समेत पाइन्छ । खास गरेर केही खाडी मुलुकमा महिला कामदारहरू यौनशोषणको शिकार हुने गरेको समाचार पनि पटक-पटक प्रसारित भइरहेका छन् । नेपाल सरकारद्वारा आफ्नो नागरिकलाई वैदेशिक रोजगारीमा पठाउँने सम्बन्धमा विस्तृत नीतिनिर्माण नहुनु र वैदेशिक रोजगारीमा पठाइने व्यक्तिहरूको र उनीहरूसगै जाने निजका परिवारहरूको स्वास्थ्य, सुरक्षा र रोजगारको सम्बन्धमा सम्बन्धित मुलुकको सरकारसँग सम्झौता र समझदारीको अभावसमेत रहेको देखिन्छ तथापि राष्ट्रिय मानवअधिकार आयोग वैदेशिक रोजगारमा कामदारहरू जाने मुलुकहरूमा समकक्षी संस्था रहेकोमा ती कामदारहरूको मानवअधिकार रक्षाका लागि प्रयत्नशील छ । हालै, कोरियाको मानवअधिकार आयोगसग समझदारी दस्तखत भएको र केही अन्य मुलुकको संस्थासँग पनि छलफल हुँदैछ ।

दैनिक जीवनका लागि अत्यावस्यक खाद्यपदार्थको र स्वास्थ्योपचारजस्ता नेपाली जनताका आधारभुत मानवअधिकार सुनिश्चित गर्ने कुरामा समेत राज्यपक्षबाट विशेष ध्यान दिइएको पाइँदैन । खासगरी पश्चिमी दुर्गम पहाडी क्षेत्रमा अझै पनि थोरै वा बढी सङ्ख्यामा खाद्यान्नको अभाव र झाडापखलाजस्ता मामुली कारणहरूबाट कयौं मानिस प्रतिवर्ष जीवन गुमाइरहेका छन । अनियन्त्रित मुल्यवृद्धिको कारण शहरी र ग्रामीण क्षेत्रमा

बसोबास गर्ने मानिसहरू पनि निरन्तर पीडित हुने गरेका छन । हालका दिनहरूमा राष्ट्रिय मानवअधिकार आयोगबाट उपभोक्ताको हकहितसँग सरोकार राख्ने सस्थाहरू र सम्बद्ध सरकारी निकायसँग मिलेर उपभोग्य वस्तुहरूको अनुगमन सम्बन्धमा निर्देशिका तयारी कार्यको आरम्भ भएको छ ।

अनुशासनहिनता र संविधान र कानुनको आफ्नै मनपर्दो अर्थ र अवधारणा निकाल्ने अराजक प्रवृतिहरू सर्वत्र देखिन थालेकोले आउँदा दिनहरूमा मानवअधिकारको स्थिति अझै बढी गम्भीर र चुनौतीपूर्ण नहोला भन्न सकिन्नँ । राष्ट्रिय मानवअधिकार आयोग स्वयम्‌लाई अन्तरिम व्यवस्थामा संवैधानिक अङ्ग बनाई अरु कानुनी व्यवस्था नगरी दिएको कारण यसको भइराखेका ऐन, नियमहरू एवम् नेपालको अन्तरिम संविधानकै पनि अपव्याख्या भइराखेको छ । कर्मचारी व्यवस्थापनमा आयोगको स्वायत्तता र स्वतन्त्रता समेतमा आशङ्का उठाई आयोगको ऐननियमको बेवास्ता गरी व्याख्या गर्ने काम भएको छ । परोक्षरूपले नेपाल सरकारको आर्थिक, प्रशासन र अन्य व्यवस्थापन रहेको नेपाल सरकारकै अवकाश प्राप्त कर्मचारीहरू पदाधिकारी मुकर्रर भइरहेका अन्य संवैधानिक आयोगका कर्मचारीसरह, नेपाल सरकारको कर्मचारी संयन्त्रभन्दा भिन्न मान्यता दिन नमिल्ने भनिएको छ । यस्तो तर्कवितर्कले आयोग एकातिर प्रशिक्षित एवम् अनुभवी कर्मचारीविहिन हुने स्थितिमा छ भने अर्कोतिर भइराखेको मानवअधिकार ऐन, २०५३ को ठाउँमा नयाँ ऐन पनि पारित नहुनाले अनाहक र फजुल तर्क उठाई "ICC" द्वारा आयोगको कानुनी हैसियत अन्तर्राष्ट्रिय मान्यता पेरिस सिद्वान्तअनुकूल स्वतन्त्र र स्वशासित नभएको भनी "A" श्रेणीवाट "B" श्रेणीमा जानुपर्ने प्रश्न खडा गरिएको छ ।

यसको अतिरिक्त पदपूर्ति सम्वन्धमा उठाइएको विवादकै कारणले हाल आयोगमा ३०९ जना कर्मचारी दरबन्दी रहेकोमा १२९ जनामात्र बहालमा रहेका र तीमध्ये पनि लगभग १२० जना जति करार सेवामा रहेका छन । सर्वोच्च अदालतको फैसलाबाट कर्मचारी व्यवस्थापनमा व्यवहारत: थप अन्यौल पैदा हुन पुगेको अवस्था छ । कर्मचारीहरूको व्यवस्थापन हुन नसक्दा स्वदेशी तथा विदेशी तालिम प्राप्त कर्मचारीहरूले आयोग छोड्ने कम निरन्तर छ । यस्तो अवस्थामा नेपाल सरकारबाट पठाइने कर्मचारी अथवा लोकसेवा आयोगबाट समयमै पूर्ति भए पनि नयाँ कर्मचारीबाट आयोगबाट हुने गरेका प्रविधिक प्रकृतिका अनुगमन, अनुसन्धान र प्रतिवेदन तयार गर्ने कार्य हुन सक्ने सम्भावना देखिँदैन । आउँदो २/३ महिनाभित्रै जुन किसिमका गम्भीर मानवअधिकारका चुनौतीहरू उत्पन्न हुने सम्भावना छ, त्यसलाई ध्यानमा राखी सम्बद्ध निकाय र नेपाल सरकारबाट सकारात्मक पहल अपरिहार्य छ ।

अन्त्यमा, राष्ट्रिय मानवअधिकार आयोगको उद्देश्य र कार्यक्षेत्रअन्तरगत काम गर्दै जादाँ केही कमीकमजोरी भएको छैन भन्न सकिँदैन । गर्नुपर्ने काम राम्ररी गर्न र चुनौतीहरूलाई चिर्न नसकेको दृष्टान्त हुन सक्तछन् तर पनि आयोगबाट अनेकौं महत्वपूर्ण कार्य नभएका होइनन् । वर्तमान आयोग स्थापनापछि प्रत्येक वर्ष ती कार्यहरूको जानकारी जनसमक्ष पटक-पटक प्रतिवेदन र विज्ञप्ति, पत्रकार सम्मेलनमार्फत ल्याउँने गरिएको छ । आयोगको

उद्देश्य र कार्यक्षेत्रअन्तरगत गरिएका ती कार्यहरूमा केकस्ता त्रुटि भए ? के हुनुपर्थ्यो ? त्रुटिको लागि जिम्मेवार को हो ? त्यसको सही मूल्याङ्कन हुनुपर्छ तर त्यसको विपरीत दैनिक खर्च, लेखापरीक्षण, आयोगको खरिद भुक्तानी र प्रशासनजस्ता राष्ट्रका अन्य संयन्त्र वा प्रकृयाबाट स्वत: जाँचबुझ गरी सम्बोधन हुने विषय अथवा झिनामसिना कुरालाई सार्वजनिक चर्चामा ल्याउँने र त्यसलाई अतिरञ्जित विषय बनाई सर्वसाधारण जनसमक्ष प्रस्तुत गर्ने नकरात्मक प्रवृत्तिको शिकार नेपालका कतिपय अन्य सार्वजनिक संस्थासरह यो आयोग पनि हुँदै आएको छ। त्यसकारण, त्यस्ता लेख, रचना अथवा अन्तर्वार्तामा भनिएका वा लेखिएका कुराहरूमा यथार्थता बुझ्न चाहने सबै सतर्क हुनै पर्छ। ती कुराहरूको विश्लेषण गर्दा भनिएका वा लेखिएका हरफहरूको माझबाट अवलोकन गरेरमात्र सही विश्लेषण हुन सक्छ।

अन्त्यमा, यस वार्षिक प्रतिवेदनलाई प्रकाशनको लागि सहयोग गर्नुहुने आयोगका सहकर्मी माननीय सदस्यहरू, सचिव, क्षेत्रीय निर्देशकहरू, उपनिर्देशक, अधिकृतहरू लगायत आयोगका केन्द्रीय, क्षेत्रीय, उपक्षेत्रीय कार्यालयका सम्पूर्ण कर्मचारीहरूलाई धन्यवाद दिन चाहन्छु। प्रतिवेदन लेखनमा संलग्न मानवअधिकार अधिकृतद्वय कैलाशकुमार सिवाकोटी र सरिता ज्ञवाली र सम्पादन कार्यमा संलग्न घनेन्द्र ओझा पनि धन्यवादका पात्र हुनुहुन्छ। आयोगलाई निरन्तर रूपमा सहयोग गर्नुहुने व्यवस्थापिका/संसद्, नेपाल सरकार, दातृसंस्थाहरू, मानवअधिकारको क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तराष्ट्रिय सङ्घसंस्थाहरू, नागरिक समाज, पेशाव्यवसायी सबैप्रति हार्दिक आभार व्यक्त गर्दछु।

अस्तु !

मिति: २०६७/९/२६

**केदारनाथ उपाध्याय**
अध्यक्ष
राष्ट्रिय मानवअधिकार आयोग

| विषय | पृष्ठ |
|---|---|
| **आयोगको वार्षिक कार्यविवरण : एक झलक** | १ |
| **प्रतिवेदन सारांश** | ३ |
| **परिच्छेद - १** | |
| **सङ्गठन** | ११ |
| १.१ पृष्ठभूमि | ११ |
| १.२ साङ्गठनिक संरचना | ११ |
| १.३ आयोगका काम र अधिकार | ११ |
| **परिच्छेद - २** | |
| **मानवअधिकारको अवस्था** | १३ |
| २.१ बाँच्न पाउँने अधिकार | १३ |
| २.२ बलपूर्वक बेपत्ता | १४ |
| २.३ अपहरण/कब्जा र स्थिति अज्ञात | १५ |
| २.४ यातना तथा दुरव्यवहार | १६ |
| २.५ शान्तिसुरक्षा | १६ |
| २.६ बालअधिकार | १६ |
| २.७ खाद्य अधिकार | १७ |
| २.८ आन्तरिक विस्थापन | १८ |
| २.९ धम्की | १९ |
| २.१० महिलाअधिकार | २० |
| २.११ आदिवासी, जनजाति तथा अल्पसङ्ख्यकको अधिकार | २० |
| २.१२ ज्येष्ठ नागरिकहरूको अधिकार | २१ |
| २.१३ सङ्क्रमणकालीन न्याय | २१ |
| २.१४ दण्डहीनता | २२ |
| **परिच्छेद - ३** | |
| **आयोगद्वारा सम्पादित प्रमुख कार्य र उपलब्धिहरू** | २४ |
| ३.१ मानवअधिकार संरक्षणसम्बन्धी गतिविधिहरू | २४ |
| ३.१.१ उजुरी दर्ता | २४ |

३.१.२ विषयगत आधारमा उजुरी २५
३.१.३ क्षेत्रगत आधारमा उजुरी २५
३.२ मानवअधिकार अनुगमन र अनुसन्धान २५
३.२.१. अनुगमन २६
३.२.२ अनुसन्धान २८
३.२.३. उजुरीउपर गरिएको निर्णय २९
३.३.३. दर्ता भएका जम्मा उजुरीहरूको स्थिति ३१

**परिच्छेद – ४**

**आयोगका सिफारिसहरूको कार्यान्वयनको अवस्था** ३२
४.१ उपचारको लागि सिफारिस ३२
४.२ आयोगले गरेको निर्णय/सिफारिसहरूको कार्यान्वयनको अवस्था ३२

**परिच्छेद – ५**

**प्रवर्द्धनात्मक गतिविधिहरू** ३३
५.१. गोष्ठी तथा तालिम ३३
५.२. मानवअधिकार सम्वर्द्धनमा भएका प्रयासहरू ३३

**परिच्छेद–६**

**आन्तरिक क्षमता अभिवृद्धि** ३५
६.१. अन्तर्राष्ट्रिय संस्थाहरूको सहयोगमा सञ्चालित क्षमता अभिवृद्धि कार्यक्रम ३५

**परिच्छेद – ७**

**सूचना तथा सञ्चार** ३७
७.१ प्रेस-विज्ञप्ति ३७
७.२ पत्रकार सम्मेलन ३७

**परिच्छेद – ८**

**अनुसन्धान र विकास** ३९
८.१ स्रोत केन्द्र ४०
८.२ प्रकाशन र वितरण ४०

**परिच्छेद–९**

**आयोग र अन्य निकायबीच सहकार्य** ४१
९.१. आयोग र व्यवस्थापिका/संसद् ४१
९.२. आयोग र नेपाल सरकार ४१

९.३. अन्य आयोगहरूसँगको सम्बन्ध ४२
९.४. आयोग र नागरिक समाज/गैरसरकारी संस्था/पेशागत सङ्घसङ्गठनहरू ४२
९.५. अन्तर्राष्ट्रिय सङ्गठनहरू ४२

## परिच्छेद-१०

**विभिन्न महाशाखामार्फत सम्पादित कामको विवरण** ४३
१०.१ कानुन महाशाखा ४३
१०.२ नीति तथा योजना महाशाखा ४४
१०.३ अन्तर्राष्ट्रिय सम्बन्ध ४५
१०.४ व्यवस्थापन ४५

## परिच्छेद - ११

**आर्थिक व्यवस्थापन** ४६

## परिच्छेद - १२

**प्रमुख समस्या तथा सुझावहरू** ४७
**प्रमुख समस्याहरू** ४७
१२.१ सङ्क्रमणकालीन अवस्था ४७
१२.२ दण्डहीनता ४७
१२.३ सिफारिस न्यून कार्यान्वयन ४८
१२.४ आयोगको कर्मचारी व्यवस्थपनमा समस्या ४८
१२.५ आन्तरिक समस्या ५०
१२.६ भौतिक संरचना एवम् पूर्वाधारको कमी ५०
**अनुसूची – १ (क): आयोग पदाधिकारी तथा कर्मचारीहरूको विवरण** ५२
**(ख): साङ्गठनिक संरचना**
**अनुसूची – २ (क): क्षेत्रगत आधारमा आयोगमा परेका उजुरीहरूको विवरण** ५७
**अनुसूची – २ (ख): विषयगत आधारमा आयोगमा परेका उजुरीहरूको विवरण** ५८
**अनुसूची – ३: मानवअधिकार अवस्थाको अनुगमन विवरण** ६०
**अनुसूची – ४: मानवअधिकार अनुसन्धानको विवरण** ८७
**अनुसूची – ५: छलफल/गोष्ठी/तालिम/अन्तर्क्रिया** १०१
**अनुसूची – ६: राष्ट्रिय मानवअधिकार आयोग, केन्द्रीय कार्यालयबाट जारी गरिएका प्रेस विज्ञप्तिहरूको विवरण** १३४
**अनुसूची – ७: अन्तर्राष्ट्रिय भ्रमणसम्बन्धी विवरण** १३८
**अनुसूची – ८: आर्थिक विवरण** १४०

# सङ्क्षिप्त रूप

| | | |
|---|---|---|
| एनेकपा (माओवादी) | = | एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) |
| नेका | = | नेपाली काङ्ग्रेस |
| एमाले | = | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) |
| राप्रपा | = | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| अनेरास्ववियु | = | अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन |
| नेविसङ्घ | = | नेपाल विद्यार्थी सङ्घ |
| वाईसीएल | = | योङ कम्युनिष्ट लिग |
| जिप्रका | = | जिल्ला प्रहरी कार्यालय |
| इप्रका | = | इलाका प्रहरी कार्यालय |
| प्रजिअ | = | प्रमुख जिल्ला अधिकारी |
| गोइत समूह | = | अखिल तराई मुक्ति मोर्चा (गोइत समूह) |
| ज्वालासिंह | = | जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) |
| किवजपा | = | किराँत वर्कर्स जनवादी पार्टी |
| आयोग | = | राष्ट्रिय मानवअधिकार आयोग |
| केका | = | केन्द्रीय कार्यालय |
| क्षेका | = | क्षेत्रीय कार्यालय |
| क्षेनि | = | क्षेत्रीय निर्देशक |
| ओएचसीएचआर | = | संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चआयुक्तको कार्यालय |
| एपीएफ | = | एसिया प्यासिफिक फोरम |
| आईसीआरसी | = | रेडक्रसको अन्तर्राष्ट्रिय समिति |
| आईसीजे | = | इन्टरनेश्नल कोर्ट अफ जुरिस्ट |
| गैसस | = | गैरसरकारी संस्था |
| जिविस | = | जिल्ला विकास समिति |
| नपा | = | नगरपालिका |
| गाविस | = | गाउँ विकास समिति |
| त्रिवि | = | त्रिभुवन विश्वविद्यालय |
| मावि | = | माध्यमिक विद्यालय |
| निमावि | = | निम्नमाध्यामिक विद्यालय |
| प्रावि | = | प्राथमिक विद्यालय |
| वि. सं. | = | विक्रम संवत |

# आयोगको वार्षिक कार्यविवरण : एक झलक

| क्र.स. | कामको प्रकृति | सङ्ख्या | विषय |
|---|---|---|---|
| १ | **मानवअधिकार संरक्षण** | | |
| १.१ | प्राप्त उजुरी | ४०३ | हत्या, बेपत्ता, अपहरण, धम्की, यातना, कुटपिट, विस्थापन, आर्थिक-सामाजिक अधिकार, बेवारिसे बम-विष्फोटनमा मृत्यु, सम्पत्ति कब्जा, कानुनी उपचार आदि |
| १.२ | अनुगमन | २२९ | समग्र मानवअधिकार अवस्था, संविधानसभा निर्वाचन अनुगमन, बालअधिकार, महिलाअधिकार, विस्थापन, बन्दीहरूको अधिकार, विभिन्न समूहले गरेको बन्द प्रदर्शनमा मानवअधिकार अवस्था, मुक्त कमैयाहरूको अधिकार आदि |
| १.३ | अनुसन्धान | २१७ | हत्या, बेवारिसे बम-विष्फोटनमा परी मृत्यु, बेपत्ता, अपहरण, विस्थापन, यातना कुटपिट धम्की, सम्पत्ति कब्जा, बन्दीका अधिकार आदि |
| १.४ | निर्णय (खारेजी/ टुङ्ग्याइएका/तामेली) | ७८० | यातना, विस्थापन, हत्या, बेवारिसे बम-विष्फोटनमा परी मृत्यु, बेपत्ता, अपहरण, विस्थापन, यातना कुटपिट, सम्पत्ति कब्जा, बन्दीका अधिकार, धम्की, आर्थिक-सामाजिक अधिकार आदि |
| १.५ | सिफारिस | १७२ | क्षतिपूर्ति/अन्तरिम राहत/दोषीमाथि कारबाही |
| १.६ | नीतिगत निर्णयहरू | ८२ | आन्तरिक प्रशासनिक तथा व्यवस्थापकीय नीति निर्णय |
| १.७ | मानवअधिकार सम्बर्द्धनका लागि सहकार्य | २२० | तालिम, सामाजिक समावेशी करण, लैङ्गिक समानता, बालअधिकार, बेपत्तासम्बन्धी कानुन, विद्यार्थीलाई दिइने शारीरिक यातना, विपन्न वर्गको सशक्तिकरण, दण्डहीनता र मानवअधिकार, LGBTI का अधिकार, नागरिक तथा राजनैतिक अधिकार। |
| २ | **मानवअधिकार सम्वर्द्धन** | | |
| २.१ | तालीम/गोष्ठी/पत्रकार सम्मेलन आदि | ४४ | बालअधिकार, आधारभूत मानवअधिकार, विस्थापित, बेपत्तासम्बन्धी, दलितका अधिकार, महिलाका अधिकार आदि |

| क्र.सं. | कामको प्रकृति | सङ्ख्या | विषय |
|---|---|---|---|
| २.२ | बैठक/अन्तर्क्रिया/छलफल | ९० | मानवअधिकार अवस्था, शान्तिसुरक्षा, बन्द, हडताल, खाद्यान्न आपूर्ति आदि |
| ३ | **प्रकाशन** | | |
| ३.१ | नियमित प्रकाशन | १/१२ | वार्षिक प्रतिवेदन र मानवअधिकारपत्र (मासिक) |
| ३.२ | प्रतिवेदन/पुस्तिकाहरू | १९ | एक दशकमा जारी भएका प्रेस-विज्ञप्तिको सँगालो, बेपत्तासम्बन्धी, बालअधिकारसम्बन्धी, यातनासम्बन्धी र झाडापखालासम्बन्धी अनुगमन प्रतिवेदनहरू, आयोगको सिफारिस र कार्यान्वयनको अवस्था, चित्रात्मक पुस्तक आदि |
| ३.३. | क्षेत्रीय कार्यालयको प्रकाशन | २ | वार्षिक प्रतिवेदन |
| ३.४ | प्रेस-विज्ञप्ति | ५६ | |
| ४ | **कार्यरत जनशक्ति** | | |
| ४.१ | अध्यक्ष | १ | |
| ४.२ | सदस्यहरू | ४ | |
| ४.३ | कर्मचारीहरू | १२३ | |

# प्रतिवेदन सारांश

मानवअधिकारको सम्मान, संरक्षण, सम्वर्द्धन एवम् पालनाको लागि आयोगले स्थापनाकालदेखि नै आफ्नो भूमिका निर्वाह गर्दै आएको छ। संविधानत: आयोगले आफूले गरेको कामको वार्षिक प्रतिवेदन नेपालका राष्ट्रपतिसमक्ष प्रस्तुत गर्नुपर्दछ। यसरी प्रस्तुत प्रतिवेदनभित्र अन्य कुराहरूको अतिरिक्त वार्षिक रूपमा परेका उजुरी, ती उजुरीउपर गरिएको छानविन, अनुसन्धान विवरण, सरकारलाई गरेका सिफारिस विवरण, मानवअधिकार उल्लङ्घन गर्ने व्यक्तिविरुद्ध मुद्दा दायर गरेको भए सो सङ्ख्या उल्लेख गर्नुपर्दछ। त्यसै गरी मानवअधिकारको संरक्षण र प्रवर्द्धनसम्वन्धमा सम्पन्न कामकारवाहीहरू र भविष्यमा गर्नुपर्ने सुधारसमेतलाई समावेश गर्नुपर्दछ। आयोगको यो वार्षिक प्रतिवेदन (२०६६–२०६७) यसैको सीमाभित्र बाँधिएको छ। संवैधानिक अङ्गको हैसियतमा यो आयोगको तेस्रो वार्षिक प्रतिवेदन हो।

मुलत: यस प्रतिवेदनमा आयोगमा परेका एवम् स्वविवेकमा लिइएका उजुरी, उजुरीमाथि अनुगमन, अनुसन्धान उजुरीमाथि सम्पादित गरिएका प्रतिवेदनले समग्र मानवअधिकार स्थिति र उल्लङ्घनका प्रमुख घटनाहरूबाहेक समग्र घटनाहरूलाई चाहेर पनि समेट्न नसकेको स्थिति छ तर पनि यसले मूलत: आयोगले गरेका काम र घटनाका प्रवृत्ति एवम् निर्णय र कार्यान्वयन परिपाटीको चित्रण गर्दछ। प्रस्तुत प्रतिवेदन १२ परिच्छेद र ८ अनुसूचीमा विभक्त छ।

मानवअधिकारको सम्मान, संरक्षण र पालनाको दृष्टिकोणबाट यस वर्षलाई मूल्याङ्कन गर्दा अपेक्षाकृत सन्तोषजनक देखिँदैन। आयोगमा प्राप्त उजुरी, उजुरीमाथि अनुगमन, अनुसन्धान, प्राप्य तथ्यको आधारमा गरिएका सिफारिस, सम्वर्द्धनमूलक कार्यक्रम आदिबाट प्राप्त निष्कर्षले पनि यस तथ्यलाई पुष्टि गर्दछ। सिद्धान्तत: सरोकारवालाहरूबाट प्रतिबद्धता जाहेर भए पनि व्यवहारमा खरो रूपमा उत्रन नसकेको अवस्था छ। शान्तिप्रक्रियालाई तार्किक निष्कर्षमा पुर्‍याउँनको लागि बहस, छलफल, संवाद निरन्तर रहे पनि परिणाममूलक वन्न नसकेको अवस्था छ। वि. स.२०६६ जेठ १४ गते निर्माण भइसक्नुपर्ने संविधान निर्माण हुन सकेन। थपिएको एक वर्षे अवधिमा पनि संविधान बन्छ भन्ने कुरामा निश्चिन्त हुने भरपर्दा आधारहरू देखिन सकेका छैनन्।

मानिसले बाँच्न पाउनु उसको नैसर्गिक अधिकार हो। समग्रमा गत वर्षझैं यस वर्ष पनि व्यक्तिको बाँच्न पाउने अधिकार प्रभावित बन्न पुग्यो। जीवनको अधिकारलाई प्रभावित पार्नेहरूमा सुरक्षाकर्मीहरू, राजनीतिक दलसँग आवद्ध भ्रातसङ्गठनका कार्यकर्ताहरू

एवम् सशस्त्र समूहहरूको संलग्नता देखिन्छ । विशेषत: तराई तथा पूर्वी पहाडका केही जिल्लाहरूमा देखापरेको हिंसा र हत्याका कारण यो अधिकार बढी प्रभावित भएको पाइएको छ । यस साल जीवनको अधिकारसँग सम्बन्धित हत्यासम्बन्धी ४० ओटा उजुरीहरू आयोगमा भएका थिए, जसमध्ये राज्य पक्षद्वारा मारिएको भनी २९ ओटा, एनेकपा (माओवादी) सम्वद्ध व्यक्तिहरूद्वारा मारिएको भनी ६ ओटा र अन्य पक्षद्वारा मारिएको भनी ५ उजुरी परेका थिए । । यस साल आयोगले यस अधिकारसँग सम्बन्धित २५ घटनाहरूको अनुगमन गरेको थियो । पुराना र नयाँ उजुरीहरूको आधारमा आयोगले यस साल ५४ ओटा हत्यासम्बन्धी घटनामा अनुसन्धान गऱ्यो । आयोगले यस अवधिमा ४८ ओटा उजुरीको सम्बन्धमा घटनाको अनुसन्धान गरी मानवअधिकार उल्लङ्घनकर्तालाई कानुनबमोजिम कारबाही गर्न र पीडितलाई क्षतिपूर्तिको उपलब्ध गराउन सरकारलाई सिफारिस गरेको थियो । यस्तै ६ ओटा उजुरीमा प्रक्रिया पूरा नभएको वा अङ्ग नपुगेको हुँदा प्रक्रिया पूरा गरी पुन: पेश गर्न आयोगको सम्बन्धित कार्यालय/विभागलाई निर्देशन दिएको थियो । यसै गरी २ ओटा उजुरीलाई तामेलीमा राखियो भने ९ ओटा उजुरीउपर निर्णय गरी टुङ्ग्याउने निर्णय गरिएको थियो ।

यस वर्ष पनि सशस्त्र द्वन्द्वको क्रममा बलपूर्वक बेपत्ता पारिएका तथा मारिएका व्यक्तिहरूको वास्तविक नाम, थर र घरको ठेगाना सम्झौता भएको मितिले ६० दिनभित्र सूचनाहरू सार्वजनिक गरी परिवारलाई समेत जानकारी गराउने प्रतिबद्धता व्यवहारमा उत्रन सकेन । आफ्नो कब्जामा रहेका मानिसहरूको बारेमा जानकारी सार्वजनिक गरी १५ दिनभित्र सबैलाई मुक्त गर्ने प्रतिबद्धता पनि कागजमै सीमित रहन पुग्यो । बेपत्तासम्बन्धी आयोग अहिलेसम्म पनि गठन हुन नसकेको स्थिति छ । यस अवधिमा दुवै पक्षबाट व्यक्तिहरूलाई कब्जामा लिई बलपूर्वक बेपत्ता पार्ने घटनाहरूमा कमी भने आएको छ । आयोगको तथ्याङ्कअनुसार अझै पनि सरकार पक्षबाट बलपूर्वक बेपत्ता पारिएका ६२५ जनाको अवस्था अज्ञात रहेको छ । विगत सशस्त्र द्वन्द्वको समयमा सुरक्षाकर्मीद्वारा बेपत्ता बनाइएका भनी यस साल २४ ओटा उजुरीहरू आयोगमा परेका छन् । यद्यपि यस वर्षको अवधिभित्र बलपूर्वक बेपत्ता बनाइएको भनी आयोगमा उजुरीहरू परेनन् । आयोगले यस अवधिमा १५ ओटा उजुरीउपर अनुसन्धान गरेको छ । यसै गरी २२ उजुरीहरूमा आयोगले निर्णय गरी अन्तरिम राहतको लागि नेपाल सरकारलाई सिफारिस गरेको छ । यस्तै बेपत्तासम्बन्धी अन्य ३६ ओटा उजुरीहरू टुङ्ग्याइएको स्थिति छ ।

यसै गरी ए.ने.पा माओवादीद्वारा बलपूर्वक कब्जामा लिई अवस्था अज्ञात पारिएको भनी आयोगमा उजुरी परेकोमा १६९ जनाको अवस्था अझै अज्ञात छ । राजनीतिक दल वा भ्रातृसङ्गठनद्वारा अपहरण गरिएको भनी यस वर्ष आयोगमा उजुरी दर्ता भएन । आयोगमा यस वर्ष विगतको सशस्त्र द्वन्द्वका क्रममा तत्कालीन नेकपा (माओवादी)ले अपहरण गरी अवस्था अज्ञात रहेको भनी १२ र विभिन्न अज्ञात समूहरूबाट अपहरण गरिएको १३ गरी जम्मा २५ उजुरीहरू परेका छन् । आयोगले कब्जा/अपहरण एवम् अवस्था अज्ञातसम्बन्धी ४ घटनामा अनुगमन र ७ उजुरीहरूमा अनुसन्धान सम्पन्न गऱ्यो । आयोगले यस वर्ष नेकपा (माओवादी) द्वारा कब्जा तथा अपहरण गरेको भनी परेका ३ उजुरीउपर निर्णय

गरी सरकारलाई अन्तरिम राहतका लागि सिफारिस गरेको छ । यसै गरी माओवादी तथा अन्य अज्ञात समूहबाट अपहरण गरिएका भनिएका स्थिति सार्वजनिक भएका १६२ उजुरीहरू टुङ्ग्याइएको छ ।

यस वर्ष यातना, कुटपिट तथा दुरव्यवहारबाट पीडित भएको भनी आयोगमा ८६ ओटा उजुरीहरू परेका छन् । ती उजुरीमा सुरक्षाकर्मीले यातना दिएको भनी ४९ ओटा, सुरक्षाकर्मीबाट कुटपिट ८ ओटा, नेकपा (माओवादी) तथा अन्यबाट यातना १२ तथा नेकपा माओवादी तथा अन्यबाट कुटपिट तथा दुर्व्यवहार गरिएको भनी क्रमशः ११ ओटा र ६ ओटा छन् ।

यस अवधिमा आयोगले यातना, कुटपिट तथा दुर्व्यवहारका सम्बन्धमा २३ पटक अनुगमन गरेको थियो । विगतमा परेका २५ उजुरीहरूमा अनुसन्धान गरेको छ । आयोगमा परेका जम्मा उजुरीहरूमध्ये यातनासम्बन्धी १०, घाइते, कुटपिट, दुर्व्यवहार गरी जम्मा १७ ओटा उजुरीउपर निर्णय गरी क्षतिपूर्तिको लागि सिफारिस गऱ्यो । यसै गरी ३६ ओटा उजुरीहरू अन्तिमरूप दिई टुङ्ग्याइएको छ ।

विभिन्न समूहहरूबाट आव्हान भएका आन्दोलन, बन्द, विरोध प्रदर्शन, आमहड्तालजस्ता कार्यक्रमबाट बालबालिकाको जीवन, सुरक्षा, विकास, शिक्षा, स्वास्थ्य, आवासलगायतका अधिकारको प्रचलनमा गम्भीर असर परेको छ । विभिन्न राजनीतिक कार्यक्रममा तथा जुलुस प्रदर्शनमा बालबालिकाको प्रयोग भएको पाइयो । बन्द हड्तालको निशाना विद्यालय हुनाले विद्यालय शान्तिक्षेत्र हुन् भन्ने मान्यताको सम्मान हुन सकेको पाइएन । आपराधिक समूहबाट आफ्नो स्वार्थ एवम् लाभको लागि बालबालिकाको अपहरण गर्ने, फिरौती माग गर्ने र नदिए हत्यासम्मका घृणित कार्यहरूसमेत गरिए । बालविबाह, बालश्रमिक, घरेलु कामदारको रूपमा र सर्कसमा बालबालिकाको प्रयोग र शिक्षा तथा स्वास्थ्य, मानवीय सहयोगमा अस्वीकार, दुर्व्यवहारलगायतबाट बालबालिका पीडित हुने क्रमले निरन्तरता पायो ।

यस अवधिमा आयोगमा बालअधिकारसँग सम्बन्धित १५ ओटा उजुरीहरू दर्ता भए । आयोगले बालअधिकारसम्बन्धमा १४ पटक अनुगमन गऱ्यो । अनुगमनका विषयमा बालबालिकाको अपहरण, हत्या, बालश्रम शोषण, बालयौनहिंसा (करणी), एचआईभी/एड्स सङ्क्रमित बालबालिकाहरूको स्थिति तथा जनमुक्ति सेनाको शिविरहरूमा रहेका बालबालिकाहरूका अधिकार सम्मिलित हुन्छन् । यस वर्ष आयोगले भोजपुर, दाङ, बारा, पर्सा, रौतहट, जुम्ला, कपिलवस्तु, कञ्चनपुर, खोटाङ, इलाम, सप्तरी, स्याङ्जा, लमजुङ, मनाङलगायतका जिल्लाहरूमा बालअधिकारको स्थिति सम्बन्धी अनुगमन गरेको थियो । बालअधिकारसम्बन्धी ५ ओटा उजुरीउपर अनुसन्धान गरियो । यस अवधिमा आयोगले बालअधिकारसँग सम्बन्धित ९ ओटा उजुरीउपर निर्णय गरी क्षतिपूर्ति र कारबाहीका लागि सरकारलाई सिफारिस गरेको थियो । यसका अतिरिक्त पुराना उजुरीहरूको सन्दर्भमा बालअधिकारसम्बन्धमा परेका ४१ ओटा उजुरीहरू टुङ्ग्याइएको छ ।

दुर्गम क्षेत्रमा खाद्यान्नको आपूर्तिमा रहेको समस्या सँगसँगै त्यस क्षेत्रका बासिन्दाको खाद्य

सुरक्षासम्बन्धी अधिकार प्रभावित हुन पुगेको पाइन्छ। खाद्य अभाव रहेका कतिपय स्थानमा आपूर्ति गरिने खाद्यपदार्थ गुणस्तरहीन तथा अखाद्य वस्तुमा परिणत भइसकेको अवस्थामा पनि आपूर्ति गरिएको देखियो। सडेगलेको खाद्यान्न खाएको कारणसमेतबाट गत साल मध्य तथा सुदूरपश्चिम क्षेत्रका करिब ४०० व्यक्तिले ज्यान गुमाउनुपरेको घटनासम्बन्धमा गरेको अध्ययन प्रतिवेदनको आधारमा स्वस्थकर खाद्यपदार्थ आपूर्ति गर्नुपर्ने जिम्मेवारी पूरा नगर्ने निकाय तथा व्यक्तिहरूलाई आवश्यक कारबाही चलाउन अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई सिफारिस गरेको थियो। यसै सम्बन्धमा सो खाद्यपदार्थ आपूर्ति गर्नेमध्येको एक विश्व खाद्य कार्यक्रम (World Food Program) नेपाललाई समेत आयोगले सचेत गराएको थियो।

द्वन्द्व तथा प्राकृतिक विपत्तिका कारण आ-आफ्नो थात-बास गुमाई वा छोडी अन्यत्र बस्न बाध्य भएका व्यक्तिहरूको आवासलगायतका हक अधिकारहरू यस अवधिमा पनि प्रभावित भए। विस्थापितहरूको सम्बन्धमा केही सुधारात्मक सङ्केतहरू देखिए पनि व्यवहारमा लागू हुन सकेन। तात्कालीन नेकपा (माओवादी) र सरकारबीचको सशस्त्र द्वन्द्वका कारण विस्थापित हुन पुगेका कतिपय व्यक्तिहरू हालसम्म पनि स्थापित हुन सकेका छैनन्। यस अवधिमा विस्थापितका हक अधिकारका सम्बन्धमा आयोगमा १९ ओटा उजुरीहरू दर्ता भए, जसमा तात्कालीन नेकपा (माओवादी) विरुद्ध १६ र सुरक्षाकर्मी विरुद्ध १ र अन्यबाट २ रहेका छन्। माओवादी विरुद्ध परेका अधिकांश उजुरी द्वन्द्वकालसँग सम्बन्धित छन्। यस अवधिमा विस्थापितका हक अधिकारका सम्बन्धमा पटक-पटक अनुगमन सम्पन्न भएको छ, जसमा एनेकपा (माओवादी), तराईका सशस्त्र समूह र पूर्वी नेपालका सशस्त्र समूहहरूद्वारा गरिएका आन्दोलनबाट सिर्जित विस्थापित समस्या पर्दछन्। आयोगले विस्थापितका हक अधिकारका सम्बन्धमा २ ओटा उजुरीमा अनुसन्धान गरेको छ। यसै गरी १० ओटा उजुरीहरूमा निर्णय गरी क्षतिपूर्तिका लागि सरकारसमक्ष सिफारिस गरेको छ। यसका अतिरिक्त आन्तरिक विस्थापनको अधिकारसँग सम्बन्धित ४५ ओटा उजुरीहरू टुङ्ग्याइएको छ।

धम्कीका घटनाहरू यस वर्ष पनि व्यापक रूपमा देखा परे। खासगरी तराईबासीहरू यस समस्याबाट बढी पीडित भएको देखिन्छ। सशस्त्र समूहद्वारा चन्दा माग्ने, चन्दा नदिएमा ज्यान मार्ने, परिवारका सदस्यको अपहरण एवम् हत्या गर्नेसम्मको धम्की दिने प्रवृत्ति बढेको पाइन्छ। तराई तथा पूर्वी पहाडी क्षेत्रमा सशस्त्र गतिविधिहरूमा संलग्न कतिपय समूहहरू र सरकारबीच विभिन्न चरणमा वार्ता भए पनि धम्की दिने कार्य बन्द भएको छैन। यस अवधिमा आयोगमा धम्कीसम्बन्धी २५ ओटा उजुरीहरू दर्ता भएका छन्। प्राप्त उजुरीहरूमध्ये सुरक्षाकर्मीबाट धम्की दिएको भनी १२ ओटा, एनेकपा (माओवादी) बाट धम्की दिएको भनी ४ ओटा र अन्य पक्षबाट धम्की दिएको भनी ९ ओटा रहेका छन्। धम्कीसम्बन्धी विभिन्न उजुरीउपर अनुगमन र अनुसन्धान गरिएको छ। यस वर्ष दर्ता भएका र पुराना गरी १३३ ओटा उजुरी टुङ्ग्याइएको छ।

महिलाअधिकारका सम्बन्धमा विगतको स्थितिमा यस वर्ष पनि खासै सुधार हुन सकेन।

मध्यपश्चिम तथा सुदूरपश्चिमका जिल्लाहरूमा प्रचलनमा रहेका छाउपडी प्रथा, मुलुकका विभिन्न भागमा हुने गरेका घरेलु हिंसा, बोक्सी, दाइजो, भेदभावजस्ता कारण महिलाहरू पीडित हुन पुगेका छन् । गाउँ-गाउँमा प्रजनन् स्वास्थ्यको उचित व्यवस्था तथा जनचेतना र स्वास्थ्यकर्मी तथा औषधिसमेतको अभावमा गर्भवती महिला तथा शिशुको ज्यान जाने, पाठेघरसम्बन्धी रोगहरू लाग्नेजस्ता समस्याबाट महिलाहरूले पीडित हुनुपरेको छ । यस अवधिमा आयोगमा महिलाअधिकारसम्बन्धी २८ ओटा उजुरीहरू दर्ता भए । आयोगले महिलाअधिकारलाई केन्द्रमा राखी ६ पटक अनुगमन गरेको छ भने समग्र मानवअधिकार अवस्थाको अनुगमन गर्दा महिलाअधिकारलाई प्राथमिकताका आधारमा अनुगमन गरेको छ । यस अवधिमा आयोगले महिलाअधिकारसम्बन्धी २५ ओटा उजुरीको कारवाहीप्रक्रिया टुङ्ग्याएको छ ।

नेपाल सरकार शान्ति तथा पुनःनिर्माण मन्त्रालयले सङ्क्रमणकालीन न्यायको प्रमुख मापदण्डको रूपमा रहेको सत्यनिरूपण तथा मेलमिलाप आयोग विधेयक पेश गरेको भए पनि त्यसले अझै कानुनी रूप प्राप्त गर्न सकेको छैन । सोही अवस्था बेपत्तासम्बन्धी छानबिन आयोगको पनि रहेको छ । सङ्क्रमणकालीन अवधिका प्रमुख संयन्त्रहरूको निर्माण नहुनुले पीडितहरूले न्याय पाउने कुरा टाढाको विषय बन्दै गएको छ । प्रमुख राजनीतिक दलहरूको बढ्दो अविश्वास र असमझदारीले पनि शान्तिसम्झौताको कार्यान्वयन थप चुनौतिपूर्ण बन्दै गएको छ । यसबाट पीडितले न्याय पाउने कार्य क्रमशः टाढा हुँदै गएको आभास हुन थालेको छ । पहिलो चरणमा सरकारबाट आयोगका सिफारिस कार्यान्वयन गर्ने सन्दर्भमा द्वन्द्वपीडितहरूलाई राहत र क्षतिपूर्ति वितरण गर्न थालेको समाचार प्राप्त भएको छ ।

सम्झौतारत पक्षले सशस्त्र द्वन्द्वबाट पीडित व्यक्तिहरूलाई न्याय दिलाउने सन्दर्भमा दण्डहीनतालाई प्रश्रय नदिने सुनिश्चित गर्ने कुराको प्रतिवद्धता व्यक्त गरे पनि मानवअधिकार उल्लङ्घन गर्ने वा मानवताविरुद्धको अपराधमा संलग्न व्यक्तिलाई कारबाही हुन सकेको छैन । यसै अवधिमा मानवअधिकार उल्लङ्घन/ज्यादतीका घटनाका दोषीहरूलाई कारबाही अगाडि बढाउनुपर्नेमा सरकारबाट गम्भीर प्रकृतिका फौजदारी अपराधका मुद्दासमेत फिर्ता लिने कार्य पटकपटक भयो । दण्डहीनताले प्रश्रय पाइरहनु मानवअधिकार र कानुनी शासनको दृष्टिबाट दुःखद पक्ष हो । अपराधलाई राजनीतीकरण गर्ने र अनावश्यक राजनीतिक दवाब दिने राजनीतिक दलहरूको कार्य चौथो वर्षमा पनि अन्त्य हुन सकेन । सशस्त्र द्वन्द्वको क्रममा भएका मानवअधिकार तथा मानवीय कानुनको गम्भीर उल्लङ्घन भएका घटनाहरूमा समेत राष्ट्रिय मानवअधिकार आयोगले गरेका ३८६ सिफारिसमध्ये सरकारबाट अधिकांश उजुरीहरू कार्यान्वयन नहुँदा पीडितहरू थप पीडित भएका छन् ।

यस वर्ष आयोगका सबै कार्यालयहरूमा गरी जम्मा ४०३ उजुरीहरू प्राप्त भएका छन् । उजुरीका प्रमुख विषयहरूमा हत्या, बेपत्ता, अपहरण, यातना, धम्की, गैरन्यायिक थुना, सम्पत्ति कब्जा, आन्तरिक विस्थापन, भेदभाव जबर्जस्ती चन्दा आदि रहेका छन् । यसका अतिरिक्त आर्थिक सामाजिक अधिकार उपभोगमा अवरोध, महिला तथा बालअधिकार,

आदिवासी जनजातिका अधिकार उल्लङ्घनलगायतका विषयमा उजुरीहरू दर्ता भएका छन्। यस वर्ष सबैभन्दा बढी उजुरीहरू न्यायप्रशासनसँग सम्बन्धित छन्, जसको सङ्ख्या ६६ रहेको छ। यस वर्ष सुरक्षाकर्मीद्वारा यातनामा ४९ ओटा उजुरी परेका छन्। त्यसै गरी गत वर्ष सुरक्षाकर्मी/हिरासतमा हत्या/मृत्यु भएको घटनाको उजुरी ३४ रहेको थियो भने यस वर्ष सुरक्षाकर्मी/हिरासतमा मृत्यु/हत्या भएका भनिएका २९ उजुरीहरू दर्ता भएका छन्। गत वर्ष सबैभन्दा कम बम-विस्फोटसम्बन्धी २ ओटा उजुरीहरू परेकोमा यस वर्ष पनि सबैभन्दा कम बम-विस्फोटनबाट घाइते र नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी १/१ ओटा उजुरी परेका छन्। यस वर्ष सबैभन्दा बढी केन्द्रीय कार्यालय हरिहरभवन ललितपुरमा १२१ ओटा उजुरीहरू परे भने सबैभन्दा कम उपक्षेत्रीय कार्यालय खोटाङमा ४ ओटा उजुरी परेका छन्। यसै गरी दोस्रो स्थानमा क्षेत्रीय कार्यालय विराटनगरमा ८३ ओटा उजुरी परेका छन् भने क्षेत्रीय कार्यालय जनकपुरमा ६५ ओटा उजुरीहरू दर्ता भएका छन्। त्यसै गरी क्षेत्रीय कार्यालय पोखरामा ४३ ओटा, नेपालगञ्जमा ३८ ओटा, धनगढीमा २६ ओटा, बुटवलमा १९ ओटा र जुम्लामा ६ ओटा उजुरीहरू दर्ता भएका छन्।

यस वर्ष पनि आयोगले एकल रूपमा मानवअधिकारको समग्र स्थिति एवम् विभिन्न विषयगत मुद्दामा केन्द्रित रही अनुगमन गऱ्यो। वर्षभरिमा आयोगले २२९ पटक अनुगमन गरेकोमा २३ ओटा घटनाको सम्बन्धमा संयुक्त अनुगमन गरिएको देखिन्छ। आयोगबाट भएका विभिन्न अनुगमनमध्ये देशका १० जिल्लाको समग्र मानवअधिकार अवस्थाको अनुगमन र मानवअधिकारको उल्लङ्घनको विभिन्न घटनाको सम्बन्धमा २१९ पटक अनुगमन गरियो। क्षेत्रगत आधारमा क्षेत्रीय कार्यालयहरू क्रमश: जनकपुर, पोखरा, धनगढीले ४ ओटा, २ ओटा र २ ओटा जिल्लाको समग्र मानवअधिकार अवस्थाको अनुगमन गरेका थिए। यसै गरी उपक्षेत्रीय कार्यालय बुटवल र जुम्लाले एकएक जिल्लाको अनुगमन गरेका थिए। मानवअधिकारको उल्लङ्घनको घटनाको आधारमा केन्द्रीय कार्यालयले ६१ ओटा, क्षेत्रीय कार्यालयहरू क्रमश: नेपालगञ्ज, जनकपुर, विराटनगर, पोखरा र धनगढीले ४९, ३६, २४, १६ र १२ ओटा अनुगमन गरेका थिए। त्यस्तै उपक्षेत्रीय कार्यालयहरू बुटवल र जुम्लाले क्रमश: १६ र १० ओटा अनुगमन गरे। यस वर्ष आयोगले जम्मा १९ ओटा कारागार र २६ ओटा प्रहरी हिरासत कक्षको अनुगमन गरेको थियो।

यस अवधिमा जम्मा २१७ घटनाको सम्बन्धमा अनुसन्धान भएको देखिन्छ। आयोगमा प्राप्त विवरणअनुसार यस वर्ष सबैभन्दा बढी अनुसन्धान केन्द्रीय कार्यालयले ७३ क्षेत्रीय कार्यालय धनगढीले ४९ ओटा घटनामा अनुसन्धान गरेको देखिन्छ। यसै गरी क्रमश: क्षेत्रीय कार्यालय पोखराले ४८ ओटा, क्षेत्रीय कार्यालय विराटनगरले १४ ओटा र क्षेत्रीय कार्यालय जनकपुरले ९ ओटा र क्षेत्रीय कार्यालय नेपालगञ्जले ६ ओटा घटनाको अनुसन्धान सम्पन्न गरेको देखिन्छ। त्यसै गरी उपक्षेत्रीय कार्यालय बुटवल (स्थापना २०६६ मार्ग)ले १७ ओटा घटनाको अनुसन्धान गरेको देखिन्छ। उपक्षेत्रीय कार्यालय जुम्लाले १ घटनामा अनुसन्धान गरेको देखिन्छ।

विषयगत आधारमा हेर्दा गैरकानुनी हत्या ३१, एनेकपा (माओवादी)द्वारा भएको हत्या १४, अज्ञात पक्षबाट भएको हत्या ६ तथा दोहोरो भिडन्त र बम बिष्फोटनमा परी भएको निधन

५ गरी जम्मा ५६ घटनाहरू सम्मिलित छन्। यसका अतिरिक्त वेपत्तासम्वन्धी १७, सुरक्षाकर्मीबाट यातनासम्बन्धी १२, एनेकपा (माओवादी) द्वारा यातना २, विस्थापितसम्वन्धी ७ र अपहरणसम्बन्धी ५ ओटा घटनाउपर अनुसन्धान गरिएको पाइन्छ। यसै गरी सम्पत्ति कब्जा, माओवादीद्वारा कुटपिट, न्यायप्रशासन, समानता तथा स्वतन्त्रता, सुरक्षा, खाद्य अधिकार, सम्पत्ति कब्जा र गैरकानुनी थुनाका घटनासम्बन्धमा पनि अनुसन्धान सम्पन्न गरिएको थियो। कतिपय घटनाको अनुसन्धान प्रारम्भ गरिएको तर प्रमाण सङ्कलनलगायतको प्रक्रिया पूरा भइनसकेको अवस्था देखिएको छ।

यस अवधिमा आयोगले ७४३ उजुरीउपर (७८१ पीडित व्यक्तिहरूको सम्वन्धमा) अन्तिम निर्णय गरेको छ। वार्षिक आधारमा गरिएका निर्णय सङ्ख्यालाई आधार मान्दा यो सङ्ख्या एक वर्षमा गरिएको हालसम्मकै सबैभन्दा बढी सङ्ख्या हो। उक्त निर्णयमध्ये ६२८ ओटा उजुरीहरू एकल इजलास (आयोग)बाट निर्णय (तामेली/खारेजी/टुङ्ग्याइएको) गरिएको थियो। बाँकी ११४ उजुरीको सम्बन्धमा सामान्य ३ सदस्यीय इजलास (आयोग) द्वारा निर्णय गरिएको थियो। उक्त निर्णयहरूमध्ये आयोगले ६३ ओटा उजुरीमा क्षतिपूर्ति दिन, ८७ ओटामा दोषीलाई कारबाही गर्न र २२ ओटा उजुरीमा अन्तरिम राहत उपलब्ध गराउँन नेपाल सरकारलाई सिफारिस गरेको छ। यसै गरी १६ ओटा उजुरीमा थप अनुसन्धान गर्ने आदेश भएको छ भने ६ ओटा उजुरीमा तामेली तथा टुङ्ग्याउने निर्णय गरेको देखिन्छ।

आयोगले दर्ता भएका उजुरीहरूउपर अनुसन्धान/अनुगमन सम्पन्न गरी पीडितलाई क्षतिपूर्ति तथा दोषीलाई आवश्यक कानुनबमोजिम कारबाहीका लागि सरकारलाई सिफारिस गर्दै आएको छ। कतिपय अवस्थामा अनुसन्धान/अनुगमनकै सिलसिलामा पीडितको अवस्था हेरी तत्काललाई अन्तरिम राहत दिन पनि आयोगले सिफारिस गर्दछ। यस वर्ष आयोगले जम्मा ६३ उजुरीको हकमा अन्तिम क्षतिपूर्ति दिन र २२ उजुरीको हकमा अन्तरिम राहतका लागि सरकारलाई सिफारिस गरेको देखिन्छ। यस वर्ष आयोगले विभिन्न ६३ उजुरीउपर क्षतिपूर्तिको लागि, अन्य ८७ ओटामा दोषीलाई कारवाहीको निमित्त र २२ ओटामा अन्तरिम राहत उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गरेको थियो। यस वर्ष १०३ ओटा सिफारिसमा आंशिक कार्यान्वयन भएको देखिन्छ।

यस अवधिमा केन्द्रीय कार्यालयबाट १४ ओटा अन्तर्क्रिया र ११ ओटा गोष्ठी/अभिमुखीकरण तालिम भए। त्यसै गरी क्षेत्रीय कार्यालयहरूमा क्रमशः विराटनगरमा ६ अन्तर्क्रिया र ४ गोष्ठी/तालिम, जनकपुरमा १५ ओटा अन्तर्क्रिया र १ ओटा गोष्ठी, पोखरामा १९ ओटा अन्तर्क्रिया र ६ ओटा तालिम तथा गोष्ठी, नेपालगञ्जमा १२ अन्तर्क्रिया र ३ ओटा गोष्ठी त्यसै गरी धनगढीमा ६ ओटा अन्तर्क्रिया र ५ ओटा गोष्ठी सम्पन्न भएका छन्। उपक्षेत्रीय कार्यालयहरू बुटवलमा ७ ओटा अन्तर्क्रिया र ६ ओटा तालिम/गोष्ठी, खोटाङमा ३ अन्तर्क्रिया र ३ गोष्ठी तथा तालिम तथा जुम्लामा ८ ओटा अन्तर्क्रिया र ५ ओटा तालिम तथा गोष्ठीहरू भएका छन्। अन्तर्क्रियातर्फ ९० ओटा र तालिम गोष्ठीतर्फ ४४ गरी १३४ ओटा कार्यक्रम गरिएको छ।

| क्र.स. | नाम र थर | दर्जा |
|---|---|---|
| ७६. | श्री बालकृष्ण पोखेल | मानवअधिकार अधिकृत |
| ७७. | श्री लेखराज थापामगर | लेखा तथा प्रशासन सहायक |
| ७८. | श्री सुजन श्रेष्ठ | सवारी चालक |
| ७९. | श्री देवेन्द्र रेग्मी | कार्यालय सहायक |
| ८०. | श्री मथुरा थापा रेग्मी | कार्यालय सहायक |
| | **क्षेत्रीय कार्यालय जनकपुर** | |
| ८१. | श्री प्रदीपकुमार झा | नि. निर्देशक अधिकृत |
| ८२. | श्री बुद्धनारायण साहनी | मानवअधिकार अधिकृत |
| ८३. | श्री शेरबहादुर दमाई | लेखा तथा प्रशासन सहायक |
| ८४. | श्री सन्तोषकुमार मिश्र | सवारी चालक |
| ८५. | रामनन्दन साह | कार्यालय सहयोगी |
| ८६. | शशिभुषण सिंह | कार्यालय सहयोगी |
| | **क्षेत्रीय कार्यालय पोखरा** | |
| ८७. | श्री यज्ञप्रसाद अधिकारी | नि. निर्देशक |
| ८८. | श्री दुर्गा खड्का | उप-निर्देशक |
| ८९. | श्री बद्रीप्रसाद सुवेदी | मानवअधिकार अधिकृत |
| ९०. | श्री ज्योतीप्रसाद घिमिरे | मानवअधिकार अधिकृत |
| ९१. | श्री यशोदा बञ्जाडे | मानवअधिकार अधिकृत |
| ९२. | श्री सरिता शर्मा पराजुली | मानवअधिकार अधिकृत |
| ९३. | श्री मोहन काफ्ले | लेखा तथा प्रशासन सहायक |
| ९४. | श्री विनोद परियार | सूचना प्रविधि तथा अभिलेख सहायक |
| ९५. | श्री बाबुराम अर्याल | जनसम्पर्क सहायक |
| ९६. | श्री खिमलाल सुवेदी | जनसम्पर्क सहायक |
| ९८. | श्री पवन भण्डारी | कार्यालय सहायक |
| ९९. | श्री सागर राउतक्षेत्री | कार्यालय सहायक |
| १००. | श्री देवु खवास | कार्यालय सहायक |
| | **क्षेत्रीय कार्यालय नेपालगञ्ज** | |
| १०१. | श्री मुरारीप्रसाद खरेल | नि. निर्देशक |
| १०२. | श्री रमेशकुमार थापा | मानवअधिकार अधिकृत |
| १०३. | श्री मोहनदेव जोशी | मानवअधिकार अधिकृत |

आयोगको क्षमता अभिवृद्धिका लागि दातृ निकायहरूले आयोगलाई विभिन्न तवरबाट सहयोग गर्दै आएका छन् । यस किसिमका सहयोगमा आयोगमा कार्यरत कर्मचारीहरूका लागि तालिम तथा गोष्ठीको आयोजना, अन्तर्राष्ट्रिय तहमा अध्ययन भ्रमणको अवसर आदि पर्दछन् । यस्तै मानवअधिकारको अनुगमन, अनुसन्धानलगायतका कामका अतिरिक्त भौतिक साधनहरू उपलब्ध गराउने गरेका छन्, जसमा राष्ट्रिय मानवअधिकार आयोग क्षमता सवलीकरण परियोजना, बालअधिकार परियोजना, युरोपियन युनियनको सहयोगमा सञ्चालित द्वन्द्व न्यूनीकरण कार्यक्रम (दोस्रो) आदि रहेका छन् ।

यस वर्ष केन्द्रीय कार्यालयबाट मानवअधिकारसँग सम्बन्धित विभिन्न विषयमा ५६ ओटा प्रेस-विज्ञप्ति जारी भएका छन् भने ८ ओटा पत्रकार सम्मेलन गरिएका छन् । आयोगस्थित पुस्तकालय र त्यहाँ जडान गरिएका इन्टरनेट सुविधा सम्बन्धित सबैको लागि उपयोग गर्न खुला गरिएको छ । यस वर्ष आयोगले मानवअधिकारसँग सम्बन्धित १५३ थान खरीद र ५४ थान पुस्तकहरू विभिन्न सङ्घसंस्थाहरूमार्फत् उपहारस्वरूप प्राप्त गरेको थियो । यस वर्ष आयोगले प्रतिवेदनसहित जम्मा १९ सामग्रीहरू प्रकाशनमा ल्याएको छ । आयोगले आफ्नो कामको सिलसिलामा व्यवस्थापिका/संसद्, नेपाल सरकार, विभिन्न आयोगहरू, नागरिक समाज/गैरसरकारी संस्था/पेशागत सङ्घसङ्गठनहरू, अन्तर्राष्ट्रिय सङ्गठनहरूसँग समन्वय र सहकार्य गर्दै आएको छ । आयोगले कामलाई सहज, सरल एवम् प्रभावकारी तुल्याउन विभिन्न महाशाखा, एकाइअन्तर्गत कार्यलाई अगाडि बढाएको छ ।

नेपाल सरकारबाट आर्थिक वर्ष २०६६/६७ को लागि ब. शि. नं. २१-३-११० चालूतर्फ रु. ६८०,९०,८६०/- (छ करोड असी लाख नब्बे हजार आठ सय साठी रुपियाँ) विनियोजन भएकोमा रु. ५,१०,०३,०३४.२८ (पाँच करोड दस लाख तीन हजार चौंतीस रुपियाँ अठाइस पैसा) रूपैयाँ खर्च भएको र ब. शि. नं. २१-४-११० पूँजीगततर्फ रु. ३८,००,०००/- (अठतीस लाख रुपियाँ) विनियोजन भएकोमा रु. २७,६३,४०२.२२ (सत्ताइस लाख त्रिसट्ठी हजार चार सय दुई रुपियाँ बाइस पैसा) रूपैयाँ खर्च भएको थियो । नेपाल सरकारबाट प्राप्त बजेट खर्च गर्ने प्रयोजनको लागि छुट्टाछुट्टै बैङ्क खाता खोली कारोबार गर्ने गरिएको छ । यस आर्थिक वर्षमा रु. ३४,९९७.५२ (चौंतीस हजार नौ सय सन्तानब्बे रुपियाँ बाउन्न पैसा) राजस्व आम्दानी भएको छ भने धरौटीतर्फ गत आ. व. बाट जिम्मेवारी सरेको र यो आ. व.सहितको कुल आमदानी जम्मा रु. ३,२८,९३०.१७ (तीन लाख अठाइस हजार नौ सय तीस रुपियाँ सत्र पैसा) रहेकोमा रु. २७,८९०/- (सत्ताइस हजार आठ सय नब्बे रुपियाँ) धरौटी फिर्ता भई रु. ३०१,०४०.१७ (तीन लाख एक हजार चालीस रुपियाँ सत्र पैसा) रकम धरौटी खातामा बाँकी रहेको छ ।

यो वर्ष पनि आयोग विभिन्न समस्याहरूबाट गुज्रिरहेको छ । सङ्क्रमणकालीन अवस्था, दण्डहीनता, सिफारिसको न्यून कार्यान्वयन, आयोगको कर्मचारी व्यवस्थपनमा समस्या, आन्तरिक समस्या, भौतिक संरचना एवम् पूर्वाधारको कमी आदि समस्याबाट आयोग अगाडि बढिरहेको छ ।

❑❑

# सङ्गठन

## १.१ पृष्ठभूमि

जनआन्दोल २०४६ ले ल्याएको परिवर्तनसँगै नेपालमा पनि मानवअधिकारको क्षेत्रमा एक राष्ट्रिय संस्थाको आवश्यकता महसुस गर्न थालियो । नेपाल अधिराज्यको संविधान, २०४७ को प्रस्तावनामा मानवअधिकारको विषय समावेश गरियो । मानवअधिकारकर्मी, नागरिक समाज, कानुन व्यवसायी, सञ्चारजगत, बौद्धिक समुदाय तथा पेशागत सङ्गठनहरूबाट एउटा मानवअधिकार आयोगको आवश्यकता देखाई अभियानहरू प्रारम्भ हुन थाले । शान्तिपूर्ण आन्दोलन, सर्वोच्च अदालतको आदेश र संसदको प्रयत्नपछि मानवअधिकार आयोग ऐन, २०५३ अन्तर्गत २०५७ साल जेठ १३ गते राष्ट्रिय मानवअधिकार आयोगको स्थापना भयो । ऐनद्वारा स्थापित आयोगलाई नेपालको अन्तरिम संविधान, २०६३ द्वारा संवैधानिक अङ्गको रूपमा स्थापित गरियो । संविधानको धारा १३१ देखि धारा १३३ सम्म राष्ट्रिय मानवअधिकार आयोगको सम्बन्धमा व्यवस्था गरिएको छ ।

## १.२ साङ्गठनिक संरचना

राष्ट्रिय मानवअधिकार आयोग स्वतन्त्र र स्वायत्त संवैधानिक निकाय हो । आयोगमा अध्यक्ष र ४ जना सदस्यहरू रहने व्यवस्था छ । आयोगअन्तर्गत ५ क्षेत्रीय र ३ उपक्षेत्रीय कार्यालयहरू कार्यरत छन् । आयोगका सबै कार्यालयहरूको लागि ३०९ जना कर्मचारीहरूको दरबन्दी भए पनि हाल १२३ जना कर्मचारीहरू कार्यरत रहेको अवस्था छ । आयोगका पदाधिकारी र कर्मचारीहरूको नामावली साङ्गठानिक संरचना विवरण अनुसूची १ (क) र (ख) मा समावेश गरिएको छ ।

## १.३ आयोगका काम र अधिकार

संविधानत: आयोगको प्रमुख काम मानवअधिकारको सम्मान, संरक्षण र सम्बर्द्धन तथा प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु हो । आयोगले आफ्नो कर्तव्य पालनको सिलसिलामा उजुरी लिई छानविन गरी दोषीउपर कारबाहीको लागि सिफारिस गर्न, मानवअधिकार उल्लङ्घनकर्ताउपर मुद्दा चलाउन सिफारिस गर्ने तथा मानवअधिकारको सचेतना अभिवृद्धि गर्न नागरिक समाजसँग समन्वय र सहकार्य गर्ने गर्दछ । यसका अतिरिक्त आयोगले मानवअधिकारसम्बन्धी कानुनको संशोधन गर्न तथा अन्तर्राष्ट्रिय सन्धिसम्झौताको नेपाल पक्ष बन्नुपर्ने भए कारणसहित

सिफारिस गर्दछ । यसै गरी आयोगका सिफारिस कार्यान्वयन नगर्ने पदाधिकारी वा व्यक्तिको नाम आयोगले सार्वजनिक गर्न सक्छ ।

आयोगले आफ्नो वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेश गर्नुपर्ने संवैधानिक व्यवस्था छ । राष्ट्रपतिले प्रधानमन्त्रीमार्फत सो प्रतिवेदन व्यवस्थापिका-संसद्समक्ष पेश गर्नुपर्दछ । संविधानतः वार्षिक प्रतिवेदनमा अन्य कुराको अतिरिक्त वर्षभरि आयोगमा परेका उजुरी, उजुरीउपर गरिएको छानविन र अनुसन्धानको विवरण, नेपाल सरकारलाई गरिएका सिफारिसको विवरण, मानवअधिकार उल्लङ्घन गर्ने व्यक्तिविरुद्ध दायर गरेको मुद्दाको विवरण, मानवअधिकारको संरक्षण र सम्बर्द्धनको सम्वन्धमा भविष्यमा गर्नुपर्ने सुधारसम्बन्धी विवरणहरू समावेश गर्नुपर्ने हुन्छ । यो प्रतिवेदन आयोगको १० औं वार्षिक प्रतिवेदन भए पनि संवैधानिक अङ्गको हैसियतबाट प्रस्तुत गरिएको तेस्रो वार्षिक प्रतिवेदन हो ।

□□

# मानवअधिकारको अवस्था

आयोगले गरेको अनुगमन तथा अध्ययनको आधारमा गत सालको मानवअधिकारको समग्र अवस्थाको बारेमा यस परिच्छेदमा सङ्क्षिप्त रूपमा प्रस्तुत गरिएको छ । आयोगको अध्ययनबाट मानवअधिकारको अवस्था यस साल पनि उत्साहप्रद देखिएको छैन, जसलाई सङ्क्षेपमा निम्नानुसार प्रस्तुत गरिएको छ:

## २.१ बाँच्न पाउँने अधिकार

मानिसले बाँच्न पाउनु उसको नैसर्गिक अधिकार हो । समग्रमा गत वर्षझैं यस वर्ष पनि व्यक्तिको बाँच्न पाउँने अधिकार प्रभावित बन्न पुग्यो । विशेषत: तराई तथा पूर्वी पहाडका केही जिल्लाहरूमा देखापरेको हिंसा र हत्याका कारण यो अधिकार बढी प्रभावित भएको पाइएको छ । यसै क्रममा सुरक्षाकर्मी, सशस्त्र समूहमा संलग्न व्यक्तिहरू, सञ्चारकर्मी, विद्यार्थी, कर्मचारी, उद्यमी, व्यापारीलागायत सर्वसाधारणको विभिन्न स्थानमा हत्या गरिएको पाइन्छ । हत्याजन्य कार्यमा सशस्त्र समूह, सुरक्षाकर्मी एवम् आपराधिक गिरोह संलग्न रहेको देखिएको छ ।

पर्साको अमलेखगन्जमा २०६६ भदौ ८ गते मजदुर र प्रहरीबीच भएको झडपमा प्रहरी जवान सञ्जीव वर्माको मृत्यु भएको थियो । वि. सं. २०६६ असोज महिनामा मात्र जनकपुर क्षेत्रमा सुरक्षाकर्मी तथा विभिन्न सशस्त्र समूहबाट १३ ओटा हत्याका घटनाहरू भएका थिए । यस्तै २०६६ पुस २२ गते बाराको गञ्जभवानीपुरमा एनेकपा (माओवादी) का ३ जना कार्यकर्ताहरू रामप्रकाश यादव, दाराप्रसाद यादव र अम्बिका महतोको हत्या गरियो । पाँचथरको प्राङबुङ निवासी दलबहादुर ग्यामी र निजका छोरा विक्रम ग्यामीको प्रहरीको यातनाको कारण २०६६ फागुन १ मा मृत्यु भएको कुरा प्रकाशमा आएका थियो ।

नेपाली सेनाको ज्वालादल गण ठाकुरद्वाराबाट बर्दिया राष्ट्रिय निकुञ्जको सुरक्षार्थ खटिई गएको गस्ती टोलीका सदस्यले चलाएको गोली लागी मिति २०६६ फागुन २६ गते सुर्खेत हरिहरपुरको कप्सेरा निवासी देवीसरा वि.क., अमृता वि.क. र चन्द्रकला वि.क.को मृत्यु भएको थियो । नख्खु कारागारका बन्दी भक्तबहादुर लामाको सोही कारागारका कैदीले प्रहार गरेको इँटा लागी मृत्यु भयो । धनुषाको ढल्केबर निवासी विनोद यादवको प्रहरी हिरासतमा मृत्यु भएको थियो । ललितपुर भोलढोका डेरा गरी

बस्ने सानु सुनारको स्थानीय कालिमाटीको प्रहरी हिरासतमा कुटाइको कारण मृत्यु भएको घटना सार्वजनिक भएको थियो ।

रूपन्देहीको मर्यादापुर निवासी मनीषा हरिजनलाई अपहरण गरी स्थानीय इट्टाभट्टामा बलि दिइएको भनिएको घटना व्यापक चासोको बिषय बन्न पुग्यो । कैलालीको डुँडेझारीमा सुरक्षाकर्मी र वन फडानी गरी बसेका व्यक्तिहरूबीच भएको झडपमा १ प्रहरी र अन्य ३ जनाको मृत्यु भएको थियो । वि. सं. २०६६ चैतमा बाँके जिल्लामा विभिन्न अज्ञात समूहद्वारा ३ जनाको हत्या गरियो । त्यसै गरी २०६७ जेठ २१ गते नेपालगञ्जको कारकादौं चोकमा रवि पुन र मनीष शर्मालाई आज्ञात समूहले गोली हानी हत्या गरेका थिए ।

यस साल जीवनको अधिकारसँग सम्बन्धित हत्यासम्बन्धी ४० ओटा उजुरीहरू आयोगका विभिन्न कार्यालयहरूमा दर्ता भएका थिए, जसमध्ये राज्य पक्षद्वारा मारिएको भनी २९ ओटा, एनेकपा (माओवादी) सम्वद्ध व्यक्तिहरूद्वारा मारिएको भनी ६ ओटा र अन्य पक्षद्वारा मारिएको भनी ५ ओटा उजुरी परेका थिए । यस वर्ष आयोगले यससँग सम्बन्धित २५ घटनाहरूको अनुगमन गरेको थियो । पुराना र नयाँ उजुरीहरूको आधारमा आयोगले यस साल ५४ ओटा हत्यासम्बन्धी घटनामा अनुसन्धान गऱ्यो ।

आयोगले यस अवधिमा ४६ ओटा सुरक्षाकर्मी तथा माओवादीद्वारा हत्या र बेवारिसे बम-विष्फोटनबाट मृत्यु भएको भनिएको उजुरीको सम्बन्धमा अनुसन्धान गरी मानवअधिकार उल्लङ्घनकर्तालाई कानुनबमोजिम कारबाही गर्न र पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउन सरकारलाई सिफारिस गरेको थियो । यस्तै ६ ओटा उजुरीमा प्रक्रिया पूरा नभएको वा अङ्ग नपुगेको हुँदा प्रक्रिया पूरा गरी पुन: पेश गर्न आयोगको सम्बन्धित कार्यालय/विभागलाई निर्देशन दिइएको थियो । यसै गरी २ ओटा उजुरीलाई तामेलीमा राखियो भने एउटा उजुरीउपर टुङ्ग्याउने निर्णय गरियो ।

## २.२ बलपूर्वक बेपत्ता

विगत सशस्त्र द्वन्द्वको समयमा सुरक्षाकर्मीद्वारा बेपत्ता बनाइएका भनी यस साल २४ ओटा उजुरीहरू आयोगमा परेका छन् । यद्यपि, यस वर्षको अवधिभित्र बलपूर्वक बेपत्ता बनाइएको भनी आयोगमा उजुरीहरू परेनन् । आयोगले यस अवधिमा १५ ओटा उजुरीउपर अनुसन्धान गरेको छ । यसै गरी २२ उजुरीहरूमा आयोगले निर्णय गरी अन्तरिम राहतको लागि नेपाल सरकारलाई सिफारिस गरेको छ । यस्तै अवस्था सार्वजनिक भएको आधारमा बेपत्तासम्बन्धी अन्य ४४ ओटा उजुरीहरू टुङ्ग्याइएको स्थिति छ ।

बेपत्तासम्बन्धी उजुरीको सम्बन्धमा २३१९जनाको बेपत्ता भयो भनि उजुरी परेकोमा हाल १६९४ जनाको स्थिति सार्वजनिक भैसकेको छ भने अझै बेपत्तासम्बन्धी करिब ६२५ जनाको स्थिति किनारा लाग्न सकेको छैन । सरकारले बेपत्ता पारिएका व्यक्तिका

परिवारहरूलाई रु. एकलाखको दरले राहत प्रदान गर्ने नीति बनाई राहत वितरण गरिरहेको पाइएको छ तर कतिपय पीडितहरूले अझै पनि राहत पाउन नसकेको गुनासो गरेको पाइन्छ। पीडकलाई कारबाही गर्नेतर्फ सरकारले कुनै कदम चालेको छैन। विस्तृत शान्तिसम्झौता, नेपालको अन्तरिम संविधान तथा राजनैतिक दलहरूबीच पटकपटक भएका समझदारीबमोजिम द्वन्द्वकालमा बेपत्ता व्यक्तिहरूको अवस्था यस वर्ष पनि सार्वजनिक हुन सकेन। बेपत्तासम्बन्धी कानुनको निर्माण गरी आयोगको गठन गर्ने काम पनि हुन सकेन। लामो समयसम्म आफन्तहरूको बारेमा वास्तविक जानकारी प्राप्त गर्न नसक्दा पीडित परिवारहरूको अवस्था थप गम्भीर हुन पुगेको छ।

सरकारले बेपत्तासम्बन्धी विधेयकको मस्यौदा गरी संसदसमक्ष पेश गरेको छ। यति महत्वपूर्ण विधेयकमाथि हालसम्म संसदमा छलफलसमेत नभएको अवस्था छ। बेपत्तासम्बन्धी विधेयकमा आयोगबाट सुधार गर्नुपर्ने कुराहरूमा सिफारिस गरिएको छ। आयोगको सिफारिसमा उल्लेख गरिएका केही विषयहरूलाई विधेयकमा समावेश गरिए तापनि कतिपय महत्वपूर्ण विषयहरू अझै समेटिन सकेका छैनन्। सभासदहरूले पेश गरेका संशोधन प्रस्तावहरूमार्फत आयोगले उठाएका सिफारिसहरू समेटिनुपर्दछ। सरकारले बलपूर्वक बेपत्ताबाट सबै व्यक्तिहरूको संरक्षणसम्बन्धी महासन्धि अनुमोदनको लागि हालसम्म कुनै प्रक्रिया अगाडि बढाएको पाइएको छैन।

## २.३ अपहरण/कब्जा र स्थिति अज्ञात

व्यक्तिको अपहरण, कब्जा र स्थिति अज्ञात तुल्याउने घटनाहरूमा तुलनात्मक रूपले कमी आए पनि पूर्णत: नियन्त्रण हुन सकेको छैन। सशस्त्र द्वन्द्वकालमा अपहरण गरी वा कब्जामा लिई अज्ञात तुल्याइएका व्यक्तिहरूको स्थिति सार्वजनिक हुन सकेको छैन। यसरी एनेकपा (माओवादी) द्वारा बलपूर्वक कब्जामा लिई अवस्था अज्ञात पारिएको भनी ११९० जनाको उजुरी परेकोमा ९४१ जनाको स्थिति सार्वजनिक भैसकको छ भने अभै १६९ जनाको अवस्था अझै अज्ञात छ।

आयोगमा यस वर्ष विगतको सशस्त्र द्वन्द्वका क्रममा तत्कालीन नेकपा (माओवादी)ले अपहरण गरी अवस्था अज्ञात रहेको भनी १२ र विभिन्न अज्ञात समूहरूबाट अपहरण गरिएको १३ गरी जम्मा २५ उजुरीहरू परेका छन्। आयोगले कब्जा/अपहरण एवम् अवस्था अज्ञातसम्बन्धी ४ घटनामा अनुगमन र ७ उजुरीहरूमा अनुसन्धान सम्पन्न गऱ्यो। आयोगले यस वर्ष नेकपा (माओवादी)द्वारा कब्जा तथा अपहरण गरेको भनी परेका ३ उजुरीउपर निर्णय गरी सरकारलाई अन्तरिम राहतका लागि सिफारिस गरेको छ। यसै गरी माओवादी तथा अन्य अज्ञात समूहबाट अपहरण गरिएका भनिएका १६२ उजुरीहरू टुङ्ग्याइएको छ। हाल अपहरण गर्ने सशस्त्र समूहहरूमा जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह), अखिल तराई मुक्ति मोर्चा (गोईत), जनतान्त्रिक तराई मुक्ति मोर्चा र तराई आर्मीलगायत कतिपय पहिचान नखुलेका समूहहरू छन्।

## २.४ यातना तथा दुरव्यवहार

यातना, कुटपिट तथा अमानवीय व्यवहारका घटनाहरू यस अवधिमा पनि जारी रहे। सुरक्षाकर्मीको नियन्त्रणमा यातना दिने प्रवृतिमा उल्लेखनीय सुधार भएको अनुभव गर्न सकिएन। सुरक्षाकर्मीको नियन्त्रणमा रहेका कतिपय व्यक्तिले ज्यान गुमाउनुपऱ्यो, जसको उदाहरणको रूपमा काठमाडौँको कालिमाटी सेलमा सानु सुनारको यातनापछि मृत्यु भएको घटनालाई लिन सकिन्छ।

यस वर्ष यातना, कुटपिट तथा दुर्व्यवहारबाट पीडित भएको भनी आयोगमा ८६ ओटा उजुरीहरू परेका छन्। ती उजुरीमा सुरक्षाकर्मीले यातना दिएको भनी ४९ ओटा, सुरक्षाकर्मीबाट कुटपिट गरिएको भनी ८ ओटा, एनेकपा (माओवादी) तथा अन्यबाट यातना १२ तथा एनेकपा (माओवादी)बाट कुटपिट तथा दुर्व्यवहार गरिएको भनी ११ ओटा र अन्य ६ ओटा सम्मिलित छन्। यस अवधिमा आयोगले यातना, कुटपिट तथा दुर्व्यवहारका सम्बन्धमा २३ पटक अनुगमन गरेको थियो। यस वर्ष विगतमा परेका २५ उजुरीहरूमा अनुसन्धान गरेको छ। आयोगमा परेका जम्मा उजुरीहरूमध्ये यातनासम्बन्धी १०, घाइते, कुटपिट, दुर्व्यवहार गरी जम्मा १७ ओटा उजुरीउपर निर्णय गरी क्षतिपूर्तिको लागि सिफारिस गरेको छ। यसै गरी ३६ ओटा उजुरीहरूलाई अन्तिम रूप दिई टुङ्ग्याइएको छ।

## २.५ शान्तिसुरक्षा

यो वर्ष पनि शान्तिसुरक्षाको स्थितिमा अपेक्षित मात्रामा सुधार हुन सकेन। हत्या, अपहरण, यातना, सम्पत्ति कब्जा, लुटपाट, व्यक्तिगत एवम् सरकारी कार्यालय तथा सवारी साधनहरूमा आगजनी तथा तोडफोड गरी क्षति पुऱ्याउने कार्यहरू यस वर्ष पनि भएका पाइन्छ। धम्की, कुटपिट, विस्थापित, निजी र सार्वजनिक स्थलमा विष्फोटनलगायतका घटनाहरू यस वर्ष पनि व्यापक रूपमा भएको पाइन्छ। यस वर्ष पनि कतिपय स्वास्थ्य सेवा प्रदान गर्ने संस्थाहरूमा आक्रमण गरियो। राजमार्गलगायतका क्षेत्रमा चोरी, डकैती तथा लुटपाटका घटना व्यापक रूपमा देखा परे। यस प्रकृतिका घटनाहरूको प्रभावकारी अनुसन्धान र अभियोजन गरी दोषीलाई कारबाही गर्ने सन्दर्भमा अपेक्षित सक्रियता देखिएन।

राजनीतिक अस्थिरता र दण्डहीनताको अवस्था विद्यमान रहेकोले शान्तिसुरक्षाको अवस्था कमजोर हुन गएको छ। अनगिन्ति हतियारधारी समूहहरूको उत्पत्ति भैरहेको छ। सरकारमा रहेका राजनीतिक दलहरू र तिनीहरूका भ्रातृसङ्गठनहरूका गतिविधिहरूले पनि शान्तिसुरक्षालाई कमजोर बनाएका देखिन्छ। माथि उल्लिखित बाँच्न पाउँने अधिकारलागायतका विषयहरू कुण्ठित भएबाट पनि शान्तिसुरक्षामा अपेक्षाकृत सुधार हुन नसकेको देखिन्छ।

## २.६ बालअधिकार

विभिन्न समूहहरूबाट आह्वान भएका आन्दोलन, बन्द, विरोध प्रर्दशन, आमहड्तालजस्ता कार्यक्रमबाट बालबालिकाको जीवन, सुरक्षा, विकास, शिक्षा,

स्वास्थ्य, आवासलगायतका अधिकारको प्रचलनमा गम्भीर असर परेको छ । विभिन्न राजनीतिक कार्यक्रममा तथा जुलुस प्रदर्शनमा बालबालिकाको प्रयोग भएको पाइयो । बन्द हड्तालको निशाना विद्यालय हुनाले विद्यालय शान्तिक्षेत्र हुन् भन्ने मान्यताको सम्मान हुन सकेको पाइएन । आपराधिक समूहबाट आफ्नो स्वार्थ एवम् लाभको लागि बालबालिकाको अपहरण गर्ने, फिरौती माग गर्ने र नदिए हत्यासम्मका घृणित कार्यहरूसमेत गरिए ।

बालविबाह, बालश्रमिक, घरेलु कामदारको रूपमा र सर्कसमा बालबाकिलाको प्रयोग र शिक्षा तथा स्वास्थ्य, मानवीय सहयोगमा अस्वीकार, दुर्व्यवहारलगायतबाट बालबालिका पीडित हुने क्रमले निरन्तरता पायो । शहरी क्षेत्रमा घरायसी काममा लगाइएका बालबालिकाहरूलाई चोरीलगायतका आरोपमा कुटपिट गरेका घटनाहरू पनि उल्लेख्य रूपमा भेटिए । कतिपय त्यस्ता बालकहरू भाग्न नसकून् भन्नका लागि दाम्लो, डोरी तथा साङ्लाले बाँधेर राख्ने, घरभित्र थुन्ने र पक्राउ गरिएका बालबालिकाहरूलाई प्रहरी कार्यालयमा यातना दिनेजस्ता घटनाहरू पनि सार्वजनिक भएका थिए । विद्यालय जाने उमेरका कतिपय बालबालिकाहरूले बालश्रम, घरेलु कामदार, गिटी कुट्ने, भारी बोक्नेजस्ता काममा संलग्न हुनुपरेको स्थिति रह्यो । बालबालिकाको बेचबिखनका घटनाहरू एवम् बालिकाहरूमाथि बलात्कार भएका घटनाहरूमा वृद्धि भएको र त्यसमा संरक्षक, सुरक्षाकर्मी र परिवारका सदस्यसमेत संलग्न रहेको पाइयो ।

यस अवधिमा आयोगमा बालअधिकारसँग सम्बन्धित १५ ओटा उजुरीहरू दर्ता भए । आयोगले बालअधिकारसम्बन्धमा १४ पटक अनुगमन गऱ्यो । अनुगमनका विषयमा बालबालिकाको अपहरण, हत्या, बाल श्रमशोषण, बालहिंसा (करणी), एचआईभी/एड्स सङ्क्रमित बालबालिकाहरूको स्थिति तथा जनमुक्ति सेनाका शिविरहरूमा रहेका बालबालिकाहरूको अधिकार सम्मिलित हुन्छन् । यस वर्ष आयोगले भोजपुर, दाङ, बारा, पर्सा, रौतहट, जुम्ला, कपिलवस्तु, कञ्चनपुर, खोटाङ, इलाम, सप्तरी, स्याङ्जा, लम्जुङ, मनाङलगायतका जिल्लाहरूमा बालअधिकारको अनुगमन गरको थियो । बालअधिकारसम्बन्धी ५ ओटा उजुरीउपर अनुसन्धान गरियो । यस अवधिमा आयोगले बालअधिकारसँग सम्बन्धित ९ ओटा उजुरीउपर निर्णय गरी क्षतिपूर्ति र कारबाहीका लागि सरकारलाई सिफारिस गरेको थियो । यसका अतिरिक्त पुराना उजुरीहरूको सन्दर्भमा बालअधिकारसम्बन्धमा परेका ४१ ओटा उजुरीहरू टुङ्ग्याइएको छ ।

## २.७ खाद्य अधिकार

दुर्गम क्षेत्रमा खाद्यान्नको आपूर्तिमा रहेको समस्यासँगसँगै त्यस क्षेत्रका बासिन्दाको खाद्यसम्बन्धी अधिकार प्रभावित हुन पुगेको पाइन्छ । खाद्य अभाव रहेका कतिपय स्थानमा आपूर्ति गरिने खाद्यपदार्थ गुणस्तरहीन तथा अखाद्यवस्तुमा परिणत भइसकेको अवस्थामा पनि आपूर्ति गरिएको देखियो । सडेगलेको खाद्यान्न खाएको कारणसमेतबाट गत साल मध्य तथा सुदूरपश्चिम क्षेत्रका करिब ४०० व्यक्तिले ज्यान गुमाउनुपऱ्यो । यसै गरी करिब पैंसट्ठी हजार व्यक्ति सोही कारणले बिरामी भएका थिए । यो

घटनाको सम्बन्धमा मानिसको बाँच्न पाउने अधिकारसँग अन्तरनिहित खाद्यको अधिकारको दृष्टिबाट आयोगले अनुगमन गरेको थियो ।

आयोगले विभिन्न गैरसरकारी संस्थाहरूसँग समन्वय गरी गरेको स्थलगत अध्ययनबाट उपरोक्त सङ्ख्यामा मानिसहरू हताहत हुनु र बिरामी पर्नुको पछाडि सडेगलेको खाद्यपदार्थको आपूर्ति र उपयोग पनि भएको देखिएको छ । आयोगले तत्सम्बन्धमा गरेको अध्ययन प्रतिवेदनको आधारमा स्वस्थकर खाद्यपदार्थ आपूर्ति गर्नुपर्ने जिम्मेवारी पूरा नगर्ने निकाय तथा व्यक्तिहरूलाई आवश्यक कारबाही चलाउन अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई सिफारिस गरेको थियो । यसै सम्बन्धमा सो खाद्यपदार्थ आपूर्ति गर्नेमध्येको एक विश्व खाद्य कार्यक्रम (World Food Program) नेपाललाई समेत आयोगले सचेत गराएको थियो ।

मुलुकमा विद्यमान गरिबीका कारण ठूलो सङ्ख्यामा सर्वसाधारणले खाद्यको अधिकारलाई अनुभूत गर्न सकेको अवस्था छैन । खाद्य पदार्थको न्यायोचित व्यवस्था र आपूर्ति गरी जवाफदेहीता निर्वाह गर्ने दायित्व सरकारमा रहन्छ । यो जवाफदेहीताको निर्वाहबाट नै खाद्यको अधिकार सुनिश्चित गर्न सकिने हुँदा आयोगले समय-समयमा सरकारका जिम्मेवार अधिकृतहरू, विश्व खाद्य कार्यक्रमलगायत अन्तर्राष्ट्रिय संस्थाका प्रतिनिधिहरू तथा नागरिक समाजसँग समन्वय गरी खाद्यभण्डारण, गुणस्तर मापन तथा न्यायोचित वितरण गर्ने व्यवस्था मिलाई राज्यगत जिम्मेवारी निर्वाह गर्न सरकारलाई समय-समयमा सचेत गराउँदै आएको छ ।

## २.८ आन्तरिक विस्थापन

द्वन्द्व तथा प्राकृतिक विपत्तिका कारण आआफ्नो थात-बास गुमाई वा छोडी अन्यत्र बस्न बाध्य भएका व्यक्तिहरूको आवासलगायतका हकअधिकारहरू यस अवधिमा पनि प्रभावित भए । विस्थापितहरूको सम्बन्धमा केही सुधारात्मक सङ्केतहरू देखिए पनि व्यवहारमा लागू हुन सकेन । तात्कालीन नेकपा (माओवादी) र सरकारबीचको सशस्त्र द्वन्द्वका कारण विस्थापित हुन पुगेका कतिपय व्यक्तिहरू हालसम्म पनि स्थापित हुन सकेका छैनन् ।

यस अवधिमा विस्थापितका हकअधिकारका सम्बन्धमा आयोगमा १९ ओटा उजुरीहरू दर्ता भए, जसमा तात्कालीन नेकपा (माओवादी) विरुद्ध १६ र सुरक्षाकर्मी विरुद्ध १ र अन्यबाट २ रहेका छन् । माओवादीविरुद्ध परेका अधिकांश उजुरी द्वन्द्वकालसँग सम्बन्धित छन् । यस अवधिमा विस्थापितका हकअधिकारका सम्बन्धमा पटक-पटक अनुगमन सम्पन्न भएको छ, जसमा एनेकपा (माओवादी), तराईका सशस्त्र समूह र पूर्वी नेपालका सशस्त्र समूहहरूद्वारा गरिएका आन्दोलनबाट सिर्जित विस्थापित समस्या पर्दछन् । आयोगले विस्थापितका हकअधिकारका सम्बन्धमा २ ओटा उजुरीमा अनुसन्धान गरेको छ । यसै गरी १० ओटा उजुरीहरूमा निर्णय गरी क्षतिपूर्तिका लागि सरकारसमक्ष सिफारिस गरेको छ । यसका अतिरिक्त आन्तरिक विस्थापनको अधिकारसँग सम्बन्धित ४५ ओटा उजुरीहरू टुङ्ग्याइएको छ ।

नेपाल सरकारको तर्फबाट विस्थापितहरूलाई विस्थापित भएको अवधिभरको राहत वितरण गर्ने निर्णयानुसार रकम वितरण गरे पनि कतिपय वास्तविक विस्थापितहरूसम्म सो रकम पुग्न नसकेको गुनासो प्राप्त भएका छन् । उता नक्कली विस्थापितहरूले त्यो रकम हात पारेको गुनासो पनि गरेका छन् । विस्थापितका सम्बन्धमा सरकारद्वारा तर्जुमा गरिएको तीन वर्षीय अन्तरिम योजना कार्यान्वयनमा आउन सकेन ।

## २.९ धम्की

धम्कीका घटनाहरू यस वर्ष पनि व्यापक रूपमा देखा परे । तराईबासीहरू यस समस्याबाट बढी पीडित भएको देखिन्छ । सशस्त्र समूहद्वारा चन्दा माग्ने, चन्दा नदिएमा ज्यान मार्ने, परिवारका सदस्यको अपहरण एवम् हत्या गर्नेसम्मको धम्की दिने प्रवृत्ति बढेको पाइन्छ । तराई तथा पूर्वी पहाडी क्षेत्रमा सशस्त्र गतिविधिहरूमा संलग्न कतिपय समूहहरू र सरकारबीच विभिन्न चरणमा वार्ता भए पनि धम्की दिने कार्य बन्द भएको छैन । तराई जनमुक्ति मोर्चा, तराई टाइगरलगायतका विभिन्न नाम गरेका समूहहरूले चन्दा माग गर्ने र चन्दा नदिए ज्यान मार्ने धम्कीसमेत दिएका उजुरीहरू प्राप्त भएका छन् । त्यसै गरी सुरक्षाकर्मीबाट पनि धम्की आएको भनी उजुरी प्राप्त भएका छन् । वाईसीएल तथा एनेकपा (माओवादी)को कार्यकर्ताद्वारा समेत धम्की दिएको भनी आयोगमा उजुरी आएको देखिन्छ ।

तराई क्षेत्रमा धम्कीका कारण बढेको असुरक्षाबाट पहाडी मूलका मानिसहरू विस्थापित हुने क्रम बढेको पाइन्छ । हाल आएर तराई मूलका मानिसहरू पनि विस्थापित भई गाउँबाट सदरमुकाममा सर्ने गरेको पाइएको छ । यो समस्या तराईका बारा, पर्सा, रौतहट, महोत्तरी, सर्लाही, धनुषा, सिरहा र सप्तरी जिल्लाहरूमा बढी मात्रामा देखिएको छ । पूर्वी पहाडी जिल्लाहरू खोटाङ, उदयपुर, भोजपुरलगायतका क्षेत्रमा किराँत जनवादी वर्कर्स पार्टी र तराईमा सशस्त्रधारी समूहले चन्दा माग गर्दै गाविस सचिव, स्थानीय व्यापारीलगायत सर्वसाधारणहरूलाई धम्की दिने गरेको पाइएको छ । स्थानीय व्यापारीहरूले धम्कीका कारण अपरिचित व्यक्तिले गरेको फोन उठाउन र खामबन्दीपत्र बुझ्न छोडेका छन् । त्यस्तै गरी तराईमा कार्यरत केही सञ्चारकर्मीहरूलाई नेपाली भाषामा समाचार नलेख्न, प्रसारण नगर्न विभिन्न सशस्त्र समूहहरूको नामबाट पटक-पटक धम्की आउने गरेको पाइएको छ । भारतीय सीमा सुरक्षाकर्मीद्वारा नेपालको सम्सी गाविसमा पर्ने सिमानाको भूभागमा पसल थापी जीवनयापन गर्दै आइरहेका भारतीय र नेपाली नागरिकको पसलमा तोडफोड गर्दै धाकधम्की दिएको घटनालाई पनि यसमा सामेल गर्न सकिन्छ ।

यस अवधिमा आयोगमा धम्कीसम्बन्धी २५ ओटा उजुरीहरू दर्ता भएका छन् । प्राप्त उजुरीहरूमध्ये सुरक्षाकर्मीबाट धम्की दिएको भनी १२ ओटा, एनेकपा (माओवादी)बाट धम्की दिएको भनी ४ ओटा र अन्य पक्षबाट धम्की दिएको भनी ९ ओटा रहेका छन् । धम्कीसम्बन्धी विभिन्न उजुरीउपर अनुगमन र अनुसन्धान गरिएको छ । यस वर्ष दर्ता भएका र पुराना गरी १३३ ओटा उजुरी टुङ्ग्याइएको छ ।

## २.१० महिलाअधिकार

महिलाअधिकारका सम्बन्धमा विगतको स्थितिमा यस वर्ष पनि खासै सुधार हुन सकेन। महिला हिंसा तथा दुर्व्यवहार, बहुविवाह, बालविवाह, बोक्सीको आरोपमा कुटपिट गर्ने, मलमूत्र खुवाउने, दाइजो नल्याएको आरोपमा कुटपिट गर्ने, छोरीमात्र जन्माएको आधारमा हेला गर्ने, जिउँदै जलाएर मार्नेजस्ता गम्भीर घटनाहरू भइरहे। घटनाका दोषीहरूमध्ये केहीलाई कानुनी दायरामा ल्याई कारबाही गर्न राज्य सफल रहे पनि अधिकांश दोषीहरू कारबाहीको दायरामा पर्न सकेनन्।

मध्यपश्चिम तथा सुदूरपश्चिमका जिल्लाहरूमा प्रचलनमा रहेका छाउपडी प्रथा, मुलुकका विभिन्न भागमा हुने गरेका घरेलु हिंसा, बोक्सी, दाइजो, भेदभावजस्ता कारण महिलाहरू पीडित हुन पुगेका छन्। गाउँ-गाउँमा प्रजनन् स्वास्थ्यको उचित व्यवस्था तथा जनचेतना र स्वास्थ्यकर्मी तथा औषधिसमेतको अभावमा गर्भवती महिला तथा शिशुको ज्यान जाने, पाठेघरसम्बन्धी रोगहरू लाग्नेजस्ता समस्याबाट महिलाहरूले पीडित हुनुपरेको छ। यस्तै बहुविवाह, सानोतिनो विषयमा श्रीमान् वा घरपरिबारबाट धम्की, डर, त्रास कुटपिट तथा अमानवीय व्यवहारका घटनाहरूले निरन्तरता पाइरहेको अवस्था छ।

वि. सं. २०६६ साउन २० गते भएको रामकुमारी चौधरीको बलात्कारको घटना, कैलाली टीकापुर बस्ने कम्लरी बालिका वर्ष १३ की शारदा चौधरीलाई निजलाई कम्लरी राख्ने काजीमान श्रेष्ठबाट यातना दिइएको घटना, बाँके कोहलपुर निवासी कविता आचार्यलाई निजका श्रीमान्लगायत घरपरिवारका अन्य सदस्यहरूबाट गरेको कुटपिटको घटना, वर्ष ८ की मनीषा हरिजनलाई अपहरण गरी इट्टाभट्टामा बलि दिइएको भन्ने घटना, २०६६ साउन ६ गते दलित महिला पटमरी दासलाई बोक्सीको आरोपमा छिमेकीहरूले निर्मम कुटपिट गरी मानव मलमूत्र खुवाउने कार्य गरेको घटना, जनकपुरमा भएको बलात्कारको घटना, मीना हमालमाथि भएको घरेलुहिंसाको घटना, २०६६ मङ्सिरमा पत्रकार टीका विष्टलाई एनेकपा (माओवादी)ले कुटपिट गरेको घटनाको सम्बन्धमा आयोगले अनुगमन गर्दै आएको छ।

यस अवधिमा आयोगमा महिलाअधिकारसम्बन्धी २८ ओटा उजुरीहरू दर्ता भए। आयोगले महिलाअधिकारलाई केन्द्रमा राखी ६ पटक अनुगमन गरेको छ भने समग्र मानवअधिकार अवस्थाको अनुगमन गर्दा महिलाअधिकारलाई प्राथमिकताका आधारमा अनुगमन गरेको छ। यस अवधिमा आयोगले महिलाअधिकारसम्बन्धी २५ ओटा उजुरीको कारबाही प्रक्रिया टुङ्ग्याएको छ।

## २.११ आदिवासी, जनजाति तथा अल्पसङ्ख्यकको अधिकार

यस अवधिमा मेलम्ची खानेपानी परियोजना सञ्चालनमा स्थानीय आदिवासी जनजातिलाई सहभागिता गराइएन भनी आदिवासी जनजातिहरूको हकअधिकारसँग सम्बन्धित एउटा उजुरी प्राप्त भयो। आदिवासी जनजातिहरूको हकअधिकार

संरक्षण गर्नका निम्ति आयोगबाट विभिन्न कार्यक्रमहरू सम्पन्न भए । आदिवासी जनजातीको अधिकार सुनिश्चित गर्न र जनचेतना बढाउन आई एल ओ १६९ सम्बन्धी कार्यशाला गोष्ठि, जिल्लाहरूमा समग्र मानवअधिकारको अवस्था अनुगमनको क्रममा आदिवासी जनजातिहरूको हकअधिकारलाई ध्यानमा राखी यस वर्ष जाजरकोट, सुर्खेत, रुकुम, काठमाडौं, ललितपुर, भक्तपुर, धादिङ, जनकपुर, रामेछाप, चितवन, कपिलवस्तु, अर्घाखाँची, सुनसरी, मोरङ, झापा, तेह्रथुम, सिराहा, सङ्खुवासभा, भोजपुर, सप्तरी, खोटाङ, महोत्तरी जिल्लाहरूमा अनुगमन गरिएको थियो ।

## २.१२ ज्येष्ठ नागरिकहरूको अधिकार

आयोगले ज्येष्ठ नागरिकहरूको अधिकारको सम्बन्धमा पनि आफूलाई केन्द्रित गरेको छ । उनीहरूको संरक्षण एवम् सम्वर्द्धनसम्बन्धमा प्रभावकारी कानुन, नियम बन्न नसकेको कारण पनि उनीहरूको अवस्था दिनप्रतिदिन दयनीय बन्दै गइरहेको छ । आयोगले डोकोमा हाली तिलगङ्गा आँखा अस्पतालनिर बागमती नदीमा जीवित अवस्थामा फालिएकी ८५ वर्षिया र सहिदगेटमा जुटको बोरामा हाली फालिएकी अर्की ८७ वर्षिया महिलाको उद्दार गरिएको थियो । त्यसै गरी कमलपोखरीमा एक ८७ वर्षिया वृद्धलाई उनका आफन्तले घरमै थुन्ने, त्यही कोठामा खानपान, दिसापिसाब गर्नु उनको नियति बनेको थियो । स्थानीयबासीहरूको रोहबरमा उनको पनि उद्दार गरियो । उनीहरूको सामाजिक सुरक्षाका सम्बन्धमा आयोगले विराटनगर, जनकपुरलगायतका स्थानहरूमा छलफल, अन्तर्क्रियाजस्ता कार्यक्रमहरू सम्पन्न गऱ्यो । उनीहरूको अधिकारलाई संविधानमा उल्लेख गर्नुपर्ने, सामाजिक सुरक्षा हुनुपर्नेलगायतका मुद्दालाई अगाडि सारिएको थियो । आयोगले यस वर्ष ज्येष्ठ नागरिकहरूको अधिकारसम्बन्धी ३ उजुरीहरू फछ्र्यौट गरेको छ ।

## २.१३ सङ्क्रमणकालीन न्याय

सम्झौतामा सशस्त्र द्वन्द्वबाट पीडित व्यक्तिहरूलाई न्याय दिलाउँने सन्दर्भमा द्वन्द्व र यातनापीडित एवम् बेपत्ता पारिएका व्यक्ति वा परिवारहरूको राहत प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्ने प्रतिबद्धता पनि व्यक्त गरेको पाइन्छ । सोसम्बन्धमा नेपाल सरकार शान्ति तथा पुनःनिर्माण मन्त्रालयमार्फत द्वन्द्वपीडितहरूका परिवाहरूलाई राहत उपलब्ध गराउनका लागि द्वन्द्वका कारण विस्थापित व्यक्ति तथा परिवारलाई राहत सुविधा प्रदान गर्ने निर्देशिका, २०६३, मृतकका हकदारलाई आर्थिक सहायता प्रदान गर्ने निर्देशिका, २०६५, बेपत्ता पारिएका व्यक्तिका हकदारलाई राहत प्रदान गर्ने निर्देशिका, २०६५, स्थानीय शान्ति-समितिका कार्यक्षेत्रगत शर्तहरू, २०६५ र नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायतासम्बन्धी कार्यविधि, २०६६ लगायतका निर्देशिकाहरू जारी गरी सकारात्मक कार्यको थालनी भएको छ । यसै बीचमा मन्त्रालयबाट द्वन्द्वपीडितहरूको लगत सङ्कलन कार्य पनि भइरहेको छ ।

राहत तथा पुनःस्थापना एकाइका अनुसार सशस्त्र द्वन्द्वको क्रममा बेपत्ता पारिएका जम्मा १,२९१ जना व्यक्तिहरूका परिवारमध्ये १,०२७ व्यक्तिले एक लाख रुपियाँका दरले राहत प्राप्त गरेको अवस्था छ। शान्ति मन्त्रालयमा मृत्यु भएको भनी अभिलेखित रहेको भनिएका १६,४५३ जना व्यक्तिमध्ये १३,१४९ जना हकदारले राहत पाएका छन्, जसको लागत एक अर्ब ३१ करोड ४९ लाख रहेको छ। सशस्त्र द्वन्द्वको कारणबाट विधवा भएका एकल महिलाहरूको सङ्ख्या नौ हजार भएकोमा त्यसमध्ये ३,६६८ जना एकल महिलालाई २५ हजार रुपियाँका दरले राहत उपलब्ध गराउने कार्य भएको छ। सो मन्त्रालयले द्वन्द्वका कारण अपाङ्गता भएका भनिएका व्यक्तिहरू ४,३०५ जनाको लगत तयार गरी त्यसमध्ये १,१५७ जना व्यक्तिहरूलाई सहायता उपलब्ध गराएको छ। राहत इकाइका अनुसार अपाङ्गता भएका व्यक्तिहरूलाई छ करोड ३१ लाख ५६ हजार रुपियाँ उपलब्ध गराइसकिएको अवस्था छ। यस्तै द्वन्द्वको क्रममा न्यूनतम ३० दिन अपहरण वा पक्राउ गरी बेपत्ता पारिएकामध्ये २२१ जनाले प्रतिव्यक्ति २५ हजार रुपियाँका दरले राहत प्राप्त गरेका छन्। यस बाहेक देशमा स्थायी र दीर्घकालीन शान्ति कायम गर्नको लागि सरकारबाट २०६६ कात्तिक १८ गतेसम्ममा विभिन्न समूहहरूसँग गरी २४ ओटा सहमति भएका छन्।

नेपाल सरकार शान्ति तथा पुनःनिर्माण मन्त्रालयले सङ्क्रमणकालीन न्यायको प्रमुख मापदण्डको रूपमा रहेको सत्यनिरूपण तथा मेलमिलाप आयोग विधेयक पेश गरेको भए पनि त्यसले अझै कानुनी रूप प्राप्त गर्न सकेको छैन। सोही अवस्था बेपत्तासम्बन्धी छानविन आयोगको पनि रहेको छ। सङ्क्रमणकालीन अवधिका प्रमुख संयन्त्रहरूको निर्माण नहुनुले पीडितहरूले न्याय पाउने कुरा टाढाको विषय बन्दै गएको छ। प्रमुख राजनीतिक दलहरूको बढ्दो अविश्वास र असमझदारीले पनि शान्तिसम्झौताको कार्यान्वयन थप चुनौतिपूर्ण बन्दै गएको छ। यसबाट पीडितले न्याय पाउने कार्य क्रमशः टाढा हुँदै गएको आभास हुन थालेको छ।

## २.१४ दण्डहीनता

सम्झौताले सशस्त्र द्वन्द्वबाट पीडित व्यक्तिहरूलाई न्याय दिलाउने सन्दर्भमा दण्डहीनतालाई प्रश्रय नदिने सुनिश्चित गर्ने कुराको प्रतिबद्धता व्यक्त गरेको पाइन्छ। सम्झौता सम्पन्न भइसकेको चौथो वर्ष पूरा हुँदासम्म केही पीडित तथा पीडित परिवारका सदस्यहरूले केही राहत तथा क्षतिपूर्ति प्राप्त गरेका भए पनि मानवअधिकार उल्लङ्घन गर्ने वा मानवताविरुद्धको अपराधमा संलग्न व्यक्तिलाई कारबाही हुन सकेको छैन। यसै अवधिमा मानवअधिकार उल्लङ्घन/ज्यादतीका घटनाका दोषीहरूलाई कारबाही अगाडि बढाउनुपर्नेमा सरकारबाट गम्भीर प्रकृतिका फौजदारी अपराधका मुद्दासमेत फिर्ता लिने कार्य पटक-पटक भयो। नेपाल सरकारले राष्ट्रिय मानवअधिकार आयोगले मानवअधिकारको गम्भीर उल्लङ्घनमा दोषी देखिएका नेपाली सेनाका तत्कालीन मेजर राजु बस्नेतलाई कारबाहीको

लागि लेखी पठाएकोमा निजको दुई वर्ष म्याद थप गरी पुरस्कृत गर्ने कार्य गर्‍यो । बस्नेतले नेपाली सेनाको १० नं. बाहिनीअन्तर्गतको भैरवनाथ गणमा रहँदा मानवअधिकारको गम्भीर उल्लङ्घन गरेकोले निजसमेतलाई कारबाहीको लागि आयोगले नेपाल सरकारलाई लेखी पठाएको थियो । सोही अवस्था नेपाली सेनाको सोही बाहिनीका तत्कालीन बाहिनीपति तोरणजङ्गबहादुर सिंहका हकमा पनि भयो । मैना सुनुवार हत्यामा संलग्न भनी अदालतबाट म्यादसमेत जारी भएका सैनिक अधिकारीलाई अदालत समक्ष पेश गर्ने कार्य हुन सकेन । यस्तै अवस्था सम्झौताको अर्को पक्ष माओवादीबाट पनि भयो । माओवादीले मानवअधिकार उल्लङ्घनकर्तालाई कानुनी कारबाहीको लागि सहयोग गरेन । आफ्ना कार्यकर्ताविरुद्ध काभ्रेपलाञ्चोकलगायतका जिल्लाहरूमा चलेका मुद्दाहरूमा कानुनी कारवाहीको लागि माओवादीले सहयोग गरेको अवस्था छैन । डेकेन्द्र थापाको हत्याका आरोपितमाथि पनि यस्तै स्थिति रहेको छ । यी र यस्तै कारणले दण्डहीनताको संस्कृतिले थप प्रश्रय पाइरहेको छ । पीडकहरूमाथि कानुनी कारबाही नहुनुले सरकारले वास्तवमा मानवअधिकारमैत्री व्यवहार देखाउन नसकेको अवस्था रह्यो ।

दण्डहीनताले प्रश्रय पाइरहनु मानवअधिकार र कानुनीशासनको दृष्टिबाट दुःखद पक्ष हो । अपराधलाई राजनीतीकरण गर्ने र अनावश्यक राजनीतिक दवाब दिने राजनीतिक दलहरूको कार्य चौथो वर्षमा पनि अन्त्य हुन सकेन । सशस्त्र द्वन्द्वको क्रममा भएका मानवअधिकार तथा मानवीय कानुनको गम्भीर उल्लङ्घनका भएका समेतका घटनाहरूमा राष्ट्रिय मानवअधिकार आयोगले गरेका ३८६ सिफारिसमध्ये सरकारबाट अधिकांश उजुरीहरू कार्यान्वयन नहुँदा पीडितहरू थप पीडित भएका छन् ।

□□

परिच्छेद–३

# आयोगद्वारा सम्पादित प्रमुख कार्य र उपलब्धिहरू

आयोगले स्थापनाकालदेखि मानवअधिकार संरक्षणसम्बन्धी कार्यमा राष्ट्रिय संस्थाको रूपमा भूमिका निर्वाह गर्दै आएको छ । नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३२ र मानवअधिकार आयोग ऐन, २०५३ को दफा ९ ले मानवअधिकारको संरक्षण र सम्वर्द्धन गर्नु आयोगको प्रमुख कर्तव्य हुने छ भनी उल्लेख गरेको छ। यसैको सेरोफेरोमा रही आयोगले यो वर्ष पनि विभिन्न गतिविधिहरू सम्पन्न गरेको छ । यस परिच्छेदमा आयोगद्वारा संरक्षणसम्बन्धी सम्पादित वार्षिक कार्य र उपलब्धिहरूको सम्बन्धमा चर्चा गरिएको छ।

## ३.१ मानवअधिकार संरक्षणसम्बन्धी गतिविधिहरू

मानवअधिकारको संरक्षण गर्ने कर्तव्य र दायित्वका आधारमा आयोगद्वारा सम्पादित गतिविधिहरूलाई निम्नानुसार उल्लेख गरिएको छ :

### ३.१.१ उजुरी दर्ता

आयोगले मानवअधिकार उल्लङ्घन वा दुरुत्साहन भएकोमा उजुरी लिई वा स्वविवेकमा घटनाको छानविन तथा अनुसन्धान गर्ने गर्दछ। आयोगले विभिन्न माध्यम, जस्तै : लिखित, फोन, ईमेल, फ्याक्सबाट समेत उजुरी ग्रहण गर्दछ। यस्तै अर्कोतिर मानवअधिकारका गम्भीर उल्लङ्घन वा ज्यादतीका घटनासम्बन्धमा सञ्चारमाध्यममा प्रकाशित/प्रसारित समाचारलाई आधार मानी स्वविवेकीय रूपमा पनि उजुरी ग्रहण गर्दछ। उजुरीपश्चात् अनुसन्धानको माध्यमबाट प्राप्त तथ्यको आधारमा आयोगले मानवअधिकारको उल्लङ्घन भएको देखेमा सरकार वा सम्वन्धित निकायलाई आवश्यक उपचार र कामको लागि सिफारिस गर्दछ।

यस वर्ष आयोगका सबै कार्यालयहरूमा गरी जम्मा ४०३ उजुरीहरू प्राप्त भएका छन् । उजुरीका प्रमुख विषयहरूमा हत्या, बेपत्ता, अपहरण, यातना, धम्की, गैरन्यायिक थुना, सम्पत्ति कब्जा, आन्तरिक विस्थापन, भेदभाव जबर्जस्ती चन्दा आदि रहेका छन् । यसका अतिरिक्त आर्थिक सामाजिक अधिकार उपभोगमा अवरोध, महिला तथा बालअधिकार, आदिवासी जनजातिका अधिकार उल्लङ्घनलगायतका विषयमा उजुरीहरू दर्ता भएका छन् । प्राप्त उजुरीहरूको प्रकृतिलाई दृष्टिगत गर्दा द्वन्द्वकालमा भएका घटनासँग सम्बन्धित उजुरीहरू पनि रहेका छन्। यस अवधिमा मासिक रूपमा आयोगमा परेका उजुरी विवरण अनुसूची २ (क) र (ख) मा समावेश गरिएको छ।

### ३.१.२ विषयगत आधारमा उजुरी

तुलनात्मक रूपमा विगतका वर्ष भन्दा यस वर्ष आयोगमा उजुरी सङ्ख्या कम पर्न आएको देखिन्छ। गत वर्षको तुलनामा यस वर्ष उजुरी सङ्ख्यामा ह्रास आएको छ, जसमा गत वर्ष उजुरी सङ्ख्या ६७७ रहेकोमा यस वर्ष ४०३ रहेको छ। गत वर्ष सबैभन्दा बढी सुरक्षाकर्मीबाट यातना दिएको भनी ७० ओटा उजुरी परेका थिए भने यस वर्ष सबैभन्दा बढी उजुरीहरू न्यायप्रशासनसँग सम्बन्धित छन्, जसको सङ्ख्या ६६ रहेको छ। अघिल्लो वर्ष दोस्रो स्थानमा न्यायप्रशासनसम्बन्धी ५१ ओटा उजुरी परेका थिए भने यस वर्ष सुरक्षाकर्मीद्वारा यातनामा ४९ ओटा उजुरी परेका छन्। त्यसै गरी गत वर्ष सुरक्षाकर्मी/हिरासतमा हत्या/मृत्यु भएको घटनाको उजुरी ३४ रहेको थियो भने यस वर्ष सुरक्षाकर्मी/हिरासतमा मृत्यु/हत्या भनी २९ उजुरीहरू दर्ता भएका छन्। गत वर्ष सबैभन्दा कम बम बिष्फोटसम्बन्धी २ ओटा उजुरीहरू परेकोमा यस वर्ष पनि सबैभन्दा कम बम बिष्फोटनबाट घाइते र नागरिक, राजनीतिक अधिकारसम्बन्धी १ उजुरी परेको छ।

### ३.१.३ क्षेत्रगत आधारमा उजुरी

यस वर्ष सबैभन्दा बढी केन्द्रीय कार्यालय हरिहरभवन ललितपुरमा १२१ ओटा उजुरीहरू परे भने सबैभन्दा कम उपक्षेत्रीय कार्यालय खोटाङमा ४ ओटा उजुरी परेका छन्। यसै गरी दोस्रो स्थानमा क्षेत्रीय कार्यालय विराटनगरमा ८३ ओटा उजुरी परेका छन् भने क्षेत्रीय कार्यालय जनकपुरमा ६५ ओटा उजुरीहरू दर्ता भएका छन्। त्यसै गरी क्षेत्रीय कार्यालय पोखरामा ४३ ओटा, नेपालगञ्जमा ३८ ओटा, धनगढीमा २६ ओटा, बुटवलमा १९ ओटा र जुम्लामा ६ ओटा उजुरीहरू दर्ता भएका छन्।

## ३.२ मानवअधिकार अनुगमन र अनुसन्धान

मानवअधिकारको अनुगमन र अनुसन्धान गर्नु आयोगको प्रमुख काम हो। आयोगले मानवअधिकार हनन् एवम् ज्यादतीका घटनाको सम्बन्धमा नियमित रूपमा अनुगमन गर्ने गर्दछ। घटनाको अनुगमनपश्चात् प्राप्त भएका सूचना तथा तथ्यका आधारमा मानवअधिकार उल्लङ्घन भएको देखिएमा सरकार तथा अन्य निकायको ध्यानाकर्षण गराउने, कुनै कार्य गर्न वा नगर्न अनुरोध गर्ने वा निर्देशन दिने कार्य गर्दछ। आयोगले विषयवस्तुको गाम्भीर्यता आदिको आधारमा समग्र मानवअधिकारको अवस्था एवम् मानवअधिकारभित्रका विषयहरू–बालअधिकार, आन्तरिक विस्थापितका अधिकार, शरणार्थीसम्बन्धी अधिकार, महिला तथा अपाङ्गका अधिकार, आदिवासी जनजाति तथा अल्पसङ्ख्यक, पछाडि पारिएका वर्गका अधिकार आदिको अवस्थाबारेमा आयोगले अनुगमन र अनुसन्धान गर्ने गर्दछ र गर्दै आएको पनि छ। त्यसै गरी आयोगले कारागारमा रहेका कैदी-बन्दीका अधिकार, कारागार तथा हिरासतको अवस्था, राजनीतिक दल तथा सङ्घसंस्थाहरूद्वारा गरिने आन्दोलन, बन्द, हड्ताललगायतका विषयमा पनि अनुगमन र अनुसन्धान गर्दै आइरहेको छ।

### ३.२.१. अनुगमन

आयोगले देशका विभिन्न भागमा मानवअधिकारको स्थिति तथा घटनाहरूको अनुगमन गरेको छ। यस अवधिमा आयोगले समग्र मानवअधिकारको अवस्था, बालअधिकार, थुनुवा तथा बन्दीहरूको अधिकार र आन्तरिक विस्थापितहरूको अधिकारलाई प्राथमिकतामा राखी अनुगमन गरेको थियो। त्यसै गरी गाँस, बास, स्वास्थ्य, शिक्षाको अधिकारलाई पनि प्राथमिकतामा राखेको थियो। अनुगमनको आधारमा विभिन्न प्रतिवेदनहरू तयार गरिएका थिए।

आयोगले मूलतः २ तरिकाबाट अनुगमन गर्दै आएको छ। पहिलो, आयोगका कर्मचारी तथा पदाधिकारीहरूको संलग्नतामा र दोस्रो, आयोगसहितको टोलीमा विभिन्न व्यक्ति, सङ्घसंस्था तथा नागरिक समाजको संलग्नतामा।

### ३.२.१.१. आयोग आफैँद्वारा गरिएको अनुगमन

यस वर्ष आयोगले एकल रूपमा मानवअधिकारको समग्र स्थिति एवम् विभिन्न विषयगत मुद्दामा केन्द्रित रही अनुगमन गर्‍यो। सालभरिमा आयोगले २२९ पटक अनुगमन गरेकोमा २३ ओटा घटनाको सम्बन्धमा संयुक्त अनुगमन गरिएको देखिन्छ। विभिन्न अनुगमनमध्ये देशका १० जिल्लाको समग्र मानवअधिकार अवस्था र मानवअधिकारको उल्लङ्घनका विभिन्न घटनाको सम्बन्धमा २१९ पटक अनुगमन गरियो।

क्षेत्रगत आधारमा क्षेत्रीय कार्यालयहरू क्रमशः जनकपुर, पोखरा, धनगढीले ४ ओटा, २ ओटा र २ ओटा जिल्लाको समग्र मानवअधिकार अवस्थाको अनुगमन गरेका थिए। यसै गरी उपक्षेत्रीय कार्यालय बुटवल र जुम्लाले एक-एक जिल्लाको अनुगमन गरेका थिए। मानवअधिकारको उल्लङ्घनको घटनाको आधारमा केन्द्रीय कार्यालयले ६० ओटा, क्षेत्रीय कार्यालयहरू क्रमशः नेपालगञ्ज, जनकपुर, विराटनगर, पोखरा र धनगढीले ४९, ३७, २४, १६ र १२ ओटा अनुगमन गरेका थिए। त्यस्तै उपक्षेत्रीय कार्यालयहरू बुटवल र जुम्लाले क्रमशः १७ र ८ ओटा अनुगमन गरे। यससम्बन्धी विस्तृत विवरण अनुसूची ३ मा समावेश गरिएको छ।

#### क) विषयगत अनुगमन

विषयगत अनुगमनअन्तर्गत आयोगले यस वर्ष बालअधिकार, कारागार, हिरासत, बाढीपीडित, विस्थापित, महिलाअधिकारलगायतका विषयमा २२९ पटक अनुगमन गरेको थियो, जसलाई सङ्क्षेपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

#### १. कारागार अनुगमन

आयोगले कारागार वा हिरासतमा रहेका बन्दी-कैदीहरूले निजहरूको अधिकारको प्रचलन न्यायसम्मत रूपमा उपयोग गर्न पाए/नपाएको सम्बन्धमा अनुगमन गर्दछ। यस सन्दर्भमा आयोगले कैदी-बन्दीहरूलाई न्यूनत्तम मानवीय व्यवहार गरिए/नगरिएको, कानुनप्रदत्त हकअधिकार प्रचलनमा सहयोग गरे/नगरेको तथा

न्यूनतम सुविधा उपलब्ध भए/नभएको भन्नेजस्ता आधारमा अनुगमन गर्दछ। अनुगमनको आधारमा आयोगले कारागार सुधार, कैदी-बन्दीलाई अधिकार प्रयोगमा सहजता प्रदान गर्ने तथा मानवोचित व्यवहार उपलब्ध गराउनेजस्ता सिफारिस गर्दछ। यस वर्ष आयोगले जम्मा १९ ओटा कारागार र २६ ओटा प्रहरी हिरासत कक्षको अनुगमन गरेको थियो।

## २. बालअधिकार अनुगमन

आयोगले मुलुकको ४७ प्रतिशत जनसङ्ख्या ओगटेका बालबालिकाको अधिकारलाई केन्द्रमा राखेर हेर्ने गरेको छ। आयोगले बालअधिकारको अवस्थासम्बन्धमा यस वर्ष भोजपुर, दाङ, बारा, पर्सा, रौतहट, जुम्ला, कपिलवस्तु, कञ्चनपुर, खोटाङ, इलाम, सप्तरी, स्याङ्जा, लमजुङ, मनाङलगायतका जिल्लाहरूमा अनुगमन गरको थियो। यसै गरी विषयगत आधारमा बालबालिकाको हत्या, हिंसा, अपहरण, यातना, बेचबिखन, कम्लरी समस्या, विद्यालयमा सैन्य प्रयोग, गैरकानुनी थुना वा पक्राउ, घरेलु कामदारलाई यातना, बालआश्रमहरूको स्थिति, हिरासतमा बालबालिकाको स्थितिजस्ता विषयको अनुगमन गरेको छ।

## ३. खाद्यअधिकारसम्बन्धी अनुगमन

आयोगले यस वर्ष मध्यपश्चिम तथा सुदूरपश्चिममा देखिएको खाद्यान्न सङ्कट र त्यसले सृजना गरेको मानवअधिकारका सवालहरूलाई प्राथमिकतामा राखेर अनुगमन गरेको छ। खाद्यान्न सङ्कटबाट त्यस ठाउँका आमनागरिकहरूको खाद्य अधिकार हनन् भएको सम्बन्धमा आयोगले सरकारका उच्चपदस्थ कर्मचारीहरू, नागरिक समाजका प्रतिनिधिहरू त्था अन्तर्राष्ट्रिय संस्थाका प्रतिनिधिहरूसँग छलफलसमेत गरेको थियो। छलफलका क्रममा आयोगले उक्त क्षेत्रका जनताको खाद्यसम्बन्धी अधिकार सुनिश्चित गर्न सरकारलाई आग्रह गरेको थियो। यस वर्ष आयोगले खाद्य अधिकारसम्बन्धमा बैतडी, दार्चुला, अछाम, बाजुरा र बझाङ जिल्लाहरूमा अनुगमन सम्पन्न गरेको छ। जिल्लाको समग्र मानवअधिकार अवस्थाको अनुगमनका क्रममा खाद्य अधिकारलाई पनि प्राथमिकतामा राखिएको थियो ।

## ४. विस्थापित व्यक्तिका अधिकारको अनुगमन

द्वन्द्व तथा प्राकृतिक प्रकोपका कारण विस्थापित भई अन्यत्र बस्न बाध्य भएका व्यक्तिहरूको हकअधिकारको विषय यस अवधिमा पनि सार्वजनिक सरोकारको विषय रह्यो। तत्कालीन नेकपा (माओवादी) र सरकारबीचको सशस्त्र द्वन्द्वका कारण विस्थापित हुन पुगेका कतिपय व्यक्तिहरू हालसम्म पनि स्थापित हुन सकेका छैनन्। तराईमा देखापरेका सशस्त्र समूहहरूको धम्की, चन्दा माग, हत्या, आतङ्क आदि कारणबाट धेरै व्यक्तिहरू विस्थापित भएका छन्।

हाल आएर तराईमा विस्थापनको समस्या दुवै तराई तथा पहाडी मूलका बासिन्दाहरूमा देखापरेको छ। यसै गरी पूर्वी नेपालको खोटाङ, भोजपुर, उदयपुर जिल्लाहरूमा किराँत जनवादी वर्कर्स पार्टीको सशस्त्र गतिविधिका कारण विस्थापित

हुनेहरूको सङ्ख्या बढ्दो छ। त्यसै गरी ताप्लेजुङ, पाँचथर, इलामलगायतका जिल्लाहरूमा लिम्बुवानसँग सम्बन्धित सशस्त्र समूहबाट पनि विस्थापित हुने क्रम सुरु भएको छ।

यस अवधिमा विस्थापितका हकअधिकारसम्बन्धी ६ ओटा घटनाको अनुसन्धान गरियो। यसै गरी ३ ओटा जिल्लामा विस्थापितको अवस्थाको अनुगमन गरिएको छ। समग्र मानवअधिकारको अवस्था अनुगमन गरिएका जिल्लाहरूमा समेत विस्थापितका हकअधिकारलाई मध्यनजर गर्दै अनुगमन गरिएको थियो।

### ३.२.१.२ सहयोग तथा सहकार्यमा गरिएको अनुगमन

आयोगले आवश्यकताअनुसार विभिन्न बौद्धिक व्यक्तित्व, गैरसरकारी संस्था, नागरिक समाज, मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय संस्थाहरूसँगको सहकार्यमा पनि अनुगमनको गर्ने गर्दछ। यस वर्ष आयोगले मानवअधिकारसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरू सम्मिलित अनुगमन टोली गठन गरी देशका विभिन्न भागमा राजनीतिक दल, व्यावसायिक सङ्गठनलगायतबाट गरिएका विभिन्न प्रदर्शन कार्यक्रमहरूको अनुगमन गरेको छ। क्षेत्रीय कार्यालय विराटनगरले समय-समयमा संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालयसँगको सहकार्यमा सभा, जुलुस, बन्द, हड्ताल, प्रदर्शनकारीहरूमाथि बल प्रयोगसम्बन्धमा अनुगमन गरेको थियो। क्षेत्रीय कार्यालय नेपालगञ्जले एड्भोकेसी फोरम, इन्सेक, फोर्स नेपाल, आर.आर.एन, याक नेपाल, खाद्य अधिकार नियोग, सिविन एवम् मानवअधिकार सन्धि अनुगमन समितिसमेतसँगको सहकार्यमा एनेकपा (माओवादी)द्वारा आयोजित स्थानीय निकाय घेराउ कार्यक्रम, महिला हिंसाविरुद्ध र्‍याली, सशस्त्र समूहद्वारा गरिएका हत्यालगायतका विषयमा संयुक्त रूपमा अनुगमन गरेको थियो। यसै गरी केन्द्रीय कार्यालय तथा क्षेत्रीय कार्यालय नेपालगञ्जले मध्य तथा सुदूरपश्चिमका विभिन्न जिल्लामा झाडा पखालाबाट मृत्यु भएको विषयमा नागरिक समाजका प्रतिनिधिसँग मिली अनुगमन गरेको थियो।

### ३.२.२ अनुसन्धान

आयोगमा प्राप्त उजुरीहरूको आधारमा मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका विविध घटनासम्बन्धमा आयोगले अनुसन्धान गरेको छ। थालनी गरिएका कतिपय अनुसन्धान सम्पन्न भएका छन् भने कतिपयको अनुसन्धानमा प्रमाण सङ्कलन कार्य बाँकी रहेको देखिन्छ। अनुसन्धानसम्बन्धी विवरण अनुसूची ४ मा उल्लेख छ।

#### १. क्षेत्रगत आधारमा

यस अवधिमा जम्मा २१७ घटनाको सम्बन्धमा अनुसन्धान भएको देखिन्छ। आयोगमा प्राप्त विवरणअनुसार यस वर्ष सबैभन्दा बढी अनुसन्धान केन्द्रीय कार्यालयले ७३ क्षेत्रीय कार्यालय धनगढीले ४९ ओटा घटनामा अनुसन्धान गरेको देखिन्छ। यसै गरी क्रमश: क्षेत्रीय कार्यालय पोखराले ४८ ओटा, क्षेत्रीय कार्यालय विराटनगरले

१४ ओटा र क्षेत्रीय कार्यालय जनकपुरले ९ ओटा र क्षेत्रीय कार्यालय नेपालगञ्जले ६ ओटा घटनाको अनुसन्धान सम्पन्न गरेको देखिन्छ । त्यसै गरी उपक्षेत्रीय कार्यालय बुटवल (स्थापना: २०६६ मार्ग) ले १७ ओटा घटनाको अनुसन्धान गरेको देखिन्छ । उपक्षेत्रीय कार्यालयहरू जुम्लाले १ र खोटाङले कुनै पनि घटनाको अनुसन्धान गरेको विवरण प्राप्त भएको छैन ।

## २. विषयगत आधारमा

यस वर्ष आयोगले बालअधिकार, बेपत्ता, हत्या, अपहरण, यातना, कुटपिट, बम विष्फोट, गैरकानुनी थुना, सम्पत्ति कब्जा, विस्थापित, महिला हिंसा आदि विषयका उजुरीहरूमा अनुसन्धान गरेको छ । एउटा अनुसन्धान टोलीले सामान्यत: १ भन्दा बढी घटनाको सम्बन्धमा अनुसन्धान गरेको देखिन्छ । घटनाको प्रकृति दृष्टिगत गर्दा सबैभन्दा बढी हत्या तथा मृत्युसँग सम्बन्धित घटनाहरूमा अनुसन्धान भएको देखिन्छ, जसमा गैरकानुनी हत्या ३१, एनेकपा (माओवादी)द्वारा भएको हत्या १४, अज्ञात पक्षबाट भएको हत्या ६ तथा दोहोरो भिडन्त र बम बिष्फोटनमा परी भएको निधन ५ गरी जम्मा ५६ घटनाहरू सम्मिलित छन् । यसका अतिरिक्त बेपत्तासम्बन्धी १७, सुरक्षाकर्मीबाट यातनासम्बन्धी १२, एनेकपा (माओवादी)द्वारा यातना २, विस्थापितसम्बन्धी ७ र अपहरणसम्बन्धी ५ ओटा घटनाउपर अनुसन्धान गरिएको पाइन्छ । यसैगरी सम्पत्ति कब्जा, माओवादीद्वारा कुटपिट, न्यायप्रशासन, समानता तथा स्वतन्त्रता, सुरक्षा, खाद्य अधिकार, सम्पत्ति कब्जा र गैरकानुनी थुनाका घटनासम्बन्धमा पनि अनुसन्धान सम्पन्न गरिएको थियो । कतिपय घटनाको अनुसन्धान प्रारम्भ गरिएको तर प्रमाण सङ्कलनलगायतको प्रक्रिया पूरा भइनसकेको अवस्था देखिएको छ ।

### ३.२.३. उजुरीउपर गरिएको निर्णय

उजुरीहरूउपर अनुसन्धान सम्पन्न गरी आयोगले यस अवधिमा ७८० उजुरीउपर (७८१ पीडित व्यक्तिहरूको सम्बन्धमा) अन्तिम निर्णय गरेको छ । वार्षिक आधारमा गरिएका निर्णय सङ्ख्यालाई आधार मान्दा यो सङ्ख्या एक वर्षमा गरिएको हालसम्मकै सबैभन्दा बढी सङ्ख्या हो ।

## यस वर्ष फछ्र्यौट गरिएका उजुरीहरू

| उजुरीको विषय | | सङ्ख्या | कैफियत |
|---|---|---|---|
| नागरिकता | | १ | |
| बाँच्न पाउँने अधिकार | सुरक्षाकर्मीबाट मारिएका | ३ | बाँच्न पाउँने अधिकार |
| | अन्य पक्षबाट मारिएका | २ | |
| | बम-विस्फोटमा परी मृत्यु तथा घाइते | ३ | |
| धम्की | | १४१ | |

| उजुरीको विषय | | सङ्ख्या | कैफियत |
|---|---|---|---|
| यातना, कुटपिट | यातना | २८ | यातना, कुटपिट |
| | कुटपिट/घाइते | ४ | |
| | अमानवीय व्यवहार | ४ | |
| बेपत्ता | बलपूर्वक बेपत्ता | ४४ | बेपत्ता |
| | बेपत्ता (अज्ञात)/अपहरण | १६२ | |
| स्वतन्त्रता एवम् सुरक्षा | | | |
| गैरकानुनी थुना | | ४६ | |
| मानवअधिकार रक्षकको अधिकार | | | |
| बन्दी तथा थुनुवाको अधिकार | | २ | कारागार तथा हिरासतमा मृत्यु |
| न्याय प्रशासन/स्वच्छ सुनुवाइ | | २९ | |
| राजनैतिक अधिकार | | | |
| शान्तिपूर्वक भेला हुन पाउँने अधिकार | | | |
| अभिव्यक्ति स्वतन्त्रता | | | |
| सङ्घ/सङ्गठन खोल्न पाउने अधिकार | | | |
| गोपनीयताको अधिकार | | | |
| अल्पसङ्ख्यकहरूको अधिकार (आदिवासी, जनजाति, दलित अन्य जातजातिहरू) | | | |
| समानता तथा भेदभावविरुद्धको अधिकार | | ३ | |
| शिक्षाको अधिकार | | ४ | |
| कामको अधिकार | | ८ | |
| स्वास्थ्यको अधिकार | | ५ | |
| मर्यादाको अधिकार | | १ | |
| सम्पत्तिको अधिकार | | २८ | |
| आवतजावत गर्न पाउँने अधिकार | | | |
| आन्तरिक विस्थापितहरूको अधिकार | | ४६ | |
| महिला अधिकार | | २६ | |
| सामाजिक सुरक्षाको अधिकार | | | |
| आवासको अधिकार | | १ | |
| सांस्कृतिक अधिकार | | १ | |
| बालअधिकार | | १३ | |
| ज्येष्ठ नागरिकका अधिकार | | ३ | |
| वैदेशिक रोजगार/आप्रवासी नेपालीको अधिकार | | ७ | |
| अन्य | | १६ | |
| जम्मा | | ६३१ | एकल इजलास (आयोग) |
| सिफारिससहितका निर्णयहरू | | १४९ | ३ सदस्यीय इजलास (आयोग) |
| कुल सङ्ख्या | | ७८० | |

उक्त निर्णयमध्ये ६२८ ओटा उजुरीहरू एकल इजलास (आयोग) बाट निर्णय ( तामेली/खारेजी/टुङ्ग्याइएको) गरिएको थियो। बाँकी १४९ उजुरीको सम्बन्धमा सामान्य ३ सदस्यीय इजलास (आयोग)द्वारा निर्णय गरिएको छ। उक्त निर्णयहरूमध्ये ६३ ओटा उजुरीमा क्षतिपूर्ति दिन, ८७ ओटामा दोषीलाई कारबाही गर्न र २२ ओटा उजुरीमा अन्तरिम राहत उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गरेको छ। यसै गरी १६ ओटा उजुरीमा थप अनुसन्धान गर्ने आदेश भएको छ भने ६ ओटा उजुरीमा तामेली तथा टुङ्ग्याउने निर्णय गरेको देखिन्छ।

### ३.३.३. दर्ता भएका जम्मा उजुरीहरूको स्थिति

आयोगको स्थापनादेखि हालसम्म कुल १०,७१० उजुरीहरू दर्ता भएका देखिन्छ, जसमध्ये यस वर्ष ४०३ ओटा उजुरीहरू दर्ता भएका छन्। यस वर्ष फछ्यौंट भएका ७४२ ओटा उजुरीसमेत हालसम्म कुल ३,०८० ओटा उजुरीहरू फछ्यौंट भएका छन्।

आयोगमा जनशक्तिको कमी हुनु, घटनाका साक्षीहरू विदेसिनु वा विविध कारणवश फेला पर्न नसक्नु, फेला परेका कतिपय पीडितबाट विभिन्न कारण सत्यतथ्य सूचना दिन तत्पर नहुनु, आयोगले विगतमा गरेका निर्णय वा सिफारिसहरू कार्यान्वयन नहुनु, पीडक वा राज्यका निकायहरूबाट जवाफ प्राप्त नहुनु वा भए पनि ढिलो हुनु, कतिपय अवस्थामा आयोगलाई आन्तरिक विवादमा ल्याउन प्रयत्न गरिनुजस्ता कारणहरू समयमै उजुरीहरू फछ्यौंट हुन नसक्नुमा जिम्मेवार हुन्।

परिच्छेद–४

# आयोगका सिफारिसहरूको कार्यान्वयनको अवस्था

## ४.१ उपचारको लागि सिफारिस

आयोगले दर्ता भएका उजुरीहरूउपर अनुसन्धान/अनुगमन सम्पन्न गरी पीडितलाई क्षतिपूर्ति तथा दोषीलाई आवश्यक कानुनबमोजिम कारबाहीका लागि सरकारलाई सिफारिस गर्दै आएको छ । कतिपय अवस्थामा अनुसन्धान/अनुगमनकै सिलसिलामा पीडितको अवस्था हेरी तत्काललाई अन्तरिम राहत दिन पनि आयोगले सिफारिस गर्दछ । यस वर्ष आयोगले जम्मा ६३ उजुरीको हकमा अन्तिम क्षतिपूर्ति दिन र २२ उजुरीको हकमा अन्तरिम राहतका लागि सरकारलाई सिफारिस गरेको देखिन्छ ।

## ४.२ आयोगले गरेको निर्णय/सिफारिसहरूको कार्यान्वयनको अवस्था

आयोगले आफ्नो सिफारिस कार्यान्वयनको निमित्त पहल गर्दै आइरहेको छ । सिफारिस कार्यान्वयनको लागि राष्ट्रपतिसमक्ष वार्षिक प्रतिवेदन तथा स्मृतिपत्र पेश गर्ने क्रममा आवश्यक पहलको लागि आयोगले आग्रह गर्दै आइरहेको छ । यसै गरी यस प्रयोजनको लागि आयोगले प्रधानमन्त्री, सभामुख, राजनीतिक दलका प्रतिनिधिहरू, सभासद्हरू, नागरिक समाजका प्रतिनिधिहरूसँग समय-समयमा छलफल गर्ने गर्दछ ।

आयोगले हालसम्म ३८७ सिफारिसको अलावा कानुनमा संशोधन, नीतिगत सुधार तथा कानुनी शासनको पालनाको निमित्त पहल गर्ने सन्दर्भमा विविध सिफारिसहरू गर्ने गरेको छ यद्यपि, आयोगको सिफारिसको कार्यान्वयनको अवस्था सन्तोषजनक छैन ।

आयोगमा स्थापनाकालदेखि हालसम्ममा मानवअधिकार उल्लङ्घनका विषयमा ३८७ ओटा सिफारिस कार्यान्वयनको लागि सरकार समक्ष पठाएको थियो । तर हालसम्म पूर्णरूपमा ३४ ओटा र आंशिक रूपमा १३८ ओटा सिफारिस मात्र कार्यान्वयन भएको अवस्था छ । कार्यान्वयन भएका उजुरीहरू बढी क्षतिपूर्तिसँग सम्बन्धित रहेका छन् । बाँकी २१५ ओटा सिफारिसहरूको हकमा कुनै कारबाही हुन सकेको छैन । यस वर्ष आयोगले विभिन्न ६३ उजुरीहरूउपर क्षतिपूर्तिको लागि, अन्य ८७ ओटामा दोषीलाई कारवाहीको निमित्त र २२ ओटामा अन्तरिम राहत उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गरेको थियो । यस वर्ष १०३ ओटा सिफारिसमा आंशिक कार्यान्वयन भएको देखिन्छ । गत वर्ष आयोगले ३८७ ओटा सिफारिस गरेकोमा ३४ ओटा सिफारिसको पूर्ण कार्यान्वयन र १३८ मात्र आंशिक कार्यान्वयन भएको छ भने २१५ कार्यान्वयन हुन अझै बाँकी भएको जानकारी प्राप्त भएको थियो ।

❑❑

# प्रवर्द्धनात्मक गतिविधिहरू

मानवअधिकारको सम्वर्द्धनमा योगदान पुऱ्याउनु आयोगको महत्त्वपूर्ण संवैधानिक दायित्व हो। आयोगले मानवअधिकारको सम्वर्द्धनको निमित्त विविध विषयमा अन्तर्क्रिया, छलफल, सभा, गोष्ठी, कार्यशाला, तालिमलगायतका कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। यस्ता कार्यक्रमहरू मूलत: मानवअधिकारको सचेतना एवम् क्षमता विकास गर्ने उद्देश्यबाट आयोजना गरिएका थिए। प्रवर्द्धनात्मक गतिविधिसम्बन्धी विवरण अनुसूची ५ मा उल्लेख छ।

## ५.१. गोष्ठी तथा तालिम

आयोगले मानवअधिकारको सम्वर्द्धन तथा प्रवर्द्धनको निमित्त विभिन्न गोष्ठी तथा तालिमहरू सञ्चालन गर्दछ। आयोगको केन्द्रीय, क्षेत्रीय र उपक्षेत्रीय कार्यालयहरूले यस अवधिमा मानवअधिकारका विभिन्न मुद्दाहरूमा स्थानीय, क्षेत्रीय र राष्ट्रियस्तरमा गोष्ठी एवम् तालिमहरू सम्पन्न गरेका छन्।

यस अवधिमा केन्द्रीय कार्यालयबाट १४ ओटा अन्तर्क्रिया र ११ ओटा गोष्ठी/अभिमुखीकरण तालिम भए। त्यसै गरी क्षेत्रीय कार्यालयहरूमा क्रमश: विराटनगरमा ६ अन्तर्क्रिया र ४ गोष्ठी/तालिम, जनकपुरमा १५ ओटा अन्तर्क्रिया र एउटा गोष्ठी, पोखरा १९ ओटा अन्तर्क्रिया र ६ ओटा तालिम तथा गोष्ठी, नेपालगञ्जमा १२ अन्तर्क्रिया र ३ ओटा गोष्ठी त्यसै गरी धनगढीमा ६ ओटा अन्तर्क्रिया र ५ ओटा गोष्ठीहरू सम्पन्न भएका छन्। उपक्षेत्रीय कार्यालयहरूमा बुटवल ७ ओटा अन्तर्क्रिया र ६ ओटा तालिम/गोष्ठी, खोटाङमा ३ अन्तर्क्रिया र ३ गोष्ठी तथा तालिम तथा जुम्लामा ८ ओटा अन्तर्क्रिया र ५ ओटा तालिम तथा गोष्ठीहरू भएका छन्।

समग्रमा भन्नु पर्दा तालिम/गोष्ठीको तुलनामा अन्तर्क्रिया बढी भएको देखिन्छ। अन्तर्क्रियातर्फ ९० ओटा र तालिम, गोष्ठीतर्फ ४४ ओटा गरी जम्मा १३४ कार्यक्रम गरिएको छ।

## ५.२. मानवअधिकार सम्वर्द्धनमा भएका प्रयासहरू

आयोगले आफ्नो संवैधानिक जिम्मेवारी पूरा गर्ने मानवअधिकारको प्रवर्द्धनात्मक गतिविधिहरूलाई सरोकारवालाहरूबीच पुऱ्याउँदै आएको छ। यस्ता कार्यक्रमहरू राजनैतिक दलका प्रतिनिधि, सभासद्, सुरक्षानिकाय, सरकारी निकायका प्रतिनिधि,

गैरसरकारी संस्था तथा नागरिक समाजका प्रतिनिधिहरू, सञ्चारकर्मी, शिक्षक, विद्यार्थीहरू, धर्मगुरुहरू, पेशाव्यवसायी तथा सर्वसाधारणसमेतका लागि सञ्चालन गरिन्छन् । सम्वर्द्धनसम्बन्धी कार्यक्रमहरू मूलत: मानवअधिकारको सचेतना एवम् क्षमता विकास तथा मानवअधिकार संस्कृति निर्माणमा लक्षित छन् ।

प्रवर्द्धनात्मक कार्यअन्तर्गत आयोगले मानवअधिकार संरक्षण तथा सम्वर्द्धनको लागि विभिन्न सञ्जालहरू गठन गर्दै आएको छ । यस किसिमका सञ्जाल गठनले विभिन्न सूचनाहरूको आदानप्रदान तथा आपसी सम्बन्ध विस्तार गर्न सहयोग पुगेको छ । आयोगले गठित सञ्जालहरूसँग समन्वय गरी कार्यक्रमहरू सञ्चालन गर्ने, सञ्जालहरूबाट आयोजित तालिम, गोष्ठीजस्ता कार्यक्रमहरूमा स्रोतव्यक्तिको रूपमा सहभागी हुने, आयोगद्वारा प्रकाशित सामग्रीहरू उपलब्ध गराउने, मानवअधिकर उल्लङ्घन एवम् ज्यादतीका घटनासम्बन्धी सूचना प्राप्त भएमा आवश्यक कारबाही अगाडि बढाउनेजस्ता कार्यहरू गर्दै आएको छ ।

आयोगको केन्द्रीय, क्षेत्रीय र उपक्षेत्रीय कार्यालयद्वारा यस अवधिमा मानवअधिकारका विषयमा तालिम/गोष्ठी, अन्तर्क्रिया, छलफल सम्पन्न भएका छन् । यस वर्ष केन्द्रीय, क्षेत्रीय र उपक्षेत्रीय कार्यालयसमेतबाट जम्मा १३४ तालिम/गोष्ठी, अन्तर्क्रिया, छलफल भएको देखिन्छ, जसमा केन्द्रीय कार्यालय २५, क्षेत्रीय कार्यालय धनगढी ११, नेपालगञ्ज १५, पोखरा २५, जनकपुर १६ र विराटनगर १० छन् । त्यसै गरी उपक्षेत्रीय कार्यालयहरू जुम्ला १३, बुटवल १३ र खोटाङ ६ रहेका छन् ।

□□

# आन्तरिक क्षमता अभिवृद्धि

## ६.१. अन्तर्राष्ट्रिय संस्थाहरूको सहयोगमा सञ्चालित क्षमता अभिवृद्धि कार्यक्रम

आयोगको क्षमता अभिवृद्धिका लागि दातृ निकायहरूले आयोगलाई विभिन्न तवरबाट सहयोग गर्दै आएका छन् । यस किसिमका सहयोगमा आयोगमा कार्यरत कर्मचारीहरूका लागि तालिम तथा गोष्ठीको आयोजना, अन्तर्राष्ट्रिय तहमा अध्ययन भ्रमणको अवसर आदि पर्दछन् । यस्तै मानवअधिकारको अनुगमन, अनुसन्धानलगायतका कामका अतिरिक्त भौतिक साधनहरू उपलब्ध गराउने गरेका छन् ।

### १) राष्ट्रिय मानवअधिकार आयोग क्षमता सवलीकरण परियोजना

मानवअधिकारको संरक्षण एवम् सम्वर्द्धनका लागि आयोगद्वारा सञ्चालित अनुगमन, अनुसन्धान, प्रवर्द्धन, प्रकाशन आदि कार्यहरूमा युएनडीपीको सहयोगमा सञ्चालित यस परियोजनाले सहयोग पुऱ्याउँदै आएको छ । मानवअधिकारको अनुगमन तथा अनुसन्धानको क्षेत्रमा यसको सहयोग रहेको छ । त्यसै गरी विभिन्न कार्यशाला गोष्ठी, तालिम, छलफलजस्ता कार्यक्रममा पनि परियोजनाले सहयोग गर्दै आएको छ । यसै गरी आयोगका प्रतिवेदन, क्यालेण्डरलगायतका सामग्रीहरूको प्रकाशनमा यस परियोजनाले सहयोग उपलब्ध गराएको छ । हालसालै प्रकाशित **'आयोगका महत्त्वपूर्ण प्रेसविज्ञप्तिहरू'**, **'राष्ट्रिय मानवअधिकार आयोगको एक दशक'** (चित्रात्मक पुस्तक), **'आयोगको एक दशक : उजुरीहरूउपर आयोगका सिफारिसहरू'** पनि यसै परियोजनाको सहयोगमा प्रकाशित गरिएका छन् । यसका अलावा रेडियो सगरमाथामामार्फत **साप्ताहिक सचेतना रेडियो कार्यक्रम** तथा नेपाल टेलिभिजन, कान्तिपुर, एभिन्यूज, सगरमाथालगायत विभिन्न टेलिभिजन च्यानलहरूमार्फत मानवअधिकारमैत्री संविधान निर्माणका लागि सन्देशमूलक सूचनाहरू पनि यस परियोजनाको सहयोगमा प्रसारण भइरहेका छन् ।

### २) बालअधिकार परियोजना

सेभ द चिल्ड्रेनको सहयोगमा सञ्चालित यस परियोजनाअन्तर्गत कार्यशाला, गोष्ठी, तालिम, छलफल, अन्तर्क्रियाजस्ता प्रवर्द्धनात्मक कार्य गरिन्छ । बालअधिकार अनुगमन र अनुसन्धानसम्बन्धी कामको लागि यस परियोजनाबाट सहयोग उपलब्ध भएको छ । बालअधिकारको समग्र अवस्था तथा बालअधिकारको क्षेत्रमा आयोगद्वारा सम्पादित कार्यहरूलाई समेटी गत वर्ष पनि यो परियोजनाको सहयोगमा नेपालमा बालअधिकारको अवस्थासम्बन्धी वार्षिक प्रतिवेदन प्रकाशित गरिएको थियो ।

### ३) अन्य परियोजनाहरू

युरोपियन युनियनको सहयोगमा सञ्चालित द्वन्द्व न्यूनीकरण कार्यक्रम (दोस्रो) नामक परियोजनामार्फत आयोगको संस्थागत तथा जनशक्ति विकासको लागि सहयोग उपलब्ध भएको थियो । यस परियोजनाअन्तर्गत कार्यालय सञ्चालनको लागि विभिन्न विद्युतीय सामग्रीहरू उपलब्ध गराइएको छ । त्यस्तै आयोगमा कार्यरत कर्मचारीहरूको क्षमता अभिवृद्धिको लागि ७ जनालाई फ्रान्सको अध्ययन भ्रमणसमेत गराइएको थियो ।

ओएचसीएचआर जेनेभाको सहयोगमा पश्चिम नेपालका केही जिल्लामा आर्थिक र सामाजिक अधिकारको सुनिश्चितताको अभावमा लैङ्गिक विभेदको आधारमा भएको मानव बेचबिखनको सम्बन्धमा अध्ययन गरी अध्ययन प्रतिवेदन नेपाली र अङ्ग्रेजी भाषामा प्रकाशन गरिएको थियो । यसै गरी ओएचसीएचआर नेपालसँग मिली बन्दीको अधिकारलगायत मानवअधिकारको प्रवर्द्धन, अनुसन्धान र अनुगमनसम्बन्धी विविध काम गरियो ।

उजुरी व्यवस्थापन गर्नको लागि आयोगमा भएको CMRS (Complaint Management And Reproting SyQmem) मा सुधार गर्न र अभिलेख व्यवस्थापनको निमित्त एसिया फाउण्डेशनको सहयोगमा परियोजना सञ्चालन भइरहेको छ । अमेरिकन बार परियोजनाले मानव बेचबिखनसँग सम्बन्धित क्षेत्रमा केही कर्मचारीहरूको सीपविकासमा सहयोग उपलब्ध गराएको थियो ।

❑❑

# सूचना तथा सञ्चार

## ७.१ प्रेस–विज्ञप्ति

| वैशाख | जेठ | असार | साउन | भदौ | असोज | कार्तिक | मङ्सिर | पुस | माघ | फागुन | चैत | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ९ | ५ | ४ | ३ | २ | ५ | ५ | ५ | ८ | २ | ३ | ५ | ५६ |

आयोगले आफ्ना गतिविधिहरू सार्वजनिक गर्ने प्रमुख माध्यमको रूपमा प्रेस-विज्ञप्तिलाई उपयोग गर्दै आएको छ । यो वर्ष केन्द्रीय कार्यालयबाट मानवअधिकारसँग सम्बन्धित विभिन्न विषयमा ५६ ओटा प्रेस-विज्ञप्ति जारी गरियो । मासिक रूपमा जारी गरिएका प्रेस-विज्ञप्तिहरको विवरण देहायबमोजिम रहेको छ । *(विस्तृत विवरण अनुसूची ६ मा उल्लेख छ ।)*

## ७.२ पत्रकार सम्मेलन

पत्रकार सम्मेलन आयोगद्वारा सम्पादित कार्यहरूलाई सार्वजनिक गर्ने अर्को महत्त्वपूर्ण माध्यम हो । यस वर्ष आयोगले गरेका पत्रकार सम्मेलनहरूको विवरण देहायबमोजिम छ ।

| क्र.सं. | कार्यालय | मिति | विषय |
|---|---|---|---|
| १ | केन्द्रीय कार्यालय, ललितपुर | २०६६/४/२० | मध्य तथा सुदूरपश्चिमाञ्चलका जिल्लाहरूमा फैलिएको झाडा पखालासम्बन्धी राष्ट्रिय मानवअधिकार आयोगले स्थलगत अनुगमनबाट तयार पारेको प्रतिवेदन । |
| २ | केन्द्रीय कार्यालय, ललितपुर | २०६६/७/१२ | जिल्ला प्रहरी कार्यालय अछाममा एकजना महिला प्रहरीमाथि बलात्कार गरिएको भनिएको घटनाको अनुसन्धान प्रतिवेदन । |
| ३ | केन्द्रीय कार्यालय, ललितपुर | २०६६/८/५ | शान्तिसम्झौताको तीन वर्षमा मानवअधिकारको अवस्थासम्बन्धी प्रतिवेदन । |
| ४ | केन्द्रीय कार्यालय, ललितपुर | २०६६/११/१९ | बर्दिया राष्ट्रिय निकुञ्जको बाँसपानीमा नेपाली सेनाका कर्मचारीद्वारा २०६६ फागुन २६ गते तीन व्यक्ति मारिएको घटनाको अनुसन्धान प्रतिवेदन । |

| क्र.सं. | कार्यालय | मिति | विषय |
|---|---|---|---|
| ५ | क्षेत्रीय कार्यालय, नेपालगञ्ज | २०६६/१२/१९ | बर्दिया राष्ट्रिय निकुञ्जको बाँसपानीमा नेपाली सेनाका कर्मचारीद्वारा २०६६ फागुन २६ गते तीन व्यक्ति मारिएको घटनाको अनुसन्धान प्रतिवेदन । |
| ६ | केन्द्रीय कार्यालय, ललितपुर | २०६७/३/३ | ललितपुर जिल्ला गोदावरी गाविस- ९ का सानु सुनारको प्रहरी हिरासतमा दिइएको यातनाका कारण मृत्यु भएको सम्बन्धी आयोगको अनुसन्धान प्रतिवेदन । |
| ७ | क्षेत्रीय कार्यालय, पोखरा | २०६६/८/५ | विस्तृत शान्ति सम्झौताको अवधिमा पश्चिमाञ्चल क्षेत्रको मानवअधिकार स्थिति प्रतिवेदन । |
| ८ | क्षेत्रीय कार्यालय, पोखरा | २०६६/१०/१७ | जनमानसमा मानवअधिकारसम्बन्धी कार्यक्रम सञ्चालनको सूचना प्रवाह गर्न । |

# अनुसन्धान र विकास

आयोगले मुलतः दुई किसिमबाट अनुसन्धानात्मक काम गर्ने र तत्सम्बन्धी प्रतिवेदनहरू सार्वजनिक गर्ने गर्दछ। पहिलो, मानवअधिकारको अवस्थाको अनुगमन र अनुसन्धान गरी प्राप्त तथ्यमा अधारित प्रतिवेदन तयार गरी सार्वजनिक गर्ने र दोस्रो, मानवअधिकारसम्बन्धी विभिन्न विषयमा अध्ययन, अनुसन्धान तथा वकालती कार्यक्रमहरूको आधारमा प्रतिवेदन तयार गरी सार्वजनिक गर्ने। यस वर्ष आयोगले कूल १३ ओटा अध्ययन प्रतिवेदन तयार गरी प्रकाशित गरेको छ। ती प्रतिवेदनहरूमा आयोगको वार्षिक प्रतिवेदन, बालअधिकारसम्बन्धी वार्षिक प्रतिवेदन, मानव बेचबिखनसम्बन्धी राष्ट्रिय प्रतिवेदन, आयोगको दस वर्ष सचित्रमा, आयोगका प्रेस-विज्ञप्तिहरूको सँगालो, दस वर्षमा आयोगका सिफारिसहरूको कार्यान्वयनको अवस्थासम्बन्धी प्रतिवेदन, जबर्जस्ती बेपत्ता पारिएका व्यक्तिहरूसम्बन्धी प्रतिवेदन, जाजरकोटलगायत मध्य तथा सुदूरपश्चिमका जिल्लाहरूमा झाडा पखाला, हैजाबाट भएको सर्वसाधारणको मृत्यु तथा खाद्यपदार्थको वितरणसम्बन्धी प्रतिवेदन, विस्तृत शान्तिसम्झौताको कार्यान्वयनसम्बन्धी प्रतिवेदन, आर्थिक तथा सामाजिक अधिकारको उपेक्षा र त्यसको मानव बेचबिखनसँग रहने सम्बन्धसम्बन्धी प्रतिवेदन सम्मिलित हुन्छन्। यसै गरी केही क्षेत्रीय कार्यालयहरूले पनि सम्बन्धित क्षेत्रको मानवअधिकारको अवस्थालाई चित्रण गर्दै अध्ययन प्रतिवेदनहरू प्रकाशित गरेका छन्।

उल्लिखित प्रतिवेदनहरूको अलावा आयोगले विभिन्न अध्ययन प्रतिवेदनहरू तयार गर्ने गर्दछ। त्यस्ता प्रतिवेदनहरूलाई सार्वजनिक जानकारीको निमित्त आयोगको वेबसाइटमा राख्ने गरिन्छ। त्यस्ता प्रतिवेदनहरूमा आयोगले देशव्यापी रूपमा सरोकारवालाहरूसँग अन्तर्क्रिया गरी राष्ट्रिय महिला आयोग र राष्ट्रिय दलित आयोगसँग मिली तयार गरी संयुक्त राष्ट्रसङ्घको मानवअधिकार परिषद्मा पेश गरिएको विश्वव्यापी आवधिक समीक्षा (युपीआर), ICC of NHRI समक्ष प्रस्तुत गरिएको आयोगको Accredatation सम्बन्धी प्रतिवेदन, मानवअधिकार उल्लङ्घनसम्बन्धी प्रतिवेदन तथा मानवअधिकारको प्रवर्द्धनसम्बन्धी महत्त्वपूर्ण प्रतिवेदनहरू सम्मिलित हुन्छन्।

## ८.१ स्रोत केन्द्र

आयोगस्थित पुस्तकालय र त्यहाँ जडान गरिएका इन्टरनेट सुविधा सम्बन्धित सबैको लागि उपयोग गर्न खुला गरिएको छ। यस वर्ष आयोगले मानवअधिकारसँग

सम्बन्धित पुस्तकहरू १५३ थान खरीद र ५४ थान विभिन्न सङ्घसंस्थाहरूमार्फत उपहारस्वरूप प्राप्त गरेको थियो । आयोगले आफ्ना प्रकाशनहरू श्रोतकेन्द्रमार्फत वितरण गर्दै आएको छ ।

## ८.२ प्रकाशन र वितरण

**प्रतिवेदन प्रकाशन**

सामान्यत: आयोगको प्रतिवेदन इकाइबाट समन्वय र सम्पादन गरी आयोगका प्रतिवेदनहरू प्रकाशित गरिन्छ। केही प्रतिवेदनहरू क्षेत्रीय कार्यालयहरूबाट पनि प्रकाशन गरिएका छन् । यस वर्ष प्रकाशित प्रतिवेदनहरूको विवरण देहायअनुसार छ ।

| क्र.स. | प्रतिवेदन | प्रकाशित मिति |
|---|---|---|
| | नेपालमा बलपूर्वक बेपत्ताको अवस्थासम्बन्धी सङ्क्षिप्त प्रतिवेदन, २०६६ | भदौ, २०६५ |
| | जाजरकोटलगायत मध्य तथा सुदूरपश्चिमका जिल्लाहरूमा झाडा पखाला, हैजाबाट भएको सर्वसाधारणको मृत्यु तथा खाद्यपदार्थको वितरणसम्बन्धमा गरिएको अनुगमन/अनुसन्धान प्रतिवेदन, २०६६ | कार्तिक, २०६६ |
| | विस्तृत शान्तिसम्झौताका तीन वर्ष, २०६६ | मङ्सिर, २०६६ |
| | वार्षिक प्रतिवेदन (२०६५-२०६६) | मङ्सिर, २०६६ |
| | सङ्क्षिप्त वार्षिक प्रतिवेदन (२०६५-२०६६) | मङ्सिर, २०६६ |
| | NHRC-NEPAL A Brief Overview, 2010 | पुस, २०६७ |
| | नेपालमा बालअधिकारको अवस्था (वार्षिक प्रतिवेदन, २००९) | माघ, २०६६ |
| | आर्थिक तथा सामाजिक अधिकारको उपेक्षा र त्यसको मानव बेचबिखनसँग रहने सम्बन्धसम्बन्धी प्रतिवेदन | माघ, २०६६ |
| | आयोगको एक दशक : महत्त्वपूर्ण प्रेस-विज्ञप्तिहरू, २०६६ | जेठ, २०६७ |
| | राष्ट्रिय मानवअधिकार आयोगको एक दशक (चित्रात्मक पुस्तक) (वि. सं. २०५७-२०६७) | जेठ, २०६७ |
| | आयोगको एक दशक : उजुरीहरूउपर आयोगका सिफारिसहरू (वि. सं. २०५७-२०६७) | जेठ, २०६७ |
| | मानव बेचबिखनसम्बन्धी राष्ट्रिय प्रतिवेदन | असार, २०६७ |
| | पश्चिमाञ्चल क्षेत्रमा मानवअधिकारको अवस्था, २०६६ | जेठ, २०६७ |
| | मध्यमश्चिमाञ्चलमा क्षेत्रमा मानवअधिकारको अवस्था, २०६६ | जेठ, २०६७ |
| | मानव अधिकारपत्र | मासिक |

उक्त प्रकाशनहरूको अलावा यस वर्ष मानवअधिकार भित्तेपात्रो, युपीआरसम्बन्धी ब्रोसियर, टिपोट पुस्तिका तथा गोजी पुस्तिकासमेत गरी १९ ओटा सामग्रीहरू प्रकाशन गरियो ।

❑❑

# आयोग र अन्य निकायबीच सहकार्य

यस आ.ब.मा आयोगले विभिन्न संगठनहरूसँगको सहकार्यमा गरेका कामको संक्षिप्त विवरण निम्नअनुसार छ :

## ९.१. आयोग र व्यवस्थापिका/संसद्

आयोग र व्यवस्थापिका संसद्बीच सुमधुर सम्बन्ध रहँदै आएको छ। आयोग र मानवअधिकारका मुद्दामा आयोगले व्यवस्थापिका संसद्सँग छलफल चलाउँदै आएको छ। वि. सं. २०६६ मङ्सिरमा व्यवस्थापिका संसद्का अध्यक्षसँग आयोगका पदाधिकारीहरूका बीच मानवअधिकारको अवस्थाबारेमा छलफल भएको थियो। यसै गरी आयोग र व्यवस्थापिका संसद्को अन्तर्राष्ट्रिय सम्बन्ध तथा मानवअधिकार समितिका बीच मानवअधिकारको अवस्थाको सम्बन्धमा छलफल भएको थियो। आयोगको स्वायत्तता र स्वतन्त्रता रक्षामा सघाउन सांसदहरूले समय-समयमा आग्रह गर्नुभएको थियो।

## ९.२. आयोग र नेपाल सरकार

आयोगका सिफारिस कार्यान्वयनको जिम्मेवारी नेपाल सरकारमा रहने गर्दछ। आयोगको दैनिक कार्य सञ्चालनको लागि आवश्यक पर्ने बजेट, कार्यकक्षलगायत आधारभूत सुविधाहरू उपलव्ध गराउनु राज्यको दायित्व रहन्छ। आयोगको कार्य सञ्चालनको लागि नेपाल सरकारको सहयोग अपेक्षित रहन्छ। मानवअधिकारको संरक्षण र प्रवर्द्धनको लागि सरकारको मानवअधिकारप्रतिको प्रतिवद्धता आवश्यक हुने गर्दछ। यही उद्देश्यबाट आयोगले आफ्ना महत्त्वपूर्ण कार्यक्रमहरूमा प्रधानमन्त्री तथा मन्त्रीहरूलाई आमन्त्रण गरी सरकारको मानवअधिकारप्रतिको प्रतिबद्धता व्यक्त गर्ने अवसर प्रदान गर्दै आएको छ।

आयोगले समय-समयमा नेपाल सरकारका उच्चपदस्थ अधिकृतहरूलाई आमन्त्रण गरी मुलुकको मानवअधिकारको सम्बन्धमा छलफल गर्ने तथा आवश्यक निर्देशन दिने गरी आएको छ। वि. सं. २०६६ असोज २७ आयोग पदाधिकारी र प्रधानसेनापतिबीच भएको छलफलमा मानवअधिकारका सवाल, आयोगका सिफारिस कार्यान्वयनलगायतका विषयहरू उठेका थिए। छलफलको क्रममा प्रधानसेनापतिले आयोगका सिफारिसहरू कार्यान्वयनका लागि नेपाली सेना प्रतिवद्ध भएको रहेको

कुरा उल्लेख गर्नुभएको थियो । वि. सं. २०६६ पुस २८ मा आयोगका सिफारिस कार्यान्वयन गर्ने संयन्त्र निर्माण गर्ने विषयमा नेपाल सरकारका मुख्य सचिव, गृह सचिव, कानुन सचिव, प्रहरी महानिरीक्षक तथा सशस्त्र प्रहरी महानिरीक्षकसमेतसँग छलफल भएको थियो । त्यसै गरी मानवअधिकार सवालमा छलफलको लागि आमन्त्रण गर्दै आएको अवस्था छ । यसका अलावा नेपाल सरकार र आयोगको अधिकृतस्तरमा पनि समय-समयमा छलफल गर्ने गरिन्छ । यसै गरी क्षेत्रीय तथा स्थानीयस्तरमा पनि आयोग र नेपाल सरकारका विभिन्न निकायहरूबीचको समन्वयमा काम गर्दै आएको छ ।

## ९.३. अन्य आयोगहरूसँगको सम्बन्ध

आयोगले अन्य आयोगहरूसँग पनि काम गर्दै आएको छ । यस वर्ष आयोगले विगत वर्षमा जाजरकोटलगायतका जिल्लामा भएको झाडा पखालाको कारण दूषित खाद्यान्न भएको सम्बन्धमा अख्तियार दुरूपयोग आयोगलाई खाद्यान्न गुणस्तर छानविनको लागि आग्रह गरेको थियो । त्यसै गरी २०६७ असार २१ गते युपीआर प्रतिवेदन मानवअधिकार आयोग, राष्ट्रिय महिला आयोग र राष्ट्रिय दलित आयोगले संयुक्त रूपमा मानवअधिकार परिषद् समक्ष पेश गरेका थिए ।

## ९.४. आयोग र नागरिक समाज/गैरसरकारी संस्था/पेशागत सङ्घसङ्गठनहरू

नगरिक समाज आयोगको महत्त्वपूर्ण सहकर्मीको रूपमा रहेको छ । मानवअधिकारको संरक्षण एवम् सम्वर्द्धनको लागि आयोगले नागरिक समाज, गैसस एवम् पेशागत सङ्घसङ्गठनहरूसँग सहकार्य गर्दै आएको छ । मानवअधिकारका मुद्दाहरूमा छलफल गर्ने, सहकार्यमा अनुगमन गर्ने, आयोगद्वारा आयोजित आमन्त्रित कार्यक्रमहरूमा उपस्थित भई विभिन्न सुझावहरू उपलब्ध गराउने, आयोग पनि नागरिक समाज, गैसस एवम् पेशागत सङ्घसङ्गठनहरूद्वारा आयोजित कार्यक्रमहरूमा सहभागी बन्दै आएको छ । यस वर्ष आयोगले १५० भन्दा बढी मानवअधिकारको संरक्षण तथा सम्वर्द्धनसम्बन्धी कार्यक्रमहरूमा सहकार्य गरेको थियो ।

## ९.५. अन्तर्राष्ट्रिय सङ्गठनहरू

आयोगले मानवअधिकारको संरक्षण र प्रवर्द्धनको निमित्त विभिन्न अन्तर्राष्ट्रिय सङ्गठनहरूसँग काम गर्दै आएको छ । यस वर्ष आयोगले युएनडीपी, ओएचसीएचआर, सेभ द चिल्ड्रेन, ईयू, एसिया फाउण्डेशन, आईसीआरसी, डेड, एवीएलगायतका सङ्घसंस्थाहरूसँग सहकार्य गरेको छ ।

❑❑

# विभिन्न माहाशाखामार्फत सम्पादित कामको विवरण

आयोगका विभिन्न विभाग र महाशाखामार्फत आयोगद्वारा सम्पन्न गरिएका महत्त्वपूर्ण कार्यहरूलाई यस परिच्छेदमा देहायअनुसार प्रस्तुत गरिएको छ ।

## १०.१. कानुन महाशाखा

यस महाशाखाले यस वर्ष मानवअधिकारका सवालसँग सम्बन्धित विभिन्न विधेयकहरूमा सरकारलाई परामर्श उपलब्ध गराउन आयोगलाई सहयोग गरेको थियो । आयोगसँग सम्बन्धित कानुनी प्रावधानहरूमाथि संशोधन आवश्यक भएमा सुझावसहित आयोगमा पेश गर्ने, विषयवस्तु र आवश्यकताको आधारमा आयोगलाई कानुनी राय उपलब्ध गराउने, आयोगलाई प्रतिवादी बनाइएका मुद्दाहरूमा लिखित जवाफ तथा प्रतिउत्तर दर्ता गर्नेलगायत अन्य आवश्यक काम कारवाही गर्ने, कानुनी अनुसन्धानमा आयोगलाई सहयोग गर्नेजस्ता कामहरू गरिएका छन् ।

यस वर्ष मानवअधिकार आयोग ऐन, २०६६ को मस्यौदाउपर आयोगलाई रायसुझाव उपलब्ध गराई सोहीअनुरूप प्रधानमन्त्री कार्यालयमा पेश गरिएको थियो । यस्तै सरकारद्वारा प्रस्तुत विधेयकमा आयोगको स्वतन्त्रता तथा स्वायत्तताजस्ता विषयहरूलाई सीमित गरिएकोले व्यवस्थापिका संसद्को विधायन समितिका माननीय सभापति एवम् सदस्यहरूसँग अन्तर्क्रिया कार्यक्रम आयोजना गरिएको थियो । यसका अतिरिक्त नेपाली काङ्ग्रेस, नेकपा (एमाले), एनेकपा (माओवादी), मधेशी जनअधिकार फोरमलगायतका राजनैतिक दलहरूसँग आवद्ध सभासद्हरूसँग वहस, छलफल गरी आयोगले पेश गरेको विधेयकबमोजिमको संशोधन प्रस्ताव दर्ताको आग्रह गरिएको थियो । राष्ट्रिय मानवअधिकार आयोग (उजुरी, कारवाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ मा संशोधन गर्न आवश्यक भएकोले संशोधनसम्बन्धी प्रावधानहरू उल्लेख गरी आयोगसमक्ष पेश गरिएको थियो । महाशाखाले मानवअधिकार सेवा ऐन मस्यौदा गरी कर्मचारीहरूबीच छलफल गराएको थियो ।

यसै वर्ष सत्यनिरूपण तथा मेलमिलाप आयोग ऐन, २०६४ सम्बन्धी विधेयकमाथि अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरेको थियो । बालबालिकासम्बन्धी मस्यौदा विधेयक, २०६६ उपर नेपाल सरकारलाई रायसुझाव उपलब्ध गराइएको थियो । यस्तै त्रिभुवन विश्वविद्यालय सङ्गठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम, २०५० को

पुनरावलोकन गरी उक्त नियममा अपाङ्गमैत्री नभएका शब्दहरू हटाई अपाङ्गमैत्री शब्दहरू राख्नुपर्ने सुझावसहितको प्रतिवेदन तयार गरिएको थियो ।

यस वर्ष The Optional Protocol to the Convention On the Rights of the Child On Involvement of Children in Armed Conflict को प्रारम्भिक प्रतिवेदन र International Convention on the Elimination of All Forms Of Racial Discrimination, 1965 को सम्बन्धमा सरकारले तयार गरेको १७ र १८ औं आवधिक प्रतिवेदनमाथि सरकारलाई रायसुझाव उपलब्ध गराइएको थियो । यसै गरी मानवविरुद्ध लक्षित बारुदी सुरुङको प्रयोग, भण्डारण, उत्पादन तथा ओसारपसारमाथि प्रतिबन्ध तथा तिनको विनाससम्बन्धी महासन्धिको पक्षराष्ट्र बन्नको लागि आयोगबाट नेपाल सरकारलाई सिफारिस गरिएको थियो ।

विश्वव्यापी आवधिक प्रतिवेदन (UPR) तयारीको लागि विराटनगर, जनकपुर, दाङ र पोखरामा क्षेत्रीय तहका कार्यशाला गोष्ठीहरू र काठमाडौँमा राष्ट्रियस्तरको कार्यशाला आयोजना गरिएको थियो । राष्ट्रिय मानवअधिकार आयोग, राष्ट्रिय महिला आयोग र राष्ट्रिय दलित आयोगद्वारा निर्मित सो प्रतिवेदन ओएचसीएचआर, जेनेभामा पेश गरिएको थियो । यसै गरी महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि (CEDAW) को आवधिक प्रतिवेदनमाथि प्रतिवेदन, नेपाल सरकारद्वारा तयार पारिएको अन्तर्राष्ट्रिय श्रम सङ्गठनसम्बन्धी प्रतिवेदन, व्यक्ति बेपत्ता पार्ने कार्यविरुद्धमा व्यवस्था गर्न बनेको विधेयक, २०६६ को मस्यौदा तथा आदिवासी/जनजाति, दलित, मधेशी, मुस्लिम र सीमान्तीकृत समूहहरूको सरोकारसम्बन्धमा नेपाल सरकारबाट आयोजित कार्यक्रममा सहभागिता जनाएको थियो । त्यस्तै बालगृह महासङ्घ, नेपाल वकालत मञ्चद्वारा आयोजित अन्तरदेशीय धर्मपुत्रसम्बन्धी कार्यक्रममा प्रतिवेदन प्रस्तुत गरिएको थियो ।

## १०.२ नीति तथा योजना महाशाखा

यस महाशाखाले आयोगको रणनीतिक योजना तर्जुमा र रणनीतिक योजनामा लेखिएका लक्ष्य तथा प्रगति हासिल गर्नको लागि नेपाल सरकार तथा वैदेसिक सहायताबाट प्राप्त हुने स्रोतको आधारमा दीर्घकालीन, वार्षिक तथा आवधिक कार्ययोजना तयार गर्दछ । यस महाशाखाको सक्रियतामा तयार गरिने वार्षिक कार्ययोजनाको आधारमा आयोगले हरेक कार्यक्रमहरू सञ्चालन गर्दछ । यस महाशाखाले कार्यक्रमअनुसार लक्ष्य तथा उद्देश्य प्राप्त भए/भएनन् भनी अनुगमन तथा मूल्याङ्कनको लागि समन्वयको भूमिकासमेत निर्वाह गर्दछ ।

यस महाशाखाको तत्वावधानमा यस वर्षको वार्षिक कार्ययोजना र गत वर्षको कार्य मूल्याङ्कनसम्बन्धी राष्ट्रिय कार्यशाला गोष्ठी सम्पन्न भएको थियो । यसै गरी आगामी वर्षको लागि कार्यक्रम र बजेट तयार गर्ने तथा आयोगका विभिन्न कार्यालयको प्रगतिको आवधिक मूल्याङ्कनसम्बन्धी कार्यशालाहरूको आयोजना गरिएको थियो ।

यस महाशाखाले दातृसंस्थाहरूबाट प्राप्त आर्थिक तथा प्राविधिक सहयोग परिचालनसम्बन्धमा आवश्यक योजना तथा कार्यक्रम तय गर्ने गरेको छ। यसै गरी योजनागत विषयमा राष्ट्रिय योजना आयोगसँग समन्वय गरी काम गर्दछ।

## १०.३ अन्तर्राष्ट्रिय सम्बन्ध

यस इकाइमार्फत मानवअधिकारको क्षेत्रमा कार्यरत विभिन्न अनर्राष्ट्रिय निकायहरू, मित्रराष्ट्रका दूतावासहरू तथा अन्य मुलुकका राष्ट्रिय मानवअधिकार आयोगहरूसँग आयोगले समन्वय गर्ने गर्दछ। यसै गरी आयोगले सञ्चालन गर्ने अर्न्राष्ट्रियस्तरका कार्यक्रमहरूको आयोजना तथा आयोगमा आउने अन्तर्राष्ट्रिय प्रतिनिधि मण्डल, विशेषज्ञ तथा विशिष्ट व्यक्तिहरूको कार्यक्रम यस इकाइमार्फत समन्वय गर्ने गरेको छ।

आयोग यस वर्ष पनि अन्तर्राष्ट्रिय तहमा सम्पन्न विभिन्न कार्यक्रमहरूमा सहभागी भएको थियो। सन् २००९ को अगष्टमा आयोगका माननीय अध्यक्ष र सचिव जोर्डनमा सम्पन्न Conference of the Asia Pacific Forum of NHRIs मा सहभागी हुनुको अलावा प्यालेष्टाइनको मानवअधिकार अवस्था अध्ययन गर्ने अन्तर्राष्ट्रिय टोलीमा रहनुभएको थियो। यसै गरी आयोगका माननीय सदस्य गौरी प्रधान गत15th Workshop of the Framework on Regional Cooperation for the Promotion and Protection of Human Rights in the Asia Pacific Region कार्यक्रममा सहभागी हुनुभएको थियो। यस अवधिमा २ जना पदाधिकारीहरू र २० जना कर्मचारीहरूले अन्तर्राष्ट्रिय कार्यक्रमहरूमा सहभागिता जनाउनुभएको थियो। *(यससम्बन्धी विवरण अनुसूची ७ मा समावेश छ।)*

## १०.४ व्यवस्थापन

प्रशासन तथा व्यवस्थापन महाशाखामार्फत आयोगको कार्यसञ्चालन, व्यवस्थापन, मानव संसाधन तथा सुदृढीकरणसम्बन्धी काम गरिन्छ। यस वर्ष आयोगले क्रमशः खोटाङ, बुटवल तथा जुम्लास्थित सम्पर्क कार्यालयहरूलाई उपक्षेत्रीय कार्यालयमा स्तरोन्नति गरेको छ। जनकपुरलगायतका केही क्षेत्रीय कार्यालयहरूलाई कम्प्युटरलगायतका विद्युतीय उपकरणहरू उपलब्ध गराइएको छ। कर्मचारीको नियुक्ति तथा व्यवस्थापनसम्बन्धमा विभिन्न तहबाट पहलकदमी गरियो।

आयोगको केन्द्रीय कार्यालय तथा मातहत कार्यालयद्वारा सञ्चालित विभिन्न कार्यक्रमहरूमा यस महाशाखाले सहयोगीको भूमिका निर्वाह गरेको छ। यसै गरी आयोगका प्रकाशनहरू देशव्यापी रूपमा वितरण गर्ने व्यवस्था मिलाएको छ। यसका अतिरिक्त विभिन्न तहका कर्मचारीहरूलाई सुरक्षा, सीपविकास र सीप अद्यावधिक गर्नेसम्बन्धी प्रशिक्षण कार्यक्रमहरू सञ्चालन गरेको थियो।

# आर्थिक व्यवस्थापन

आयोगको यस वर्षको बजेट तथा खर्चको विवरण देहायअनुसार प्रस्तुत गरिएको छ।

नेपाल सरकारबाट आर्थिक वर्ष २०६६/६७ को लागि ब. शि. नं. २१-३-११० चालूतर्फ रु. ६८०,९०,८६०/- (छ करोड असी लाख नब्बे हजार आठ सय साठी रुपियाँ) विनियोजन भएकोमा रु. ५,१०,०३,०३४.२८ (पाँच करोड दस लाख तीन हजार चौंतीस रुपियाँ अठाइस पैसा) रूपैयाँ खर्च भएको र ब. शि. नं. २१-४-११० पूँजीगततर्फ रु. ३८,००,०००/- (अठतीस लाख रुपियाँ) विनियोजन भएकोमा रु. २७,६३,४०२.२२ (सत्ताइस लाख त्रिसट्ठी हजार चार सय दुई रुपियाँ बाइस पैसा) रूपैयाँ खर्च भएको थियो। नेपाल सरकारबाट प्राप्त बजेट खर्च गर्ने प्रयोजनको लागि छुट्टाछुट्टै बैङ्क खाता खोली कारोबार गर्ने गरिएको छ। यस आर्थिक वर्षमा रु. ३४,९९७.५२ (चौंतीस हजार नौ सय सन्तानब्बे रुपियाँ बाउन्न पैसा) राजस्व आमदानी भएको छ भने धरौटीतर्फ गत आ. व. बाट जिम्मेवारी सरेको र यो आ. व.सहितको कुल आमदानी जम्मा रु. ३,२८,९३०.१७ (तीन लाख अठाइस हजार नौ सय तीस रुपियाँ सत्र पैसा) रहेकोमा रु. २७,८९०/- (सत्ताइस हजार आठ सय नब्बे रुपियाँ) धरौटी फिर्ता भई रु. ३०१,०४०.१७ (तीन लाख एक हजार चालीस रुपियाँ सत्र पैसा) रकम धरौटी खातामा बाँकी रहेको छ। राजस्व र धरौटीको वार्षिक आर्थिक विवरण अनुसूची ८ मा समावेश गरिएको छ।

□□

# प्रमुख समस्या तथा सुझावहरू

## प्रमुख समस्याहरू

यस वर्ष आयोगले आफ्नो कामको सिलसिलामा भोगेका प्रमुख समस्याहरू निम्नअनुसार छन्। तिनीहरूमध्ये केही आन्तरिक र केही बाह्य समस्याको रूपमा रहेका छन्।

### १२.१ सङ्क्रमणकालीन अवस्था

विगत तीन वर्ष भन्दा बढी समयदेखि मुलुक सङ्क्रमणकालीन अवस्थाबाट गुज्रिरहेको छ। आपराधिक एवम् अन्य असामाजिक प्रवृत्तिका मानिसहरूले यस्तो अवस्थामा कानुन र व्यवस्था मिची फाइदा उठाउने गर्दछन्। परिणामतः यस्तो अवस्थामा मानवअधिकार र कानुनी राजको उल्लङ्घनका घटनाहरूमा वृद्धि हुने गर्दछन्। मुलुकमा संविधानको निर्माण हुन बिलम्ब हुनु, राजनीतिक अस्थिरता, द्वन्द्वकालमा मानवअधिकार र मानवीय कानुनको उल्लङ्घनकर्ताहरूलाई कारवाही चलाउने विशेष कानुन र संयन्त्रको अहिलेसम्म तय हुन नसक्नु एवम् समयमै संविधान निर्माण भई निर्वाचित सरकारको स्थापना हुन नसकेबाट मानवअधिकार र कानुनी शासन बहालीमा गम्भीर असर परेको छ। यो अवस्थाको निरन्तरता न त राष्ट्रको हितमा हुन सक्दछ न त जनअपेक्षाको विषय नै। राज्य व्यवस्थाका विभिन्न संयन्त्रसँग सम्वद्ध रही काम गर्ने एवम् राज्यको दायित्व निर्वाह गर्ने राजनीतिक दल तथा नेतृत्व, प्रशासन संयन्त्रलगायत सर्वसाधारण सबैले सङ्क्रमणकालीन अवस्थाबाट निर्वाचित लोकतान्त्रिक अभ्यासमा राज्यलाई अवतरण गराउन जिम्मेवारीका साथ आफ्नो भूमिका निर्वाह गर्न बिलम्ब गर्नु राष्ट्र र राष्ट्रियताको हितमा रहन सक्दैन। अतः यस पुनित कार्यमा सक्रियताका साथ संलग्न भई मानवअधिकार र कानुनी शासनमा आधारित लोकतान्त्रिक व्यवस्थाको बहालीलाई पहिलो प्राथमिकतामा राखी काम गर्न आवश्यक छ।

### १२.२ दण्डहीनता

मानवअधिकारको उल्लङ्घन तथा अपराधजन्य क्रियाकलापमा संलग्न व्यक्तिहरूलाई कानुनी कारबाही हुनुको अलावा तिनीहरूलाई छुट दिने, राजनीतिक संरक्षण दिने तथा कारवाही नै नचलाउनेजस्ता कामबाट दण्डहीनताको संस्कार विकास भएको छ। यसै गरी द्वन्द्वकालमा आपराधिक क्रियाकलाप गर्ने एवम् कानुनविपरीत काम गर्ने वा कानुनको उल्लङ्घन गर्ने सार्वजनिक जिम्मेवारीको पद धारण गरेका

व्यक्तिहरूउपर कानुनी कारबाही नभएकाले पनि दण्डहीनताको संस्कार मौलाउन मलजल पुगेको अवस्था देखिन्छ । न्यायिक निकायमा विचाराधीन फौजदारी मुद्दालाई फिर्ता लिई ती मुद्दाका अभियुक्तलाई छुट दिइएबाट पनि दण्डहीनता वृद्धिमा टेवा पुगेको अनुभव गरिन्छ । यस प्रकृतिका क्रियाकलापहरू मानवअधिकार, कानुनी राज तथा लोकतन्त्रका आधारभूत मान्यताविपरीत हुने गर्दछन् । यस किसिमको अवस्थाको विद्यमानतालाई अन्त नगरेसम्म मानवअधिकार तथा कानुनी शासनलाई सुदृढ गर्न मुस्किल हुन्छ । किनकि यस्ता क्रियाकलापहरूले सर्वसाधारणको न्याय प्राप्त गर्ने हक र त्यसअन्तर्गतका विशुद्ध सुनुवाइको अधिकार, कानुनी संरक्षणको हक, सुरक्षित वातावरणमा बाँच्न र बस्न पाउने हक एवम् न्यायिक उपचारको हकजस्ता महत्त्वपूर्ण हकअधिकारलाई गम्भीर रूपमा कुण्ठित तुल्याउने हुन्छन् । अत: मानवअधिकार, सुशासन तथा कानुनी राजलाई सुदृढ गर्ने महत्त्वपूर्ण जिम्मेवारी बोकेको राज्यव्यवस्थाले दण्डहीनताको अन्त्यलाई राज्यको प्राथमिकता प्राप्त कार्यक्रममा राखी कार्यान्वयन गर्नु आवश्यक देखिन्छ । अन्यथा दण्डहीनताको संस्कारले कानुनी राज, लोकतन्त्र, मानवअधिकार तथा सुशासनजस्ता आदर्श मान्यताहरूलाई परास्त गर्ने सम्भावनालाई नजरअन्दाज गर्न सकिँदैन । त्यसैले राज्यव्यवस्था यससम्बन्धमा अत्यन्त चनाखो भएर अगाडि बढ्न आवश्यक छ ।

## १२.३ सिफारिस न्यून कार्यान्वयन

आयोगले क्षतिपूर्ति दिने, मुद्दा चलाउने एवम् विभागीय कारबाही चलाउने भनी गरेका अधिकांश सिफारिसहरू कार्यान्वयन भएका छैनन् । माथि सप्रसङ्ग उल्लेख गरिएअनुसार आयोगका सिफारिस कार्यान्वयनको लागि नेपाल सरकारका उच्चपदस्थ पदाधिकारीहरूसँग समय-समयमा अनुरोध गरिएको थियो । यद्यपि, क्षतिपूर्ति उपलब्ध गराउने विषयदेखि बाहेकका सिफारिसहरूको कार्यान्वयनको स्थिति अत्यन्त न्यून रहेको छ । यसो हुँदा मानवअधिकार उल्लङ्घनबाट पीडित व्यक्तिहरूलाई न्याय प्राप्त नभएको अनुभव हुने र त्यसबाट उनीहरूको आयोगप्रतिको आस्थामा प्रतिकूल असर पर्ने सम्भावना रहन्छ । अत: आयोगका सिफारिसको कार्यान्वयन यथासमयमै हुन आवश्यक छ ।

## १२.४ आयोगको कर्मचारी व्यवस्थपनमा समस्या

कर्मचारी व्यवस्थापन आयोगको गम्भीर समस्याको रूपमा रहेको छ । वर्तमानमा करिब ९२ प्रतिशत कर्मचारीहरू करार सेवामा कार्यरत छन् । साविकमा आयोग ऐनअन्तर्गत स्थापित निकाय रहँदा ऐन र त्यसअन्तर्गत बनेको नियमअनुसार विज्ञापन गरी आयोगले केही व्यक्तिहरूलाई स्थायी नियुक्ति गरेको थियो । तत्पश्चात् मुद्दा मामिलालगायतका कारण थप कर्मचारी स्थायी रूपमा नियुक्त हुन सकेनन् ।

वर्तमान संविधानअन्तर्गत आयोग संवैधानिक निकायको रूपमा स्थापित भयो । यो कानुनी परिवर्तनसँगै कर्मचारीको नियुक्ति प्रक्रियामा द्विविधा उत्पन्न हुन पुग्यो । आयोग संवैधानिक निकाय भएपछि आयोगसम्बन्धी ऐन संविधान अनुकूल बनाउने उद्देश्यबाट बनेको विधयेक हालसम्म पनि संसदको विधयेक समितिमा विचाराधीन

रहेकोले आयोगको कर्मचारी व्यवस्थापनको लागि छुट्टै कानुन निर्माण गर्ने वातावरण सहज हुन सकेन ।

यसैबीच २०६५ मङ्सिर महिनामा आयोगका कर्मचारी निजामति सेवासम्बन्धी कानुनअन्तर्गत नपरेको अवस्थामा आयोगका पदाधिकारी एवम् लोकसेवा आयोगका पदाधिकारी र अधिकृतहरूबीच निकासको लागि व्यापक विचार विमर्श गरियो । सो विचार विमर्शमा लोक सेवा आयोगका तत्कालीन माननीय अध्यक्षज्यू तथा आयोगका माननीय सदस्य रामनगिना सिंह तथा आयोगका सचिव एवम् लोकसेवा आयोगका वरिष्ठ अधिकृतहरू समेत राष्ट्रिय मानवअधिकार आयोगका कर्मचारीहरू लोकसेवा आयोगको सामान्य सिद्धान्त पारित गरी सोअनुसार नियुक्त गर्न उपयुक्त हुने निष्कर्षमा पुग्नुभएको थियो । सो निष्कर्षअनुसार राष्ट्रिय मानवअधिकार आयोगले लोक सेवा आयोगका सामान्य सिद्धान्तको मस्यौदा तयार गरी आयोगको मिति २०६५/९/२१ को निर्णयअनुसार मिति २०६५/९/२४ मा मन्त्रिपरिषद् सचिवालयमा आवश्यक कारबाहीको लागि पठाइएको र त्यसपश्चात् समय-समयमा ताकेता गरिए पनि हालसम्म सो सिद्धान्त आवश्यक कार्यार्थ लोक सेवा आयोग पठाउने काम भएन ।

कर्मचारीको स्थायित्वको अभावमा आयोगले अपेक्षित उपलब्धि हासिल गर्न नसक्ने तथा दरबन्दीका अधिकांश पदहरू रिक्त रहेबाट आयोगलाई काम गर्न अत्यन्तै जटिल अवस्था उत्पन्न हुन पुग्यो । फलत: तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल तथा वर्तमान प्रधानमन्त्री माधवकुमार नेपालसमक्ष प्रस्तुत आयोगका स्मृतिपत्रहरूमा पनि यो विषयलाई गम्भीर समस्याको रूपमा उठाइएको र समाधानको लागि पहल गरिदिन अनुरोध गरिएको थियो । यसै बीच आयोगमा कूल दरबन्दीको करिब ३५ प्रतिशत मात्र पूर्ति रही जनशक्ति अत्यन्त कम हुन पुगेको र मन्त्रिपरिषद् सचिवालयबाट यस आयोगले २०६५/९/२४ मा पठाएको लोक सेवा आयोगको सामान्य सिद्धान्तको मस्यौदा पारितको लागि लोक सेवा आयोगमा नपठाएपछि आयोगले बाध्य भई मौजुदा मानवअधिकार आयोग ऐन, २०५३ र त्यसअन्तर्गत बनेका नियमहरू अनुसार कर्मचारी विज्ञापन गरेकोमा सर्वोच्च अदालतबाट सो विज्ञापन बदर भएको थियो । त्यसपछि कर्मचारीसम्बन्धी समस्या अरू जटिल हुन पुग्यो ।

सर्वोच्च अदालतको उक्त निर्णयपश्चात् पनि यो समस्या समाधानको लागि आयोगको सचिव तहबाट नेपाल सरकारका मुख्य सचिव र सम्बन्धित सचिवहरूलाई बारम्बार लिखित तथा मौखिक अनुरोध गरिएको हो । यसै बीच आयोगका पदाधिकारीहरूले सम्माननीय राष्ट्रपतिज्यूसमक्ष गर्नुभएको भेटको क्रममा प्रस्तुत गरिएको स्मृतिपत्रमा समेत यो समस्यालाई उल्लेख गरिएको थियो । यति लामो प्रयासको बाबजुद यो समस्या दिन प्रतिदिन जटिल बन्दै गएको छ ।

आयोगका विभिन्न कार्यालयमा हाल कूल दरबन्दीको ३० प्रतिशत भन्दा कम जनशक्ति रहेको अवस्था छ। सो जनशक्ति मानवअधिकारको अनुगमन र अनुसन्धानको लागि अत्यन्त अपर्याप्त छ। अनिश्चितताका कारण कर्मचारीहरूले

आयोग छोड्ने क्रममा वृद्धि भइरहेको छ। मुलुकका विभिन्न भागमा दिनानुदिन घटिरहेका हत्या, हिंसालगायतका गम्भीर मानवअधिकार उल्लङ्घनका घटनाको अनुसन्धान र अनुगमन यथेष्ठ रूपमा गर्न सकिएको अवस्था छैन। करिब २ वर्षदेखि प्रयास गर्दा पनि नेपाल सरकारबाट अपेक्षित सहयोग उपलब्ध हुन नसकेका कारण आयोगको क्रियाशीलतामा गम्भीर असर परेको अवस्था छ। यो समस्या समाधान नभएसम्म आयोगले आफ्नो भूमिकालाई सक्रिय रूपमा प्रस्तुत गर्न नसक्ने हुँदा यस मुद्दालाई दुःखका साथ यस प्रतिवेदनमा उल्लेख गरिएको छ।

## १२.५ आन्तरिक समस्या

आयोगका दुईजना पदाधिकारीहरूले आयोगका कतिपय आन्तरिक विषयहरूलाई आचारसंहिताविपरीत सार्वजनिक गर्ने, कपोलकल्पित प्रकृतिका विषयहरूलाई सञ्चारमाध्यममार्फत सार्वजनिक गर्ने, आयोगको वैठकमा बिना सूचना अनुपस्थित हुनेजस्ता विविध क्रियाकलापमा संलग्न भई आयोगको छविमा प्रतिकूल असर पर्ने वातावरण सिर्जना गर्नुभएको विषयलाई पनि उल्लेख गरिएको छ। यो अवस्थाबाट आयोगलाई काम गर्न असुविधा हुनुको साथै कर्मचारीको मनोबलमा प्रतिकूल असर परेको अवस्था छ।

## १२.६ भौतिक संरचना एवम् पूर्वाधारको कमी

आयोगको केन्द्रीय एवम् कतिपय क्षेत्रीय र उपक्षेत्रीय कार्यालयहरूलाई समयसापेक्ष कार्यालयको रूपमा विकसित गर्न सकिएको छैन। हालसम्म पनि आयोगका सबै कार्यालयहरू भाडामा सञ्चालन गर्नुपर्ने अवस्था विद्यमान छ। केन्द्रीय कार्यालयलाई पटकपटक भवन निर्माण विभागले सुरक्षाको कारण दर्साउँदै घर सर्न जनाउ दिइसकेको भए पनि उपयुक्त भवन वा स्थानको अभावमा सो कार्य हुन सकेको छैन। कतिपय कार्यालयहरू हालसम्म पनि अपायक र साँगुरो स्थानमा रहेका छन्। अपर्याप्त कार्यकक्ष, भौतिक संरचना, पटक-पटक कार्यालय सर्नुपर्ने आदि कारणहरू आयोगलाई आफ्ना कार्यक्रम तथा गतिविधिहरू अगाडि बढाउन बाधक बनेका छन्।

उक्त मुख्य समस्याहरूका अतिरिक्त अन्य समस्याहरूलाई मध्यनजर गर्दै समस्या समाधानको निमित्त निम्नानुसारका सुझावहरू प्रस्तुत गरिएको छ।

### १. नेपाल सरकारलाई

- मानवअधिकार उल्लङ्घन तथा ज्यादती भएका भनी आयोगमा प्राप्त उजुरीहरूमाथि आयोगबाट सम्पन्न अनुगमन तथा अनुसन्धानबाट प्राप्त तथ्य/प्रमाणको आधारमा आयोगबाट गरिएका सिफारिसहरूको कार्यान्वयन गरी दण्डहीनताको संस्कृतिको अन्त गरी मानवअधिकार संस्कृतिको विकास गर्न,
- गैरकानुनी कार्यमा संलग्न मन्त्री एवम् जोकोहीलाई कानुनी दायरामा ल्याई प्रभावकारी शान्तिसुरक्षा र सुव्यवस्था कायम गर्न,
- मानवअधिकार र मानवीय कानुन उल्लङ्घनका दोषीहरूलाई जवाफदेही बनाउन एवम् पीडितलाई न्याय प्रदान गर्न,

- राज्यद्वारा बेपत्ता बनाइएका व्यक्तिहरूको अवस्था सार्वजनिक गरी दोषीलाई कानुनी कारबाही र पीडित पक्षलाई न्याय दिलाउन,
- बेपत्ता छानविन आयोग, सत्यनिरूपण तथा मेलमिलाप आयोग, राज्यको पुनर्संरचनासम्बन्धी आयोगलगायत विस्तृत शान्तिसम्झौता तथा नेपालको अन्तरिम संविधानले व्यवस्था गरेका आयोगहरू गठन गर्न,
- नेपालको अन्तरिम संविधान र विस्तृत शान्तिसम्झौताबमोजिम एनेकपा (माओवादी)का लडाकुहरूलाई संमायोजन र व्यवस्थापन कार्य सम्पन्न गर्न,
- तोकिएको समयमा संविधान निर्माणको लागि आफ्नो तर्फबाट आवश्यक वातावरण तय गर्न,
- बेवारिसे अवस्थामा छाडिएका बम बिस्फोटमा परी केही स्थानमा सर्वसाधारण र बालबालिकाहरू घाइते भएको र मृत्युसमेत भएको पाइएकोले त्यस्ता कार्य हुन नदिन दुवै पक्ष (सुरक्षाकर्मी) तथा नेकपा (माओवादी)ले तत्काल विद्युतीय धराप तथा बिस्फोटक पदार्थ राखिएको स्थान पहिचान गरी निष्क्रिय गराउन,
- सशस्त्र द्वन्द्वको क्रममा विस्थापितहरूलाई पुनःस्थापित गराउनको लागि आवश्यक व्यवस्था गर्न र तत्कालीन नेकपा (माओवादी)द्वारा कब्जामा लिइएको सम्पत्ति फिर्ताको निम्ति आवश्यक व्यवस्था गर्न साथै विस्थापितहरूको नोक्सानी भएको सम्पत्तिको मूल्याङ्कन गरी क्षतिपूर्तिको व्यवस्था मिलाउन ।

**२. एनेकपा (माओवादी)लाई :**

- नेपालको अन्तरिम संविधान र विस्तृत शान्तिसम्झौताबमोजिम बाँकी विस्थापितहरूलाई पुनःस्थापित गराउन साथै विस्तृत शान्तिसम्झौता सम्पन्न हुनुअघि र पछि कब्जामा लिएका चल-अचल सम्पत्तिहरू फिर्ता गर्न,
- कानुनी राज्यको मान्यतालाई पालना गर्न,
- एनेकपा (माओवादी)ले सशस्त्र द्वन्द्वको क्रममा अपहरण गरी अवस्था अज्ञात बनाएका व्यक्तिहरूको अवस्था सार्वजनिक गरी पीडित पक्षलाई न्यायको अनुभूति दिलाउन र
- फरक विचारमा आस्था राख्ने हरेक राजनीतिक पार्टीहरूका शान्तिपूर्ण कार्यक्रमहरूमा कुनै पनि अवरोध नपुऱ्याउन ।

**३. अन्य राजनीतिक दलहरूलाई :**

- जुनसुकै विचारमा आस्था राख्ने हरेक राजनीतिक पार्टीहरूका शान्तिपूर्ण कार्यक्रमहरूमा कुनै पनि अवरोध नपुऱ्याउन र
- संविधान निर्माण, दण्डहीनताको अन्त्य, कानुनी राजको सम्मानमा र शान्तिसुरक्षाको लागि सरकारलाई विशेष पहल गर्न ।

# अनुसूची – १

## (क)

## राष्ट्रिय मानवअधिकार आयोग
## पदाधिकारी तथा कर्मचारीहरूको विवरण

| पदाधिकारीहरू | | |
|---|---|---|
| क्र.स. | नाम र थर | दर्जा |
| १. | माननीय श्री केदारनाथ उपाध्याय | अध्यक्ष |
| २. | माननीय श्री रामनगिना सिंह | सदस्य |
| ३. | माननीय श्री गौरी प्रधान | सदस्य |
| ४. | माननीय डा. लीला पाठक | सदस्य |
| ५. | माननीय डा. के.वी. रोकाया | सदस्य |
| कर्मचारीहरू, केन्द्रीय कार्यालय, ललितपुर | | |
| ६. | श्री विशाल खनाल | सचिव |
| ७. | श्री वेदप्रसाद भट्टराई | निर्देशक |
| ८. | श्री सुवर्णकुमार कर्माचार्य | निर्देशक |
| ९. | श्री कोषराज न्यौपाने | उप-निर्देशक |
| १०. | श्री अच्युत आचार्य | उप-निर्देशक |
| ११. | श्री सूर्यबहादुर देउजा | मानवअधिकार अधिकृत |
| १२. | श्री माधव गौतम | मानवअधिकार अधिकृत |
| १३. | श्री प्रेमबहादुर थापा | मानवअधिकार अधिकृत |
| १४. | श्री सरिता ज्ञवाली | मानवअधिकार अधिकृत |
| १५. | श्री सम्झना शर्मा | मानवअधिकार अधिकृत |
| १६. | श्री बासुदेव बजगाईं | मानवअधिकार अधिकृत |
| १७. | श्री उमा जोशी | मानवअधिकार अधिकृत |
| १८. | श्री मञ्जु खतिवडा | मानवअधिकार अधिकृत |
| १९. | श्री सुवोध पोखरेल | मानवअधिकार अधिकृत |
| २०. | श्री जायश्वर चापागाईं | मानवअधिकार अधिकृत |

| क्र.स. | नाम र थर | दर्जा |
|---|---|---|
| २१. | श्री गीताकुमारी दाहाल | मानवअधिकार अधिकृत |
| २२. | श्री ठाकुरप्रसाद चापागाईं | मानवअधिकार अधिकृत |
| २३. | श्री श्रीराम अधिकारी | मानवअधिकार अधिकृत |
| २४. | श्री गणेशप्रसाद अर्याल | मानवअधिकार अधिकृत |
| २५. | श्री रेगम महर्जन | मानवअधिकार अधिकृत |
| २६. | श्री कमल थापाक्षेत्री | मानवअधिकार अधिकृत |
| २७. | श्री श्यामबाबु काफ्ले | मानवअधिकार अधिकृत |
| २८. | श्री सुरेश मल्ल | मानवअधिकार अधिकृत |
| २९. | श्री मायादेवी शर्मा | मानवअधिकार अधिकृत |
| ३०. | श्री तेजमान श्रेष्ठ | मान अधिकार अधिकृत |
| ३१. | श्री कल्पना झा | मानवअधिकार अधिकृत |
| ३२. | श्री कैलाशकुमार सिवाकोटी | मानवअधिकार अधिकृत |
| ३३. | श्री घनश्याम भण्डारी | मानवअधिकार अधिकृत |
| ३४. | श्री लोकनाथ बास्तोला | मानवअधिकार अधिकृत |
| ३५. | श्री भानुभक्त आचार्य | मानवअधिकार अधिकृत |
| ३६.. | श्री भीमप्रकाश वली | मानवअधिकार अधिकृत |
| ३७. | श्री जीवन न्यौपाने | मानवअधिकार अधिकृत |
| ३८. | श्री दिव्यकुमार झा | अधिकृत तृतीय, निजी सहायक–माननीय सदस्यको कार्यकक्ष |
| ३९. | श्री गीता श्रेष्ठ | अधिकृत तृतीय, निजी सहायक–माननीय सदस्यको कार्यकक्ष |
| ४०. | श्री मिलनराज जोशी | अधिकृत तृतीय, निजी सहायक–माननीय सदस्यको कार्यकक्ष |
| ४१. | श्री लोककुमार श्रेष्ठ | अधिकृत तृतीय, निजी सहायक–माननीय सदस्यको कार्यकक्ष |
| ४२. | श्री तारादेवी वाग्ले | सहायक प्रथम |
| ४३. | श्री पुनम मुनाकर्मी | सहायक प्रथम |
| ४४. | श्री जीतेन्द्र कार्की | लेखापाल |
| ४५. | श्री रारा कर्माचार्य | लेखापाल |
| ४६. | श्री सूर्यप्रसाद लामिछाने | सहायक प्रथम |

| क्र.स. | नाम र थर | दर्जा |
|---|---|---|
| ४७. | श्री निमराज भट्टराई | सहायक प्रथम |
| ४८. | श्री जनकराज भट्ट | सहायक प्रथम |
| ४९. | श्री खिमानन्द बस्याल | सहायक प्रथम |
| ५०. | शम्भु के.सी. | सहायक प्रथम |
| ५१. | श्री सीता रेग्मी | सहायक प्रथम |
| ५२. | श्री मन्दिरा श्रेष्ठ | सहायक प्रथम |
| ५३. | श्री सागर श्रेष्ठ | सहायक प्रथम |
| ५४. | श्री यादव पौडेल | सवारी चालक |
| ५५. | श्री कृष्णबहादुर श्रेष्ठ | सवारी चालक |
| ५६. | श्री उत्तमबहादुर थापाक्षेत्री | सवारी चालक |
| ५७. | श्री श्रीराम कार्की | सवारी चालक |
| ५८. | श्री सन्तबहादुर तामाङ | सवारी चालक |
| ५९. | श्री रामकृष्ण थारु | सवारी चालक |
| ६०. | श्री नेत्रबहादुर श्रेष्ठ | कार्यालय सहायक |
| ६१. | श्री सूर्यकान्त खतिवडा | कार्यालय सहायक |
| ६२. | श्री ज्ञानेन्द्र महर्जन | कार्यालय सहायक |
| ६३. | श्री रोजीना तामाङ | कार्यालय सहायक |
| ६४. | श्री राधा दाहाल | कार्यालय सहायक |
| ६५. | श्री इन्द्रबहादुर सुवाल | माली |
| ६६. | श्री हिरामाया महर्जन | क्लिनर |
| ६७. | श्री चन्द्रकला विष्ट | क्लिनर |
| ६८. | श्री विन्दा पाण्डे | कार्यालय सहायक |
| ६९. | श्री इन्दिरा पोखरेल | कार्यालय सहायक |
| ७०. | श्री तारा वास्तोला | कार्यालय सहायक |
| ७१. | श्री नविन्द्र लामा | कार्यालय सहायक |
| ७२. | श्री प्रमोद राय | कार्यालय सहायक |
| **क्षेत्रीय कार्यालय विराटनगर** | | |
| ७३. | श्री शङ्करनाथ अधिकारी | नि.निर्देशक |
| ७४. | श्री नन्दकिशोरप्रसाद यादव | मानवअधिकार अधिकृत |
| ७५. | श्री अर्जुनप्रसाद कोइराला | मानवअधिकार अधिकृत |

| क्र.स. | नाम र थर | दर्जा |
|---|---|---|
| ७६. | श्री बालकृष्ण पोखेल | मानवअधिकार अधिकृत |
| ७७. | श्री लेखराज थापामगर | लेखा तथा प्रशासन सहायक |
| ७८. | श्री सुजन श्रेष्ठ | सवारी चालक |
| ७९. | श्री देवेन्द्र रेग्मी | कार्यालय सहायक |
| ८०. | श्री मथुरा थापा रेग्मी | कार्यालय सहायक |
| | **क्षेत्रीय कार्यालय जनकपुर** | |
| ८१. | श्री प्रदीपकुमार झा | नि. निर्देशक अधिकृत |
| ८२. | श्री बुद्धनारायण साहनी | मानवअधिकार अधिकृत |
| ८३. | श्री शेरबहादुर दमाई | लेखा तथा प्रशासन सहायक |
| ८४. | श्री सन्तोषकुमार मिश्र | सवारी चालक |
| ८५. | रामनन्दन साह | कार्यालय सहयोगी |
| ८६. | शशिभुषण सिंह | कार्यालय सहयोगी |
| | **क्षेत्रीय कार्यालय पोखरा** | |
| ८७. | श्री यज्ञप्रसाद अधिकारी | नि. निर्देशक |
| ८८. | श्री दुर्गा खड्का | उप-निर्देशक |
| ८९. | श्री बद्रीप्रसाद सुवेदी | मानवअधिकार अधिकृत |
| ९०. | श्री ज्योतीप्रसाद घिमिरे | मानवअधिकार अधिकृत |
| ९१. | श्री यशोदा बञ्जाडे | मानवअधिकार अधिकृत |
| ९२. | श्री सरिता शर्मा पराजुली | मानवअधिकार अधिकृत |
| ९३. | श्री मोहन काफ्ले | लेखा तथा प्रशासन सहायक |
| ९४. | श्री विनोद परियार | सूचना प्रविधि तथा अभिलेख सहायक |
| ९५. | श्री बाबुराम अर्याल | जनसम्पर्क सहायक |
| ९६. | श्री खिमलाल सुवेदी | जनसम्पर्क सहायक |
| ९८. | श्री पवन भण्डारी | कार्यालय सहायक |
| ९९. | श्री सागर राउतक्षेत्री | कार्यालय सहायक |
| १००. | श्री देवु खवास | कार्यालय सहायक |
| | **क्षेत्रीय कार्यालय नेपालगञ्ज** | |
| १०१. | श्री मुरारीप्रसाद खरेल | नि. निर्देशक |
| १०२. | श्री रमेशकुमार थापा | मानवअधिकार अधिकृत |
| १०३. | श्री मोहनदेव जोशी | मानवअधिकार अधिकृत |

| क्र.स. | नाम र थर | दर्जा |
|---|---|---|
| १०४. | श्री हरिप्रसाद ज्ञवाली | मानवअधिकार अधिकृत |
| १०५. | श्री भुवन नाथ | लेखा तथा प्रशासन सहायक |
| १०६. | श्री दीपक ठाकुर | सूचना प्रविधि तथा अभिलेख सहायक |
| १०७. | श्री सरस्वती नेपाली | जनसम्पर्क सहायक |
| १०८. | श्री घनबहादुर थापा | सवारी चालक |
| १०९. | श्री टीकाराम अधिकारी | कार्यालय सहायक |
| ११०. | श्री सन्तोष चन्द | कार्यालय सहायक |
| | **क्षेत्रीय कार्यालय धनगढी** | |
| १११. | श्री टीकाराम पोखरेल | नि. निर्देशक |
| ११२. | श्री पवनकुमार भट्ट | मानवअधिकार अधिकृत |
| ११३. | श्री झङ्करबहादुर रावल | मानवअधिकार अधिकृत |
| ११४. | श्री दीपेन्द्रबहादुर सिंह | मानवअधिकार अधिकृत |
| ११५. | श्री जगतराम चौधरी | सवारी चालक |
| ११६. | श्री ज्ञानेन्द्र गहतराज | कार्यालय सहायक |
| ११७. | श्री तीलु थापा | कार्यालय सहायक |
| | **उप-क्षेत्रीय, कार्यालय खोटाङ** | |
| ११८. | श्री नीतु गर्तौला | मानवअधिकार अधिकृत |
| ११९. | श्री अजितकुमार ठाकुर | लेखा तथा प्रशासन सहायक |
| १२०. | श्री युवराज रिजाल | कार्यालय सहायक |
| | **उप-क्षेत्रीय कार्यालय वुटवल** | |
| १२१. | श्री दिपकजङध्वज कार्की | नि. निर्देशक |
| १२२. | श्री चन्द्रकान्त चापागाईं | मानवअधिकार अधिकृत |
| १२३. | श्री धनप्रसाद चापागाईं | लेखा तथा प्रशासन सहायक |
| १२४. | श्री अनिजकुमार परियार | प्रशासन सहायक |
| १२५. | श्री विष्णु पराजुली | सवारी चालक |
| १२६. | श्री टीकाराम पन्थी | कार्यालय सहायक |
| | **उप-क्षेत्रीय कार्यालय जुम्ला** | |
| १२७. | श्री वीरवहादुर बुढामगर | संरक्षण अधिकृत |
| १२८. | श्री मेनुका पोखरेल | कार्यालय सहायक |

# अनुसूची – २
## (क)

## क्षेत्रगत आधारमा आयोगमा परेका उजुरीहरूको विवरण

| महिना | केन्द्रीय कार्यालय | क्षेत्रीय कार्यालय | | | | | उपक्षेत्रीय कार्यालय | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | ललितपुर | विराटनगर | पोखरा | नेपालगञ्ज | धनगढी | जनकपुर | खोटाङ | बुटवल | जुम्ला | |
| साउन | ८ | ७ | ५ | ९ | २ | ४ | १ | ५ | × | ४१ |
| भदौ | ९ | १४ | २ | ८ | २ | २ | × | १ | × | ३८ |
| असोज | ७ | ४ | २ | २ | २ | ९ | × | १ | × | २७ |
| कार्तिक | १२ | ६ | ८ | ४ | २ | १० | × | २ | ४ | ४८ |
| मङ्सिर | ६ | ९ | १ | १ | ८ | १ | × | २ | × | २८ |
| पुस | ८ | ७ | १४ | १ | १ | ३ | × | १ | २ | ३७ |
| माघ | १२ | १० | २ | ४ | × | ११ | × | १ | × | ४० |
| फागुन | २० | ३ | × | × | १ | ५ | × | २ | × | ३१ |
| चैत | ८ | ३ | १ | २ | ४ | ५ | ३ | १ | × | २७ |
| वैशाख | ६ | ५ | २ | १ | १ | × | × | × | × | १५ |
| जेठ | १६ | ९ | × | ३ | २ | १० | × | × | × | ४० |
| असार | ९ | ६ | ६ | १ | १ | ५ | × | ३ | × | ३१ |
| जम्मा | १२१ | ८३ | ४३ | ३६ | २६ | ६५ | ४ | १९ | ६ | ४०३ |

## अनुसूची – २ (ख)

## विषयगत आधारमा आयोगमा परेका उजुरीहरूको विवरण

| क्र.सं. | उल्लङ्घनको विषय | आरोपित उल्लङ्घनकर्ता | २०६६ साउन | भदौ | असोज | कार्तिक | मङ्सिर | पुस | माघ | फागुन | चैत | २०६७ वैशाख | जेठ | असार | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | हत्या | सुरक्षाकर्मी/हिरासतमा मृत्यु | ६ | २ | २ | ३ | २ | १ | १ | ५ | १ | × | २ | ४ | २९ |
| | | एनेकपा (माओवादी) | १ | २ | १ | × | १ | × | × | × | × | × | × | १ | ६ |
| | | अन्य | × | १ | २ | × | × | × | × | × | × | × | × | २ | ५ |
| ४ | अपहरण/बेपत्ता | एनेकपा (माओवादी) | ६ | × | १ | × | × | × | १ | × | × | २ | × | २ | १२ |
| | | सुरक्षाकर्मी | २ | २ | × | २ | २ | ९ | ३ | × | × | × | २ | २ | २४ |
| | | अज्ञात/अन्य | ३ | × | २ | २ | ३ | × | × | × | × | × | २ | १ | १३ |
| ७ | यातना/दुर्व्यवहार | सुरक्षाकर्मी | ६ | ५ | १ | ६ | × | ४ | ७ | ९ | ७ | १ | १ | २ | ४९ |
| | | एनेकपा (माओवादी)/अन्य | ३ | × | १ | × | × | × | २ | २ | × | २ | १ | १ | १२ |
| ९ | कुटपिट/घाइते | सुरक्षाकर्मी | × | २ | १ | १ | १ | × | १ | × | १ | × | × | १ | ८ |
| | | एनेकपा (माओवादी) | ३ | × | × | × | × | ५ | १ | १ | १ | × | × | × | ११ |
| | | अन्य | ३ | × | १ | × | × | १ | × | × | × | × | × | १ | ६ |
| १२ | बम विष्फोटन | | × | × | × | × | × | × | × | × | × | × | × | १ | १ |
| १४ | कारागार/गैरन्यायिक थुना | | × | ३ | × | ३ | १ | २ | १ | १ | × | ३ | ३ | २ | १९ |
| १५ | धम्की | एनेकपा (माओवादी)/वाईसीएल | × | × | १ | × | × | × | १ | × | × | × | × | × | २ |
| १६ | | सुरक्षाकर्मी | × | १ | × | ३ | २ | ३ | १ | × | × | १ | × | १ | १२ |
| १७ | | अन्य/अज्ञात | १ | १ | १ | १ | × | × | १ | ३ | × | × | × | १ | ९ |

| क्र.सं. | उल्लङ्घनको विषय | आरोपित उल्लङ्घनकर्ता | २०६६ साउन | भदौ | असोज | कार्तिक | मङ्सिर | पुस | माघ | फागुन | चैत | २०६७ वैशाख | जेठ | असार | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १८ | बिस्थापित | एनेकपा (माओवादी) | ३ | १ | × | ३ | × | × | × | १ | २ | × | ४ | २ | १६ |
| १९ | | सुरक्षाकर्मी | १ | × | × | × | × | × | × | × | × | × | × | × | १ |
| २० | | बिस्थापित / अन्य | × | १ | १ | × | × | × | × | × | × | × | × | × | २ |
| २१ | सम्पत्ति कब्जा | एनेकपा ( माओवादी) | २ | × | × | १ | × | × | × | १ | १ | × | ३ | १ | ९ |
| २२ | | सुरक्षाकर्मी | १ | × | × | × | १ | १ | १ | × | × | × | × | × | ४ |
| २३ | | अन्य | × | × | १ | १ | × | × | × | × | × | × | × | × | २ |
| २४ | क्षतिपूर्ति | | १ | ३ | २ | १ | × | २ | × | × | × | × | × | × | ९ |
| २५ | नागरिक तथा राजनीतिक अधिकार | | × | × | × | × | × | × | १ | × | × | × | × | × | १ |
| २७ | आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार | | | ३ | २ | ३ | ३ | १ | × | × | २ | × | ३ | १ | १८ |
| २८ | बाल अधिकार | | १ | २ | × | २ | × | × | २ | २ | | ३ | २ | १ | १५ |
| २९ | महिला अधिकार | | ४ | ४ | ४ | ३ | × | × | २ | १ | ४ | × | ५ | १ | २८ |
| ३० | न्यायप्रशासन | | २ | ४ | ४ | ११ | ६ | ५ | ९ | २ | ६ | २ | १२ | ३ | ६६ |
| ३१ | अन्य | | × | २ | × | २ | × | ५ | १ | ३ | १ | × | × | × | ९ |
| | जम्मा | | ४९ | ३९ | २८ | ४८ | २२ | ३५ | ३६ | ३१ | २६ | १४ | ४० | ३१ | ४०३ |

# अनुसूची – ३

## मानवअधिकार अवस्थाको अनुगमन विवरण

### केन्द्रीय कार्यालय, हरिहरभवन, ललितपुर

| क्र.सं. | अनुगमनको विषय | अनुगमन मिति | अनुगमन स्थान | सहकार्य वा एकल | कैफियत |
|---|---|---|---|---|---|
| १ | झाडा पखलाबाट प्रभावित व्यक्तिहरूको अवस्था | २०६६/४/२२ | जाजरकोट/रुकुम/सुर्खेत | | केन्द्र तथा क्षेत्रीय कार्यालयको सहकार्य |
| २ | भुटानी मानव अधिकारकर्मी रतन गजमेरलाई अध्यागमन विभागद्वारा प्रकाउ | २०६६/५/४ | गौशाला, काठमाडौं | एकल | |
| ३ | गोली लागी घाइते (महिला) | २०६६/५/९ | ललितपुर | एकल | |
| ४ | खाद्यवस्तुको नमूना सङ्कलन | २०६६/५/१० | खाद्यप्रविधि तथा गुण नियन्त्रण विभाग, काठमाडौं | एकल | |
| ५ | जीएम फुड | २०६६/५/२३ | कृषि तथा सहकारी मन्त्रालय, काठमाडौं | एकल | |
| ६ | सहिद परिवारबाट आत्मदाह | २०६६/५/१४-२६ सम्म | रत्नपार्क, काठमाडौं | एकल | आयोग र विभिन्न मानव अधिकारको क्षेत्रमा कार्यरत सङ्घसस्था |
| ७ | आंशिक प्राध्यापक सङ्घद्वारा आयोजित आमरण अनशन | २०६६/५/२६ | रत्नपार्क, काठमाडौं | एकल | |
| ८ | नेपाली काङ्ग्रेस पार्टी कार्यालयमा गराइएको बम विष्फोटन | २०६६/५/२८ | काठमाडौं | एकल | |

| क्र.सं. | अनुगमनको विषय | अनुगमन मिति | अनुगमन स्थान | सहकार्य वा एकल | कैफियत |
|---|---|---|---|---|---|
| ९ | विरामीको तथ्याङ्क सङ्कलन | २०६६/५/ | इपिडोलोजी तथा रोग नियन्त्रण महाशाखा, काठमाडौं | एकल | |
| १० | यातना | २०६६/६/७ | सिंहदरबार महानगरीय प्रहरी प्रभाग, काठमाडौं | एकल | |
| ११ | खाद्यान्नसम्बन्धी नमूना परीक्षण प्रतिवेदन, जीएम फुड र इपिडोमोलोजी तथा रोग नियन्त्रण महाशाखामा मृतक (विरामी)को तथ्याङ्क सङ्कलन | २०६६/६/२२ | कृषि तथा सहकारी मन्त्रालय, स्वास्थ्य मन्त्रालय, खाद्य-प्रविधि तथा गुण नियन्त्रण विभाग र इपिडोमोलोजी तथा रोग नियन्त्रण महाशाखा, काठमाडौं | एकल | |
| १२ | शान्तिसुरक्षा | २०६६/६/ २७ | टेकु, काठमाडौं | एकल | |
| १३ | विधिविज्ञान प्रयोगशालामा पठाइएका बलात्कार भनिएको घटनाको नमूना परीक्षण | २०६६/७/४ | महाराजगञ्ज, काठमाडौं | एकल | |
| १४ | "हामी सक्छौं" नारासहितको मेची-महाकाली महिला अभियान पदयात्रा | २०६६/७/२२ | भक्तपुर | एकल | |
| १५ | एनेकपा (माओवादी)द्वारा उपत्याका नाकाबन्दी | २०६६/७/२४ | ललितपुर | एकल | |
| १६ | विस्थापितहरूको अवस्था | २०६६/७/२५-८/३ सम्म | धादिङ | एकल | |
| १७ | एनेकपा (माओवादी) द्वारा जिल्ला प्रशासन घेराउ | २०६६/७/२६–२७ सम्म | सिंहदरबार, काठमाडौ | संयुक्त | आयोग, विभिन्न मानव अधिकारको क्षेत्रमा कार्यरत सङ्घसंस्था र ओएचसीएचआर |

| क्र.सं. | अनुगमनको विषय | अनुगमन मिति | अनुगमन स्थान | सहकार्य वा एकल | कैफियत |
|---|---|---|---|---|---|
| १८ | कारागार एवम् बन्दीहरूको अवस्था | २०६६/८/१८ | कारागार शाखा, रामेछाप | एकल | |
| १९ | पत्रकार टीका विष्टमाथि भएको कुटपिट | २०६६/८/२५ | मोडल अस्पताल, काठमाडौं | एकल | |
| २० | सल्यान घटनाका घाइतेहरू | २०६६/८/ २९ | मनमोहन अस्पताल, काठमाडौं | एकल | |
| २१ | एनेकपा (माओवादी) द्वारा आयोजित आमहड्ताल | २०६६/९/५–७ सम्म | काठमाडौं/ललितपुर/भक्तपुर | एकल | |
| २२ | महिलामाथि कुटपिट एवम् दुर्व्यवहार | २०६६/९/ ६ | रत्नपार्क, काठमाडौं | एकल | |
| २३ | एनेकपा (माओवादी) द्वारा आयोजित आमहड्तालको क्रममा घाइते बन्न पुगेका प्रहरी | २०६६/९/ ६ | न्यूरो अस्पताल, काठमाडौं | एकल | |
| २४ | बम विष्फोटन | २०६६/९/१५–१९ सम्म | भण्डारा, चितवन | एकल | |
| २५ | गोली प्रहारबाट घाइते एक व्यक्ति | २०६६/९/ १८ | शिक्षण अस्पताल, काठमाडौं | एकल | |
| २६ | महिलामाथिको घरेलु हिंसा | २०६६/९/१९ | काठमाडौं | एकल | |
| २७ | एनेकपा (माओवादी)का घाइते ३ कार्यकर्ताको उपचार र स्वास्थ्यस्थिति | २०६६/९/ २२ | नर्भिक अस्पताल, काठमाडौं | एकल | |
| २८ | मानसिक यातना | २०६६/९/ २२ | महानगरीय प्रहरी वृत्त, सिंहदरबार, काठमाडौं | एकल | |
| २९ | कारागार एवम् बन्दीहरूको अवस्था | २०६६/९/२३ | धादिङ | एकल | |
| ३० | क्षेत्री समाजद्वारा आयोजित विरोध प्रर्दशन | २०६६/१०/२८ | काठमाडौं | एकल | |

| क्र.स. | अनुगमनको विषय | अनुगमन मिति | अनुगमन स्थान | सहकार्य वा एकल | कैफियत |
|---|---|---|---|---|---|
| ३१ | गैरकानुनी थुना | २०६६/११/४ | महानगरीय प्रहरी परिसर, हनुमानढोका, काठमाडौं | एकल | |
| ३२ | सञ्चार उद्यमी जमीम साहको मृत्यु | २०६६/११/४ | पानीपोखरी, काठमाडौं | एकल | |
| ३३ | एनेकपा (माओवादी)द्वारा विस्तृत शान्तिसम्झौताविपरीत सरकारले हातहतियार ल्याएको भनी विरोध प्रदर्शन | २०६६/११/८ | धदिङ | एकल | |
| ३४ | एनेकपा (माओवादी)द्वारा सशस्त्र प्रहरीले हतियार ल्याएको भनी आयोजित विरोध कार्यक्रममा प्रहरी र पदर्शनकारीबीच भएको भीडन्त | २०६६/११/८ | सशस्त्र प्रहरी, हल्चोक, काठमाडौं | एकल | |
| ३५ | घरेलु कामकाजको लागि राखिएका वर्ष १५ वर्षीय बालकलाई चोरीको आरोपमा हिरासतमा राखिएको | २०६६/११/९ | महाराजगञ्ज प्रहरी विट | एकल | |
| ३६ | बन्द | २२०६६/११/१० | काठमाडौं/ललितपुर | एकल | |
| ३७ | राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालको सिंहदरबार घेराउ | २०६६/११/११ | काठमाडौं | एकल | |
| ३८ | एसएलसी परीक्षा | २०६६/११/१२ –१७ | काठमाडौं/ललितपुर/भक्तपुर | एकल | |
| ३९ | बाल अधिकार अवस्था एवम् सुझाव सङ्कलन | २०६६/११/७–१४ सम्म | कपिलवस्तु/अर्घाखाँची | एकल | |

| क्र.सं. | अनुगमनको विषय | अनुगमन मिति | अनुगमन स्थान | सहकार्य वा एकल | कैफियत |
|---|---|---|---|---|---|
| ४० | ताम्सालिङ नेपाल राष्ट्रिय दल केन्द्रीय कार्यालय काठमाडौंको आयोजनामा मकवानपुर, चितवन र धादिङ बन्द | २०६६/१२/१ | काठमाडौं | एकल | |
| ४१ | धम्की | २०६६/१२/६ | महानगरीय प्रहरी वृत्त, सोह्रखुट्टे, काठमाडौं | एकल | |
| ४२ | अस्पताल बन्द/हड्तालबाट परेको प्रभाव | २०६६/१२/१२ | शिक्षण अस्पताल, महाराजगञ्ज, काठमाडौं | एकल | |
| ४३ | यातना | २०६६/१२/१७ | महानगरीय प्रहरी परिसर, हनुमानढोका, काठमाडौं | एकल | |
| ४४ | राज्यद्वारा बेपत्ता पारिएका व्यक्तिहरूको स्थितिको सार्वजनिकको माग गर्दै योद्धा समाजको आयोजनामा जिल्ला प्रशासन कार्यालय धर्ना | २०६६/१२/१७ | ललितपुर | एकल | |
| ४५ | न्यायप्रशासन | २०६६/१२/२५ | जिल्ला प्रहरी कार्यालय, ललितपुर | एकल | |
| ४६ | राजधानी दैनिकमा पत्रकार र व्यवस्थापनबीच देखिएको तनाव | २०६६/१२/२६ | राजधानी दैनिक, ललितपुर | एकल | |
| ४७ | त्रिचन्द्र कलेजमा भएको विद्यार्थीबीचको झडपबाट सिर्जित अवस्था र घाइतेहरूको स्थिति | २०६६/१२/३१ | मोडेल हस्पिटल, काठमाडौं | एकल | |

| क्र.सं. | अनुगमनको विषय | अनुगमन मिति | अनुगमन स्थान | सहकार्य वा एकल | कैफियत |
|---|---|---|---|---|---|
| ४८ | बर्दिया निकुञ्ज घटनाका र जनकपुर बलात्कार घटनाका दोषीमाथि कारवाहीको लागि आयोजित दवाबमूलक कार्यक्रम | २०६७/१/५ | काठमाडौं | एकल | |
| ४९ | राष्ट्रिय दैनिक पत्रिका राजधानीको प्रकाशन तथा वितरणमा अवरोध | २०६७/१/५ | ललितपुर | एकल | |
| ५० | भगौडा भनिएका प्रहरी तथा सेनाहरू र त्यसबाट सिर्जित अवस्था | २०६७/१/६ | महानगरीय प्रहरी परिसर, हनुमानढोका, काठमाडौं | एकल | |
| ५१ | कारागार एवम् बन्दीको अवस्था | २०६७/१/१५ | केन्द्रीय कारागार, काठमाडौं | एकल | |
| ५२ | अधिवक्ता श्रीकृष्ण सुवेदीमाथि कुटपिट भनिएको घटना | २०६६/१/८ | इन्हुरेड इन्टरनेशनल, ललितपुर | एकल | |
| ५३ | एनेकपा (माओवादी)द्वारा आयोजित आमहड्ताल | २०६७/१/१८–२४ सम्म | काठमाडौं/ललितपुर/भक्तपुर | एकल | |
| ५४ | घरमा काम गर्न राखिएको बालकलाई प्रहरी परिवारद्वारा दिइएको यातना | २०६७/२/२० | प्रहरी वृत्त, बौद्ध/ कान्ति बाल अस्पताल, काठमाडौं | एकल | |
| ५५ | क्रान्तिकारी विद्यार्थीहरूद्वारा चक्रवर्ती ल कलेजमा गरिएको तालाबन्दी | २०६७/२/१७ | काठमाडौं | एकल | |
| ५६ | एनेकपा (माओवादी)का कार्यकर्ताहरूद्वारा कुटपिट गरिएको भनिएको घटना र घाइतेको स्वास्थ्यस्थिति | २०६७/३/८ | अल्का अस्पताल, ललितपुर | एकल | |

| क्र.सं. | अनुगमनको विषय | अनुगमन मिति | अनुगमन स्थान | सहकार्य वा एकल | कैफियत |
|---|---|---|---|---|---|
| ५७ | गैरकानुनी थुना | २०६७/३/१५ | जिल्ला प्रहरी कार्यालय, हनुमानढोका, काठमाडौं | एकल | |
| ५८ | बाँच्न पाउने अधिकार | २०६७/३/१८ | नेपाल मानव अधिकार सङ्गठन, काठमाडौं | एकल | |
| ५९ | यातना | २०६७/३/८ | स्टार अस्पताल, ललितपुर | एकल | |
| ६० | यातना | २०६७/३/९ | वी एण्ड वी हस्पिटल, सानेपा | एकल | |
| ६१ | घरमा काम गर्न राखिएका बालकलाई प्रहरी परिवारद्वारा दिइएको यातना पाएका बालक परिवारलाई जिम्मा | २०६७/३/१४ | जिल्ला प्रहरी कार्यालय, काठमाडौं | एकल | |

## क्षेत्रीय कार्यालय, विराटनगर

| क्र.सं. | अनुगमनको विषय | अनुगमन मिति | अनुगमन स्थान | सहकार्य वा एकल | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्रहरीद्वारा स्थानीय युवाहरूलाई कुटपिट | २०६६/५/२ | सुनसरी | | |
| २ | एनेकपा (माओवादी)द्वारा आयोजित आमसभा | २०६६/५/२१ | मोरङ | | |
| ३ | सुधारगृहमा मृत्यु | २०६६/५/२२ | झापा | | |
| ४ | सरकारी कार्यालय तथा संस्थानको सेवा प्रवाह | २०६६/५/२५–३१ सम्म | तेह्रथुम | एकल | |
| ५ | झुम्का कारागारमा मृत्यु | २०६६/५/३१ | सुनसरी | एकल | |
| ६ | प्रहरी जवानबाट जबर्जस्ती करणी | २०६६/६/२ | धरान, सुनसरी | एकल | |
| ७ | सियोन चर्चको टहरो भत्की भएको २५ जनाको मृत्यु | २०६६/६/१९–२० सम्म | धरान, सुनसरी | एकल | |
| ८ | प्रधानमन्त्रीविरुद्धको प्रदर्शन | २०६६/७/१६ | मोरङ | एकल | |
| ९ | एनेकपा (माओवादी)द्वारा जिल्ला प्रशासन घेराउ | २०६६/७/१८ | मोरङ | एकल | |
| १० | एनेकपा (माओवादी)द्वारा जिल्ला प्रशासन घेराउ | २०६६/७/१९ | सुनसरी | एकल | |
| ११ | जिल्लामा बालबालिकाको शिक्षाको अवस्था | २०६६/८/१५– २१ सम्म | सिरहा | एकल | |

| क्र.सं. | अनुगमनको विषय | अनुगमन मिति | अनुगमन स्थान | सहकार्य वा एकल | कैफियत |
|---|---|---|---|---|---|
| १२ | जिल्लाबाट परेका उजुरीहरूको कार्यान्वयन अवस्था | २०६६/८/१५–२० सम्म | सिरहा | एकल | |
| १३ | महिला अधिकारको अवस्था | २०६६/८/११–१८ सम्म | सङ्खुवासभा | एकल | |
| १४ | जिल्ला कारागार शाखा एवम् बन्दीको अवस्था | २०६६/८/१६ | सङ्खुवासभा | एकल | |
| १५ | एनेकपा (माओवादी)द्वारा आयोजित नेपाल बन्दमा मानव अधिकार अवस्था | २०६६/९/५–७ | मोरङ/सुनसरी | एकल | |
| १६ | पृथ्वीजयन्ती मनाउने क्रममा एनेकपा (माओवादी)का कार्यकर्ताहरूसँग झडप हुन सक्ने अवस्था | २०६६/९/२७ | मोरङ | एकल | |
| १७ | बाल अधिकारको अवस्था | २०६६/११/९–१५ सम्म | भोजपुर | संयुक्त | केन्द्रीय र क्षेत्रीय कार्यालय |
| १८ | अन्तरजातीय विवाह | २०६६/१२/३ र २० | सुनसरी | एकल | |
| १९ | एसएलसी परीक्षा | २०६६/१२/१६ | मोरङ | एकल | |
| २० | मधेसी जनअधिकार फोरम, नेपालद्वारा २ दिने बन्द कार्यक्रम | २०६६/१२/२६ | मोरङ/सुनसरी | एकल | |
| २१ | एनेकपा (माओवादी)द्वारा आयोजित आमसभा | २०६७/१/१८ | मोरङ/सुनसरी | एकल | |
| २२ | एनेकपा (माओवादी)द्वारा आयोजित बन्द कार्यक्रम | २०६७/१/१९–२४ सम्म | मोरङ/सुनसरी/सप्तरी | एकल | |
| २३ | थरूहट राज्यसमितिद्वारा विद्यालय प्रयोग | २०६७/३/१६ | सुनसरी | एकल | |

## उपक्षेत्रीय कार्यालय, खोटाङ

| क्र.सं. | अनुगमनको विषय | अनुगमन मिति | अनुगमन स्थान | सहकार्य वा एकल | कैफियत |
|---|---|---|---|---|---|
| १ | २०६७ वैशाख २१ गते बेलुका करिब ८.०० बजे किराँत जनवादी वर्कर्स पार्टीबाट लुटिएको तुनथला प्रहरी चौकीको अवस्था एवम् घटना | २०६७/१/२२–२५ सम्म | खोटाङ | संयुक्त | आयोग, इन्सेक, र आरआरएन |
| २ | एनेकपा (माओवादी)द्वारा बन्द शैक्षिक संस्था खुलाउने वातावरण तयसम्वन्धमा | २०६७/२/१३–२१ सम्म | खोटाङ | एकल | |
| ३ | किराँत जनवादी वर्कर्स पार्टीका कार्यकर्ता भएको आशङ्कामा पक्राउ परेका १८ वर्षीय देवानसिंह राईलाई परीक्षा दिने वातावरण तयसम्वन्धमा | २०६७/२/ ३ | खोटाङ | संयुक्त | आयोग र इन्सेक |
| ४ | बालअधिकार (एक आश्रयविहीन बालकलाई बालसंरक्षण सेवा केन्द्रमा जिम्मा लगाइएको) | फागुन २०६६ | खोटाङ | संयुक्त | आयोग, जिल्ला बालकल्याण समति र जिल्ला प्रहरी कार्यालय, खोटाङ |
| ५ | यातना/धम्की | चैत, २०६६ | इलाका प्रहरी कार्यालय ऐँसेलुखर्क र प्रहरी चौकी डुम्रेधारापानी, खोटाङ | | आकस्मिक अनुगमन |
| ६ | बाल अधिकार (संरक्षणविहीन नाबालकलाई सरक्षकत्व) | वैशाख, २०६७ | खोटाङ | संयुक्त | |

## क्षेत्रीय कार्यालय, जनकपुर

| क्र.सं. | अनुगमनको विषय | अनुगमन मिति | अनुगमन स्थान | सहकार्य वा एकल | कैफियत |
|---|---|---|---|---|---|
| १ | बोक्सीको आरोपमा निर्मम कुटपिट एवम् मलमूत्र खुवाएको घटना | २०६६/४/६ | बसविट्टी- ८, महोत्तरी | अन्य मानव अधिकारकर्मीसंग सहकार्य | |
| २ | ओम आश्रममा अज्ञात समूहबाट बम विष्फोटन | २०६६/४/१६ | वीरगञ्ज उमपा- १४, पर्सा | एकल | |
| ३ | बम विष्फोटबाट १ जना मृत्यु एवम् २ घाइते | २०६६/४/२६ | पतनु, धनुषा | एकल | |
| ४ | बालआश्रममा आश्रितहरूको बाल अधिकार | २०६६/७/११–१३ | पर्सा | एकल | |
| ५ | उजुरीहरूको स्थितिको पुन: अनुगमन/मानव अधिकार अवस्था | २०६६/७/१९ देखि २१ | रौतहट | प्लान नेपाल | |
| ६ | मधेशी जनअधिकार फोरम, नेपाल धनुषाद्वारा बन्द आह्वान | २०६६/८/९–११ सम्म | धनुषा | आयोग/विभिन्न मानव अधिकारकर्मी सङ्घसंस्था | |
| ७ | पसल तोडफोड/धम्की | २०६६/८/ ३० | सम्सी/बखरीभाट, महोत्तरी | | भारतीय सीमा सुरक्षाकर्मीद्वारा भारतीय र नेपाली नागरिकको पसल तोडफोड गरी धम्कीसमेत दिइएको |
| ८ | समग्र मानव अधिकार अवस्था | २०६६/१०/१३-१७ सम्म | बारा | एकल | |

| क्र.सं. | अनुगमनको विषय | अनुगमन मिति | अनुगमन स्थान | सहकार्य वा एकल | कैफियत |
|---|---|---|---|---|---|
| ९ | समग्र मानव अधिकार अवस्था | २०६६/१०/१७-२० सम्म | पर्सा | एकल | |
| १० | गुठी संस्थानअन्तर्गतको जग्गामा निर्माण गरिएका घरटहराहरू भत्काउँदा प्रहरीसँग भएको झडप | २०६६/१०/११ | मटिहानी, महोत्तरी | एकल | |
| ११ | कैदी-बन्दीहरूको अधिकारको अवस्था | २०६६/१०/७-१० सम्म | जिल्ला कारागार शाखा, रौतहट | एकल | |
| १२ | हिरासतमा रहेका थुनुवाहरूको अवस्था | २०६६/१०/१७ | जिल्ला प्रहरी कार्यालय, बारा | एकल | |
| १३ | मानव अधिकार अवस्था | २०६६/११/११-१५ सम्म | रौतहट | एकल | |
| १४ | सञ्चार उद्यमी अरुणकुमार सिंहानीको हत्या | २०६६/११/१८ | धनुषा | एकल | |
| १५ | मानव अधिकार अवस्था | २०६६/११/२१-२५ सम्म | सर्लाही | एकल | |
| १६ | जिल्ला प्रहरी कार्यालयको हिरासत/जिल्ला कारागार शाखा | २०६६/११/२१-२५ सम्म | सर्लाही | एकल | |
| १७ | द्वन्द्वपीडित समाजद्वारा जिल्ला प्रशासन कार्यालयमा दिइएको ज्ञापनपत्र | २०६६/११/९ | धनुषा | एकल | |
| १८ | प्रजिअलाई आफ्नै कार्यकक्षमा कृषि तथा सहकारी राज्यमन्त्री करिमा बेगमबाट भएको कुटपिट तथा दुर्व्यवहार | २०६६/०८/०६ | पर्सा | एकल | |

| क्र.सं. | अनुगमनको विषय | अनुगमन मिति | अनुगमन स्थान | सहकार्य वा एकल | कैफियत |
|---|---|---|---|---|---|
| १९ | गैरकानुनी थुना/हिरासतमै एक महिलालाई बलात्कार गरेको भनिएको घटनासम्बन्धमा | २०६६/१२/७ | धनुषा | एकल | अस्थायी प्रहरी पोष्ट रेल्वे स्टेशन प्रमुख बाबुराम भाले २ भारतीय नियन्त्रणमा लिई रातभर हिरासतमा राखेको र हिरासतमै एक महिलालाई बलात्कार गरेको भनिएको घटना |
| २० | श्री सरस्वती उच्चनमुना मावि केन्द्र धनुषामा सञ्चालित एसएलसी परीक्षा | ०६६/१२/१२ | धनुषा | एकल | |
| २१ | श्री पिपरा मावि र श्री लचमु उच्चमावि विद्यालय जलेश्वरमा सञ्चालित एसएलसी परीक्षा | ०६६/१२/१३ | महोत्तरी | एकल | |
| २२ | अज्ञात समूहबाट हत्या | ०६६/१२/१७ | महोत्तरी | एकल | |
| २३ | जाहेरी दर्ता नगरेको | ०६६/१२/१९ | रौतहट | एकल | |
| २४ | कारागारमा भएको मृत्युसम्बन्धमा | ०६६/१२/२० | जिल्ला कारागार शाखा, महोत्तरी | एकल | |
| २५ | राहत शिक्षक सङ्घबाट विभिन्न मागहरू राखी जिल्ला शिक्षा कार्यालयमा अनिश्चितकालीन तालाबन्दी | २०६७/१/१६ | धनुषा | एकल | |
| २६ | एनेकपा (माओवादी)द्वारा आयोजित १२१ औं अन्तर्राष्ट्रिय मजदुर दिवसको अवसरमा आयोजित आमसभा | २०६७/१/१८ | जनकपुर, धनुषा | एकल | |

| क्र.सं. | अनुगमनको विषय | अनुगमन मिति | अनुगमन स्थान | सहकार्य वा एकल | कैफियत |
|---|---|---|---|---|---|
| २७ | एनेकपा (माओवादी)द्वारा आयोजित आमहड्ताल | २०६७/१/१९–२० सम्म | | महोत्तरी | एकल |
| २८ | एनेकपा (माओवादी)द्वारा आयोजित आमहड्ताललाई असफल तुल्याउन मधेशी जनअधिकार फोरम (लोकतान्त्रिक )द्वारा आयोजित विरोध ऱ्याली | २०६७/१/२१–२२ | धनुषा | आयोग र अन्य मानव अधिकारसँग आवद्ध सङ्घसंस्थाहरू | |
| २९ | तराई मधेस लोकतान्त्रिक पार्टी र मधेशी जनअधिकार फोरम (लोकतान्त्रिक)द्वारा आयोजित ऱ्याली | २०६७/१/२३ | धनुषा | एकल | |
| ३० | आमहड्ताल | २०६७/१/२० | जलेश्वर, महोत्तरी | | |
| ३१ | अज्ञात समूहको गोली प्रहारवाट ज्यान गुमाएका तराई मलेट्री मोर्चाका केन्द्रीय सैन्य कमान्डरको सम्बन्धमा | २०६७/२/७ | धनुषा | एकल | |
| ३२ | प्रहरी कारवाहीमा मारिएका अवधेशकुमार मण्डलको सम्वन्धमा | २०६७/३/१ | धनुषा | एकल | |
| ३३ | प्रहरी कारवाहीमा मारिएका जनतान्त्रिक तराई मुक्ति मोर्चा ज्वाला सिंहसंग आवद्ध व्यक्तिको सम्वन्धमा | २०६७/३/ २ | जनकपुर अञ्चल अस्पताल, धनुषा | एकल | |

| क्र.स. | नाम र थर | दर्जा |
|---|---|---|
| १०४. | श्री हरिप्रसाद ज्ञवाली | मानवअधिकार अधिकृत |
| १०५. | श्री भुवन नाथ | लेखा तथा प्रशासन सहायक |
| १०६. | श्री दीपक ठाकुर | सूचना प्रविधि तथा अभिलेख सहायक |
| १०७. | श्री सरस्वती नेपाली | जनसम्पर्क सहायक |
| १०८. | श्री घनबहादुर थापा | सवारी चालक |
| १०९. | श्री टीकाराम अधिकारी | कार्यालय सहायक |
| ११०. | श्री सन्तोष चन्द | कार्यालय सहायक |
| | **क्षेत्रीय कार्यालय धनगढी** | |
| १११. | श्री टीकाराम पोखरेल | नि. निर्देशक |
| ११२. | श्री पवनकुमार भट्ट | मानवअधिकार अधिकृत |
| ११३. | श्री झङ्करबहादुर रावल | मानवअधिकार अधिकृत |
| ११४. | श्री दीपेन्द्रबहादुर सिंह | मानवअधिकार अधिकृत |
| ११५. | श्री जगतराम चौधरी | सवारी चालक |
| ११६. | श्री ज्ञानेन्द्र गहतराज | कार्यालय सहायक |
| ११७. | श्री तीलु थापा | कार्यालय सहायक |
| | **उप-क्षेत्रीय, कार्यालय खोटाङ** | |
| ११८. | श्री नीतु गर्तौला | मानवअधिकार अधिकृत |
| ११९. | श्री अजितकुमार ठाकुर | लेखा तथा प्रशासन सहायक |
| १२०. | श्री युवराज रिजाल | कार्यालय सहायक |
| | **उप-क्षेत्रीय कार्यालय बुटवल** | |
| १२१. | श्री दिपकजङध्वज कार्की | नि. निर्देशक |
| १२२. | श्री चन्द्रकान्त चापागाईं | मानवअधिकार अधिकृत |
| १२३. | श्री धनप्रसाद चापागाईं | लेखा तथा प्रशासन सहायक |
| १२४. | श्री अनिजकुमार परियार | प्रशासन सहायक |
| १२५. | श्री विष्णु पराजुली | सवारी चालक |
| १२६. | श्री टीकाराम पन्थी | कार्यालय सहायक |
| | **उप-क्षेत्रीय कार्यालय जुम्ला** | |
| १२७. | श्री वीरबहादुर बुढामगर | संरक्षण अधिकृत |
| १२८. | श्री मेनुका पोखरेल | कार्यालय सहायक |

| क्र.सं. | अनुगमनको विषय | अनुगमन मिति | अनुगमन स्थान | सहकार्य वा एकल | कैफियत |
|---|---|---|---|---|---|
| ३४ | गाविस सचिव इन्द्रकुमार श्रेष्ठलाई गोली हानी हत्या गरिएको सम्बन्धमा | २०६७/३/३–४ सम्म | सर्लाही | आयोग र अन्य मानव अधिकारसँग आवद्ध सङ्घसंस्थाहरू | |
| ३५ | प्रहरी हिरासत एवम् हिरासतमा राखिएका थुनुवाहरूको अवस्था | २०६७/३/१० | जिल्ला प्रहरी कार्यालय, धनुषा | एकल | |
| ३६ | प्रहरी कारबाहीमा मारिएका जनतान्त्रिक तराई मुक्ति मोर्चा गोइत समूहका धनुषा इन्चार्ज बमभोला भनिने प्रदीप यादवको सम्बन्धमा | २०६७/३/२० | धनुषा | एकल | |
| ३७ | प्रहरी कारबाहीमा मारिएका मदन यादवको सम्बन्धमा | २०६७/३/२१-२२ सम्म | जनकपुर अञ्चल अस्पताल, धनुषा | एकल | |

## क्षेत्रीय कार्यालय, पोखरा

| क्र.सं. | अनुगमनको विषय | अनुगमन मिति | अनुगमन स्थान | सहकार्य वा एकल | कैफियत |
|---|---|---|---|---|---|
| १ | - जिल्लाको समग्र मानव अधिकारको अवस्था<br>- कारागार एवम् हिरासतको स्थिति | २०६६/५/२७-३१ सम्म | कास्की | एकल | |
| २ | हिरासतको अवस्था | २०६६/८/१५ | वडा प्रहरी कार्यालय बगर, पोखरा र जिल्ला प्रहरी कार्यालय, कास्की | एकल | |
| ३ | जिल्लाको समग्र मानव अधिकारको अवस्था | २०६६/८/२२-२८ सम्म | मनाङ | एकल | |
| ४ | प्रहरी हिरासत तथा कारागारको अवस्था | | २०६६/८/२३ | मनाङ | एकल |
| ५ | कारागारको अवस्था | २०६६/९/२ | स्याङजा | एकल | |
| ६ | कारागारको अवस्था | २०६६/२/८–९ सम्म | जिल्ला कारागार शाखा, नवलपरासी | एकल | |
| ७ | प्रहरी हिरासतको अवस्था | २०६६/८/१४ | जिल्ला प्रहरी कार्यालय, कास्की | एकल | |
| ८ | कारागार अवस्था | २०६६/९/२६ | जिल्ला कारागार शाखा, कास्की | एकल | |
| ९ | मानव अधिकारकर्मी, नागरिक समाजको आयोजनामा र्‍याली | २०६६/११/५ | पोखरा | एकल | |
| १० | नेकपा एमाले समर्थित मजदुर सङ्गठनद्वारा आयोजित र्‍याली | २०६७/१/१८ | पोखरा, कास्की | एकल | |
| ११ | एनेकपा (माओवादी)द्वारा आयोजित र्‍याली | २०६७/१/१८-२० सम्म | पोखरा, कास्की | एकल | |

| क्र.सं. | अनुगमनको विषय | अनुगमन मिति | अनुगमन स्थान | सहकार्य वा एकल | कैफियत |
|---|---|---|---|---|---|
| १२ | एनेकपा (माओवादी)द्वारा आयोजित आमहडतालको क्रममा मजदुरहरूमाथिको आक्रमण | २०६७/१/२१ | पोखरा, कास्की | एकल | |
| १३ | एनेकपा (माओवादी)द्वारा आयोजित आमहड्तालको क्रममा विभिन्न जिल्लाबाट आएका नेता/ कार्यकर्ताहरू राखिएका स्थान एवम् उनीहरूको स्वास्थ्यस्थिति | २०६७/१/२२ | कास्की | एकल | |
| १४ | सशस्त्र प्रहरी निरीक्षक तेजबहादुर चन्दको तालिमको सिलसिलामा पोखरीमा डुबेर मृत्यु भएको भनिएको घटना | २०६७/२/२६ | पोखरा | एकल | |
| १५ | आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार कार्यकर्तामाथि कुटपिट | २०६७/३/३-७ सम्म | गोरखा | एकल | |
| १६ | वाईसीएलद्वारा नेकाका | २०६७/३/१५-१७ सम्म र पुन: २०६७/३/२१-२६ सम्म | गोरखा | एकल | |

## उपक्षेत्रीय कार्यालय, बुटवल

| क्र.सं. | अनुगमनको विषय | अनुगमन मिति | अनुगमन स्थान | सहकार्य वा एकल | कैफियत |
|---|---|---|---|---|---|
| १. | ज्यूधनको सुरक्षा तथा सकुशल रिहाइ | २०६६/४/१५–१७ सम्म | हात्तीखोर, नवलपरासी | एकल | |
| २. | वनमा सुकुम्बासीहरूले बनाएको टहरा सुरक्षाकर्मी आई भत्काएको | २०६६/८/२९–३० सम्म | कोपवा, कपिलवस्तु | एकल | |
| ३. | बालहत्या (अपहरणपछि हत्या गरिएकी ८ वर्षीया बालिका मनीषा हरिजको हत्या) | २०६६/९/२३ | मर्यादापुर- ३, रूपन्देही | एकल | |
| ४. | बाल अधिकारको अवस्था | २०६६/११/८–१४ सम्म | कपिलवस्तु/अर्घाखाँची | संयुक्त | केन्द्रीय र उपक्षेत्रीय कार्यालय |
| ५. | – समग्र मानव अधिकार र कारागारको अवस्था<br>– ४ जना व्यक्तिको हत्या | २०६६/११/२४-२८ सम्म | – पाल्पा – ठिमुरे ४, पाल्पा | एकल | |
| ६. | एसएलसी परीक्षा | २०६६/१२/१२-२० सम्म | विभिन्न ५ जिल्ला | एकल | |
| ७. | – एक मजदुरको हत्या<br>– नेकपा (एमाले)को जिल्ला पार्टी कार्यालयमा आगजनी | २०६७/१/८–१० सम्म | मकुन्दपुर, नवलपरासी | एकल | |
| ८. | हत्या | २०६७/०१/१४ गते | फुलिका गा.वि.स., कपिलवस्तु | एकल | |
| ९. | ग्रिनेटसहित पक्राउ परेका ऐनेकपा (माओवादी)का कार्यकर्ताको अवस्था | २०६७/१/१६-१७ सम्म | चितवन | एकल | |

| क्र.सं. | अनुगमनको विषय | अनुगमन मिति | अनुगमन स्थान | सहकार्य वा एकल | कैफियत |
|---|---|---|---|---|---|
| १०. | एनेकपा माओवादीद्वारा आयोजित आमहड्तालको बेलामा समग्र मानव अधिकारको अवस्था | २०६७/१/१८–२५ सम्म | रूपन्देही, पाल्पा, कपिलवस्तु | एकल | |
| ११. | डा. भक्तमान श्रेष्ठको अपहरण | २०६७/०२/१०-१२ सम्म | वीपी कोइराला ममोरियल क्यान्सर अस्पताल, चितवन | एकल | |
| १२. | एक व्यक्ति हराएको (सम्पर्कविहीन भएको) भनिएको सम्बन्धमा | २०६७/२/३०-३/२ सम्म | नवलपरासी, चितवन | एकल | |
| १३. | मृत्यु | २०६७/३/९ | बुटवल, रूपन्देही | एकल | |
| १४. | घरेलु (महिला) हिंसा | २०६७/३/१० गते | मधवलिया- ४, रूपन्देही | एकल | |
| १५. | वर्ष ११ का बालकको अपहरण | २०६७/०३/१६-१७ | नवलपरासी | एकल | |
| १६. | प्रहरी हिरासतमा मृत्यु | २०६७/३/२१ | शिवपुर बगाहा प्रहरी चौकी, रूपन्देही | एकल | |
| १७. | – घरेलु (महिला) हिंसा | ०६७/३/२२ गते | – पकौडी गाविस, कपिलवस्तु अभिराव गाविस- १, कपिलवस्त | एकल | |

## क्षेत्रीय कार्यालय, नेपालगञ्ज

| क्र.सं. | अनुगमनको विषय | अनुगमन मिति | अनुगमन स्थान | सहकार्य वा एकल | कैफियत |
|---|---|---|---|---|---|
| १ | द्वन्द्वपीडित सेना-प्रहरी राष्ट्रिय सङ्घर्ष समितिले आयोजना गरेको अनिश्चितकालीन पूर्वपश्चिम राजमार्ग बन्द | २०६६/४/२ | कोहलपुर, बाँके | एकल | |
